# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ११५

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-





## विद्यार्थीहरू अघि अघि दलहरू पछि पछि







राजसंस्था नसच्चिएकोले गणतन्त्रको नारा लागेको हो
- गुरू घिमिरे *अध्यक्ष, ने.वि.संघ*

माओवादीको नयाँ छाँटकाँट

नर्वेको संवैधानिक राजसंस्था कस्तो छ ?


30 MONTHS WARRANTY
नेपालमा सर्वाधिक बिक्री हुने कलर टि. भी.
DAEWOO
MADE IN KOREA*
XPERTRA - FLAT
DAEWOO
नेपालको एकमात्र २१" फ्ल्याट कलर टि.भी.
PIP / DCS
का साथ
Golchha Organisation
HIM ELECTRONICS PRIVATE LIMITED
20D4 (Rs.15,000/-)
14D4 (Rs.10,800/-)
21D4 (Rs.16,300/-)
20D9 (Rs.16,700/-)
14D9 (Rs.11,800/-)
21D9 (Rs.17,800/-)
21U8 (Rs.27,500/-)
25G5 (Rs.30,500/-)

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २२, पूर्णाङ्क- ११५
पुस-माघ - २०६०



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुईंटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुल्सीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी
**व्यापार प्रबन्धक**
श्रीवहादुर खड्का



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क- ३/८०, टेकू, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२११०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com

**मूल्य : रू. २५/-**




## विद्यार्थीहरू अघिअघि दलहरू पछिपछि




**यस्तो छ, नर्वेको संवैधानिक राजसंस्था**

## माओवादीको नयाँ छाँटकाँट

**राजतन्त्र नसच्चिए गणतन्त्रको नारा लाग्छ**

*- गुरू घिमिरे*





**ईश्वर पोखरेलसँग विशेष अन्तर्वार्ता**

■ भारतको निर्वाचन परिणाम र त्यसको सन्देश
■ रुसी चुनाव : यात्रा निरंकुशतातिर
■ कठघरामा सद्दाम र बुश


**हाम्रो मूल्यांकन**
● विद्यार्थी आन्दोलनले देखाएको बाटो ४
**घटना र प्रवृत्ति**
● भारतीय विमानस्थलमा ईश्वर पोखरेल थुनिँदा ५
● माओवादीको नयाँ छाँटकाँट *- विनोद ढुंगेल* १०
● भारतको निर्वाचन परिणाम र त्यसको सन्देश *- युवराज घिमिरे* १७
● रुसी चुनाव : यात्रा निरंकुशतातिर १९
● कठघरामा सद्दाम र बुश *- राजेन्द्र महर्जन* ३९
**अनुसन्धान**
● यस्तो छ, नर्वेको संवैधानिक राजसंस्था *- श्याम श्रेष्ठ* १३
**आवरण कथा**
● विद्यार्थीहरु अघिअघि दलहरु पछिपछि *- अमर गिरी* ६
● राजतन्त्र नसच्चिए गणतन्त्रको नारा त लाग्छ नै ! *- गुरु घिमिरे* ९
**टिप्पणी**
● एमालेका 'भने','यदि' र 'नत्र'हरुको लुतो *- खगेन्द्र संग्रौला* ४५
**गीत / संगीत**
● गीतको विषयमा चासो *- समीर थापा* २२
**कविता**
● तुच्छ जीवनको महान् गाथा *- आहुति* २३
**पर्दा रंगमञ्च**
● अबको इतिहास फरक हुनेछ *- सुरेश ढकाल* २४
● नवीन सुब्बामाथि अपेक्षाको भारी *- हरिगोविन्द लुइँटेल* २५
**जीवन-सन्दर्भ**
● पारिजात : व्यक्ति र कृति *- डी. आर. पोखरेल* २६
**किताब**
● आस्थापुन्जको प्रकाश २९
**अर्थतन्त्र**
● साफ्टाको सन्दर्भ र नेपालको विदेश व्यापार *- दीपेन्द्रबहादुर क्षेत्री* ३०
● सार्कमा कसको स्थिति के छ ? ३२
● नेपालको ताजा आर्थिक वृद्धिदर ३३
**विश्वग्राम :**
● फासीवादसम्बन्धी अवधारणा ३४
**स्वास्थ्य :**
● मूत्रप्रणालीको 'पत्थरी' *- डा. सरोज धिताल* ३७
**इतिहास :**
● के नेवारहरु जनजाति हुन् ? *- प्रा. माणिकलाल श्रेष्ठ* ४०
● राणाको बन्धन तोडेर गणेशमान यसरी भागे ! २१
**पाठकको कुरो** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९ । कभर फोटो : सात विद्यार्थी संगठनहरुको विरोध जुलुस । फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन : ४२४६१२२ । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ । कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ । (*सूचना : गएको अंकको कभर फोटो दीपेन्द्र बज्राचार्यको हुनुपर्नेमा अन्यथा भएकोले क्षमाप्रार्थी छौं । - मूल्यांकन*) ।

# विद्यार्थी आन्दोलनले देखाएको बाटो

**विद्यार्थीहरूले** अहिले सिंगो देशको आवाजको प्रतिनिधित्व गरिरहेछन् । आम जनताले चाहेको के हो, त्यो विद्यार्थीहरूको नारामा प्रतिबिम्बित भएको छ । त्यही हुनाले पुस १ गतेयता आन्दोलनप्रति जनआकर्षण निक्कै बढेको छ; आन्दोलनमा जन-सहभागिता पनि बढ्दो छ । अब कुन मागमा आन्दोलन संचालन गर्नुपर्दछ ? आन्दोलन कसरी प्रभावकारी, फलदायी र जनव्यापी हुनसक्छ ? आन्दोलनका अगुवामाथि धरपकड र दमन भयो भने त्यसको प्रतिकार कसरी गर्नुपर्दछ ? यी सबै सवालको सटिक जवाफ विद्यार्थीहरूले पुस १ गतेदेखि व्यावहारिक रूपमा सडकबाट दिएका छन् । साँच्चै भन्ने हो भने, अहिलेको आन्दोलनमा विद्यार्थीहरू अघिअघि छन्, राजनीतिक दलहरू पछिपछि छन् ।

विद्यार्थीहरूले उठाएको प्रश्न अत्यन्त जायज छ । नेपाली जनताले हमेशा राजालाई सम्मानीत स्थान दिन चाहेका हुन्; तर राजाचाहिँ बारम्बार जनतासित भएको सम्वैधानिक राजसंस्थाको सम्झौता एकतर्फी रूपमा तोडेर, धोका दिएर निरंकुश र सक्रिय राजतन्त्र स्थापना गर्न उद्यत हुन्छन् भने, जनताले मात्र कति पटक यस्तो धोका व्यहोरिरहने ? बारम्बार लोकतन्त्रको हत्या गर्ने राजसंस्थालाई जनताले मात्र कति दिन सम्मानपूर्वक काँधमा बोकिरहने ? त्यसैले, दरबारको सोलोडोलो एजेण्डा सक्रिय र निरंकुश राजतन्त्र हुन्छ भने जनताको सोलोडोलो एजेण्डा गणतन्त्र नै हुनुपर्छ । विद्यार्थीहरूले उठाएको मुख्य सवाल यही हो । यो सवाल नेपालको कटु यथार्थमा आधारित छ र सही छ । २००७ सालदेखि २०६० सालसम्मको नेपालको लोकतन्त्रको अभ्यासको इतिहासले यही तथ्यलाई बारम्बार सही प्रमाणित गरेको छ ।

२००७ सालमा राणाहरूद्वारा गद्दीच्यूत गरिएका राजालाई नेपाली जनताले नै काँधमा राखेर सिंहासनारूढ गराएका हुन् । सिंहासनमा बस्दाको घडीमा राजाबाट निर्वाचित विधानसभाले बनाएको गणतन्त्रात्मक संविधानअन्तर्गत बस्छु भनेर आमजनतासमक्ष सार्वजनिक कबोल भएको हो । तर कबोल अनुसारको विधानसभाको चुनाव कहिल्यै गराइएन र, गणतान्त्रिक संविधान पनि कहिल्यै बनेन । २०१० साल नपुग्दै आफ्ना सारा प्रतिवद्धता बिर्सेर राजाले फेरि सारा राज्याधिकार आफ्नो हातमा खोसेर लिए । जनताका लोकतान्त्रिक हकहरूमाथि पुन नियन्त्रण कायम भयो । विधानसभाकै चुनावको निम्ति आम जनताले सडक आन्दोलन गर्नुपर्ने स्थिति आयो । जनतामाथि दरबारबाट भएको यो पहिलो धोका थियो ।

विधानसभाको चुनावको निम्ति जनताबाट भएको सशक्त आन्दोलनको दवावको प्रत्युत्तरमा २०१५ सालमा राजाबाट जनतासमक्ष अर्को प्रतिवद्धता जाहेर भयो- म फेरि सम्वैधानिक राजसंस्था भएर बस्छु, तर संविधानचाहिँ विधानसभाले बनाएको होइन, मैले जारी गरेको हुनुपर्छ भनेर । नेपाली जनताले राजाको यो कुरालाई पनि स्वीकार गरे । तर तीन वर्ष पनि नपुग्दै २०१७ साल पुष १ गते राजाबाट त्यो प्रतिवद्धतालाई एकतर्फी रूपमा भंग गर्ने कार्य भयो, निर्वाचित सरकारलाई पदच्यूत गरियो, आफैले दिएको संविधान आफैले निल्ने काम भयो । यो नेपाली जनतामाथि भएको दोस्रो ठूलो धोखाधडी थियो ।

तीसौं वर्षको प्रयत्न र संघर्षपछि २०४६ सालमा नेपाली जनताले निर्णायक लोकतान्त्रिक आन्दोलन संचालन गरे । त्यसैको दवावमा आएर राजाले पुनः जनतासमक्ष वाचा गरे- अब म बिल्कुलै सम्वैधानिक राजा भएर बस्छु, अब उप्रान्त राज्यशक्तिको स्रोत जनता हो र सार्वभौमसत्ता जनतामा निहित छ, संविधान चाहिँ मेरा मान्छे र जनताका मान्छे मिलेर बनाउन् भनेर । जनताले राजाको यो प्रस्तावलाई पनि स्वीकारेर त्यही बमोजिमको संविधान बन्यो । तर १२ वर्ष पनि नबित्दै पोहोर असोज १८ गते राजाबाट फेरि आफ्नो बचनवद्धताको उल्लंघन भयो । निर्वाचित सरकारलाई असम्वैधानिक तवरले पदच्यूत गरियो । संविधानलाई मृतप्रायः बनाइयो । शासन सत्ता बलपूर्वक आफ्नो हातमा लिइयो र भनियो- राज्यसत्ता मैमा निहित छ । यो तेस्रो ठूलो धोका थियो- नेपाली जनताले राजसंस्थाबाट पाएको ।

तसर्थ, विद्यार्थीहरूले ठीकै आवाज उठाएका हुन्- तीन-तीनपटक त नेपाली जनताले राजसंस्थाबाट ठूलो धोका पाइसके, अब कति पटक थप धोखा पाउने ? बारम्बार जनतालाई धोखा दिने संस्थालाई किन सम्मान दिएर बाँकी राख्ने ? किन अब कहिल्यै धोका नहुने स्थिति पैदा नगर्ने ? त्यसका निम्ति किन अब गणतन्त्रको शरणमा नजाने ?

कुरो विचारणीय छ । किनकि, जनताले बारम्बार राजसंस्थालाई 'राष्ट्रिय एकताको प्रतीक' भनेर सम्मानीत गर्न चाहे । तर यथार्थमा राजसंस्था नेपालमा राष्ट्रिय फूटको प्रतीकमात्र बनिरहेको छ । पार्टीहरूलाई, पार्टीभित्र पनि विभिन्न गुटहरूलाई आपसमा मिल्न नदिने, उनीहरूबीच फुट पार्न भूमिका खेल्ने र उनीहरूको

> **नेपालको राजसंस्था यूरोपमा भैं कहिल्यै पनि आफ्नो बचन र आफूले जनतासित गरेको सम्वैधानिक राजसंस्थाको सम्झौताप्रति इमान्दार देखिएको छैन**

फूटको धमिलो पानीमा आफ्नो सत्ताधिकारको माछा मार्ने कार्य नै त दरबारबाट बारम्बार भइरहेछ । २३४ वर्ष लामो नेपालको राजसंस्थाको छत्रछायाँमा एउटा वर्ग, एउटा धर्म, एउटा भाषा, एउटा जाति, एउटा लिंग मात्रैले त राज्यबाट विशेषाधिकार पाइरह्यो । बाँकी सबै उपेक्षित र पाखा परेका वर्ग, जाति, भाषा, धर्म, लिंगले त राष्ट्रिय एकताको घेरोमा आउने अवसर नै कहिल्यै पाएनन् । अनि कसरी बन्यो त राजसंस्था "राष्ट्रिय एकताको प्रतीक" ? बरु नेपाली जनता नै राष्ट्रिय एकताका प्रतीक हुन्, किनकि यत्रो फूटको प्रयत्नको बावजूद पनि उनीहरू अहिलेसम्म मिलेर बसे ।

हामीले राजसंस्थालाई हमेशा लोकतन्त्र र लोकतान्त्रिक संविधान तथा संस्थाहरूको संरक्षकका रूपमा सम्मान दिने प्रयत्न गर्यौं । तर इतिहास साक्षी छ, नेपालमा राजसंस्थाबाट हमेशा लोकतन्त्र र लोकतान्त्रिक संविधान तथा संस्थाहरूलाई अजिंगरले मृग निलेझैं सशरीर निल्ने कार्य मात्र भयो ।

यी सब परिप्रेक्ष्यमा विद्यार्थीहरूले ठीकै मूल्यांकन गरेका छन् । अब नेपालमा यूरोपमा जस्तो राजसंस्था र लोकतन्त्र एकसाथ अस्तित्वमा रहन सक्दैनन् । किनभने जनताबाट सबैधानिक राजसंस्थाको रूपमा जतिसुकै सम्मानीत भएपनि राजसंस्था बारम्बार निरंकुश राजतन्त्रतिरै फर्कन उद्यत छ । दोष नेपाली जनताको होइन, राजसंस्थाको हो, किनकि नेपालको राजसंस्था यूरोपमा झैं कहिल्यै पनि आफ्नो बचन र आफूले जनतासित गरेको सम्वैधानिक राजसंस्थाको सम्झौताप्रति इमान्दार देखिएको छैन । एक्काइसौं शताब्दीमा पनि ऊ सक्रिय राजतन्त्रको असंभव सपना देखिरहेछ ।

यो परिप्रेक्ष्यमा विद्यार्थीहरूले पुस १ गते यताको आन्दोलनमा उठाएको आवाज र देखाएको बाटो उचित छ । उनीहरूले ठीकै भनेका छन्- यदि राजसंस्था हमेशा सक्रिय राजतन्त्रको बाटो रोज्छ भने जनता पनि गणतन्त्रको बाटो रोज्न बाध्य छन् । सम्पूर्ण राजनीतिक दलहरूले विद्यार्थीहरूले उठाएको यो आवाजलाई आफ्नो आवाज बनाउनुपर्छ र उनीहरूले देखाएको लोकतान्त्रिक बाटोमा पछुवाको रूपमा होइन अगुवाको रूपमा हिंड्नुपर्छ । तर उनीहरूले विद्यार्थीको आवाजलाई केवल सत्ताको भरेङ्ग वा घुर्कीको रूपमा मात्र प्रयोग नगरून् । अबको संविधान कदापि फेरि फेरि पनि खोसेर लिन सकिने खालको बकसको जदौरी संविधान नहोस्, राजा त्रिभुवनले २००७ फागुन ७ गते घोषणा गरेजस्तो यो जनताले चुनेका प्रतिनिधिद्वारा निर्मित विधानसभाले बनाएको संविधान होस् । अब सार्वभौम जनताहरूले नै निर्णय गरून्- नेपालमा राजसंस्था आवश्यक छ कि छैन ? ❑



# भारतीय विमानस्थलमा ईश्वर पोखरेल थुनिँदा

*भारतमा बसेका प्रवासी नेपालीहरूको संगठनको कार्यक्रममा भाग लिन नेकपा एमाले स्थायी समितिका सदस्य इश्वर पोखरेल यही पुस ११ गते दिल्ली जानुभएको थियो । त्यहाँको कार्यक्रम सकिएपछि पुस १४ गते नेपाल फर्कने क्रममा दिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा सबै प्रक्रिया पूरा गरिसकेपछि जहाज चढ्ने तरखरमा रहँदा 'इमिग्रेसन सेक्युरिटीका मानिस हौं' भन्दै ८-१० जना मानिसहरू आएर 'केही सोधपुछ गर्नुछ, तपाईं आज जान सक्नुहुन्न' भनेर लिएर गए । र, उहाँलाई त्यहीं इमिग्रेसनको अफिसमा १४ घण्टासम्म राखियो । त्यसै सम्बन्धमा उहाँसँग मुक्ता श्रेष्ठले गरेको छोटो कुराकानी यहाँ प्रस्तुत गरिएको छ ।*

**● हालै भारतीय सुरक्षा अधिकारीहरूले १४ घण्टासम्म तपाईंलाई हिरासतमा राखेर गरेको सोधपुछको घटनालाई तपाईंले कसरी लिनुभएको छ ?**

- भारतमा मलाई जुन किसिमले गिरफ्तार गरियो र हिरासतमा राखियो त्यो भारतको नेपालप्रतिको हेपाहा प्रवृत्तिबाट अभिप्रेरित छ । यो अन्तरराष्ट्रिय, भारतीय र नेपाली कानून तथा सामान्य कुटनीतिक मर्यादा विपरीत काम हो । यो भारत र नेपालबीचको द्विपक्षीय सम्बन्धलाई कमजोर बनाउने कुरा पनि हो । भारतबाट यो कुरा हुनुहुन्नथ्यो । त्यसकारण भारतीय पक्षले यो कामलाई गम्भीरतापूर्वक लिनुपर्दछ र त्यस कामप्रति दुःख व्यक्त गरेर कुटनीतिक शिष्टाचार देखाउनुपर्दछ ।

**● के होला त यो गिरफ्तारीको वास्तविक कारण ?**

- यो गिरफ्तारीको बारेमा म ठ्याक्कै त भन्न सक्तिन । चाहे भने भारतीय पक्षले नै राम्ररी भन्न सक्लान् । तर मलाई के लाग्छ भने केही समय पहिले हाम्रो पार्टी र माओवादीबीच भएको लखनउ वार्तापछि नेपालको माओवादी समस्याप्रति भारतले द्वैध मापदण्ड राखेको कुरा सार्वजनिक रूपमा बाहिर आयो । कुटनीतिक क्षेत्रमै भारतबारे धेरै प्रश्नहरू उठे र उठाइए । त्यसबाट भारतको कुटनीतिक क्षेत्रमा आँच पनि आयो । यसबाट उनीहरूमा चिड्चिडाहट नै पैदा भयो । त्यही कुराको क्षतिपूर्तिको लागि मलाई गिरफ्तार गरिएको हुनुपर्छ ।

**● भारतीय राजदूतावासले त तपाईं माओवादीहरूसँग भेट्न जानुभएको शंका लागेर साधारण सोधपुछ मात्र गरिएको हो, भन्छ त ?**

- सबभन्दा पहिले त भारतीय राजदूतावासले गलत सूचनाहरू सम्प्रेषण गरेको छ । यसप्रति मेरो गम्भीर आपत्ति छ । किनभने यथार्थ त्यस्तो होइन । सुरक्षा अधिकारीहरूले मलाई अमर्यादित ढंगले नियन्त्रणमा लिएका हुन् । डिसेम्बर २९ तारिखको बेलुका ९ बजेदेखि ३० तारिखको विहान साँढे ११ बजेसम्म सम्पूर्ण रूपमा म उनीहरूको नियन्त्रणमा थिएँ । यसलाई ढाकछोप गर्ने दिशातिर भारतीय राजदूतावासको कुरा आएको छ । दोस्रो, उनीहरूले मैले माओवादीसंग भेटेको भनेर जुन कुरा भनेका छन्, त्यसलाई म चुनौती दिन्छु- यो कुरामा राजदूतावासका कर्मचारीहरूले बोल्नुको कुनै अर्थ नै छैन, त्यहांका गृहमन्त्री र प्रधानमन्त्रीले नै बोलून् । म त संवेदनशील र उच्च सुरक्षा प्रबन्ध भएको भारतको राजधानी दिल्लीमा भारतमै रजिष्टर भएको प्रवासी नेपालीहरूको संगठनले आयोजना गरेको कार्यक्रममा गएको मान्छे हुँ । त्यो कार्यक्रम गर्न प्रवासी नेपाली संघले भारतीय सरकारलाई पूर्वसूचना गरेको छ र अनुमति लिएको छ । तेस्रो कुरा, माओवादीसँग भेट्ने मेरो पूर्व निर्धारित कार्यक्रम नै होइन । फेरि, यदि माओवादीहरू भारतीय भूमिमा छन् भने तिनीहरूसंग भेट्नु कसरी गैरकानूनी हुन्छ ? नेपाल-भारतको सन्धि-सम्झौताअनुसार नेपालीहरू जुनसुकै समयमा पनि भारतको भूभागमा जान सक्छन् र जोसँग पनि भेट्न सक्छन् । यदि माओवादीहरू आतंककारी र अराजक गतिविधिमा लागेका छन् भने भारतले उनीहरूमाथि कस्तो व्यवहार गर्नुपर्छ त्यो उनीहरूको कुरा हो । त्यसैले भारतीय राजदूतावासबाट आएको कुरा एक त गलत सूचना र तथ्यविपरित छ, दोस्रो दुई देश बीचको सन्धि-सम्झौता र कानूनी प्रावधानलाई बेवास्ता गरेर त्यसको बर्खिलाफ बोलिएको छ ।

> भारतमा मलाई जुन किसिमले गिरफ्तार गरियो र हिरासतमा राखियो, त्यो भारतको नेपालप्रतिको हेपाहा प्रवृत्तिबाट अभिप्रेरित छ ।
> 
> - ईश्वर पोखरेल

**● त्यहाँ तपाईंसँग के कस्ता प्रश्नहरू सोधिए र कस्तो व्यवहार गरियो ?**

- उनीहरूले मलाई पहिले दिल्लीमा म किन गएँ ? कहाँ कहाँ गएँ ? कुन कुन कार्यक्रममा भाग लिएँ ? भन्ने प्रश्नहरू गरे । दोस्रो चरणमा, लखनउमा माधव नेपालले माओवादीहरूसँग वार्ता गरेका कुरामा विशेष चासो देखाए । त्यसमा उनीहरूसँग के के कुराहरू भए ? माओवादीसित एमाले मिल्दैछ ? तपाईंहरू संविधानसभामा किन जानुहुन्न ? संविधानसभामा जाँदा के आपत्ति छ ? जस्ता प्रश्नहरू गरे । तेस्रो कुरा, त्यहाँ मलाई बयान लिंदा सामान्य कूटनीतिक मर्यादाको समेत ख्याल गरेनन् । उनीहरूले मसँग 'हिरासतमा राखिएको व्यक्तिसँग केरकार गरेजस्तै केरकार गरे । यो क्रम रातको २ बजेसम्म चल्यो । त्यसपछि उनीहरूले मसंग भएको झोला एक एक गरी चेक गरे र त्यसमा भएका सबै कागजपत्रहरू, मेरा निजी चिट्ठीपत्रहरू समेत खोलेर हेरे, र सबै फोटोकपी गरेर राखे । मलाई कसैसँग सम्पर्क राख्नसमेत दिइएन । त्यहाँ मेरो खाने र सुत्ने कुरामा समेत कुनै चासो राखिएन, रातभरि मैले सोफामै जाग्राम बस्नु पऱ्यो ।

**● यो घटनापछि अब भारतसँगको तपाईंहरूको सम्बन्ध कस्तो हुन्छ त ?**

- हामी त चुनौती र सम्भावना झण्डैझण्डै उस्तै भोग्दै आएका मुलुक हौं । त्यसैले हाम्रो भारतसँगको सम्बन्ध अमूल्य छ । नेपाली र भारतीय जनताबीच तथा दुई देश बीचको कुटनीतिक सम्बन्ध राम्रो हुनुपर्छ भन्ने नै हाम्रो मान्यता हो । तर यो सम्बन्ध समानता, सद्भावना र मर्यादामा आधारित हुनुपर्छ । धेरै र थोरै जनसंख्या, विकसित र अविकसित, ठूलो र सानो राष्ट्रको बीचमा भिन्नता गरेर सम्बन्ध तय गरिनु हुँदैन । असमानता र अपमानजनक सम्बन्ध भयो भने त्यो सम्बन्ध बिग्रिन्छ । हामी यस्तो खालको सम्बन्ध चाहँदैनौं । त्यसैले अहिले भारतको व्यवहारको बारेमा जे प्रश्न उठाएका छौं, त्यो नेपाल र भारतबीचको सम्बन्ध सुदृढ र प्रगाढ होस् भनेर नै उठाएका हौं । ❑



फोटो : नेपाल न्यूज डट कम

# विद्यार्थीहरू अघिअघि दलहरू पछिपछि

**युद्ध र प्रतिगमनको अन्त्यका निम्ति जनताका परिवर्तनकामी आकांक्षाहरू प्रतिविम्बित हुने गरी नयाँ संविधानको निर्माण आवश्यक छ ।**

**— अमर गिरी —**

आन्दोलनमा संयुक्त रूपमा उत्रिएका पाँच राजनैतिक दलहरू तीन महिनापछि पुनः आन्दोलनमा उत्रिएका छन् । प्रतिगमनका विरूद्ध आठ महिनासम्म निरन्तर चलेको आन्दोलन कुनै ठोस उपलब्धिविना टुङ्गिएको तीन महिनापछि पुनः शुरू भएको आन्दोलन कुन रूपमा अगाडि बढ्ला र परिणाम कस्तो होला भन्ने आम जिज्ञासाका बीच आन्दोलनका पूर्व घोषित केन्द्रीय कार्यक्रमहरू सम्पन्न भएका छन् ।

> कांग्रेसका महामन्त्री सुशील कोइरालाले भन्नुभयो : "हामी आन्दोलनका लागि विद्यार्थीहरुको पछि पछि हिंड्न पनि तयार छौं'

कार्यक्रमअनुसार दलहरूले पुस १ गते अधिराज्यभर कालो झण्डा देखाउँदै विरोध प्रदर्शन गरे भने पुस ६ गते प्रतिगमनको विरोध तथा शान्ति, प्रजातन्त्र र मानव अधिकारका पक्षमा युवा विद्यार्थीहरूले काठमाण्डौ लगायत मुलुकका महत्वपूर्ण ठाउँहरूमा विरोध जुलुस तथा सभाहरू सम्पन्न गरे । पुस १३ गते पाँच दलहरूको संयुक्त आयोजनामा राजधानी लगायत देशका विभिन्न भागहरूमा जुलुस प्रदर्शन तथा आमसभाहरू सम्पन्न गरिए ।

पुस १ गतेको कार्यक्रममा राजा, राजपरिवार र राजतन्त्रका विरूद्धमा नारा लगाएको आरोपमा पुस १ गते साँझ नै ने.वि. संघका अध्यक्ष गुरू घिमिरे, महासचिव गगन थापा र एमाले निकट अनेरास्ववियुका पुरूषोत्तम आचार्यलाई प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएकाहरूलाई सरकारले राजद्रोहको आरोप लगायो र मुद्दा चलायो । सरकारको यस कदमका विरूद्ध विद्यार्थीहरूले सशक्त संघर्षको घोषणा गर्दै आफ्ना नेताहरूमाथि लगाइएको मुद्दा फिर्ता लिन र रिहा गर्न माग गरे । आफ्ना नेताहरूको रिहाइका निम्ति गरिएको संघर्षको घोषणाअनुरूप देशका विभिन्न भागहरूमा विद्यार्थी संघर्षले उग्ररूप धारण गऱ्यो । काठमाण्डौ लगायत पोखरा, चितवन, विराटनगर, बुटवल, नेपालगंजजस्ता महत्वपूर्ण शहरहरूमा विद्यार्थी आन्दोलन सशक्त र प्रभावशालीमात्र रहेन, त्यो सिधै राजतन्त्रको अन्त्य र गणतन्त्रको माग गर्दै सरकारी दमनको प्रतिरोधमा समेत ओर्लियो । सुरक्षा बलसँगको मुठभेडमा दर्जनौं विद्यार्थीहरू घाइते भए भने दर्जनौं गिरफ्तार गरिए । विद्यार्थी आन्दोलनको दमनका निम्ति प्रहरीमात्र सडकमा उतारिएन, सशस्त्र प्रहरी बल र सेनासमेत प्रयोग गरियो । सुरक्षाकर्मीहरूले क्याम्पसभित्रै प्रवेश गरेर आन्दोलनलाई दमन गर्ने प्रयाससम्म गरे । नेताहरूको रिहाइ, प्रतिगमनको समाप्ति र जनअधिकारको बहालीका निम्ति विद्यार्थीहरूद्वारा घोषणा गरिएको प्रतिरोधात्मक आन्दोलनका क्रममा नारायणगढमा सेनाले जुलुसमाथि गोलीसमेत चलाउन पुग्यो भने काठमाण्डौको अस्कल क्षेत्रमा पनि सेनाले गोली चलायो । ठाउँ ठाउँमा विद्यार्थीहरूमाथि लाठी चार्ज गरियो तर विद्यार्थीहरूको

प्रतिरोधात्मक आन्दोलन रोकिएन । त्यो अझै चर्कँदै गयो । तोडफोड र मुठभेड बढ्दै गयो । अन्ततः बाध्य भएर पुस ९ गते सरकारद्वारा विद्यार्थी नेताहरूमाथि लगाइएको राजद्रोहको मुद्दा फिर्ता लिइयो र रिहा गरियो । तर विद्यार्थीहरूले आन्दोलन फिर्ता लिएनन्, सरकारले गिरफ्तारीवापत क्षमा नमागेसम्म, प्रतिगमन नसच्चिएसम्म आन्दोलन जारी रहने बताए ।


गिरफ्तारीबाट छुटेपछि विद्यार्थी नेताहरु : नेविसंघका गुरुराज घिमिरे, गगन थापा र अखिलका पुरुषोतम आचार्य (बीचमा)
फोटो : नेपाल न्यूज डट कम

## कस्तो रह्यो त आन्दोलन ?

मंसिर २६ गते प्रतिगमनका विरूद्ध आन्दोलनको घोषणा गर्दा 'अधिकार फिर्ता नलिएसम्म' आन्दोलन जारी रहने बताउँदै पुसभरि विरोध कार्यक्रम गरी कार्यकर्ता क्रियाशील बनाउने र माघमा परिणाममुखी आन्दोलन अघि बढाउने बताइएको थियो । कार्यक्रमको घोषणापछि पत्रकारहरूसँग कुरा गर्दै एमाले महासचिव माधव नेपालले भन्नुभएको थियो : "आन्दोलनलाई सशक्त र परिणाममुखी बनाउन पाँच दलले एक महिने वार्मअप कार्यक्रम ल्याएका छन् ।" त्यसैगरी कांग्रेस सभापति कोइरालाले भन्नु भएको थियो : "आन्दोलनले मात्र निकास दिन्छ, अब आन्दोलन सशक्त हुन्छ, सशक्त आन्दोलनको अब कुनै विकल्प छैन ।"

पुसको शुरूबाटै पुनः शुरू भएको प्रतिगमनविरोधी विरोधप्रदर्शन राजधानीमा उल्लेख्य जनसहभागिताका साथ सम्पन्न भए पनि राजधानीबाहिर कार्यक्रमहरू सामान्य रूपमा नै सम्पन्न भए । विद्यार्थीहरूको आन्दोलन भने सशक्त र जुझारू देखियो । विद्यार्थीहरूको आन्दोलन यस पटक धेरै कोणबाट उल्लेख्य रह्यो । विद्यार्थीहरूको आन्दोलनले कार्यकर्ताको भावना के छ भन्ने कुरामात्रै व्यक्त गरेन, आन्दोलनलाई कसरी परिणाममुखी बनाउन सकिन्छ भन्ने सन्देशसमेत दियो । विद्यार्थीहरूले प्रतिगमनका नायकका विरूद्ध त तीखो नारा लगाए नै, आफ्ना दलका नेताहरूलाई खुट्टा नकमाउन समेत चेतावनी दिए । महासचिव नेपालको कथन यस सन्दर्भमा सत्य सावित भएको छ यतिबेला । पुसको चिसोमा युवा विद्यार्थीहरू साँच्चिकै तातिएका छन् । तर अझै पनि आम कार्यकर्ताहरू तातिएको स्थिति छैन र जनसहभागिता न्यून नै छ र आन्दोलन मूलतः उपत्यकाकेन्द्रित भइरहेछ । अहिलेसम्म सम्पन्न भएका विरोध कार्यक्रममा विद्यार्थीहरूको उपस्थिति र भूमिका महत्वपूर्ण रहेको छ र उनीहरूको भूमिकाकै कारण विगतका आन्दोलनहरूभन्दा यो आन्दोलन पृथक अनुभव भइरहेको छ ।

> "आन्दोलनलाई सशक्त र उपलब्धिमूलक बनाउन आन्दोलनको दायरालाई फराकिलो बनाउनुपर्छ। नेपाली कांग्रेस (प्रजातान्त्रिक) र वाममोर्चालाई मात्र होइन, शान्ति तथा प्रजातन्त्रका पक्षमा उभिने सबैलाई आन्दोलनमा समेट्नुपर्छ ।'

## के संकेत गर्छ विद्यार्थी आन्दोलनले ?

यस पटकको आन्दोलनमा विद्यार्थीहरूले खुलेरै राजतन्त्रका विरूद्ध चर्का नाराहरू लगाए र गणतन्त्रको माग गरे । राजतन्त्रको विरोध र गणतन्त्रको पक्षमा नारा लगाउँदा गिरफ्तार गरिएका र राजद्रोहको मुद्दा लगाइएका विद्यार्थी नेताहरू प्रतिरोध आन्दोलनको प्रचण्ड दबावबाटै हिरासतबाट मात्र मुक्त भएनन्, राजद्रोहको अभियोग समेतबाट मुक्त भए । यस क्रममा विद्यार्थीहरूले प्रतिगमनका नायकका विरूद्ध त आफूलाई दृढतापूर्वक उभ्याए नै, आफ्ना दलहरूको खुलेर आलोचना गर्दै आन्दोलनको उपयुक्त नीति तथा कार्यक्रमहरू तय गर्न आह्वान समेत गरे । विद्यार्थीहरू अघि अघि, दलहरू पछि पछि ! गजबको दृश्य देखियो यसपटक ! यही स्थितिलाई अनुभूत गर्दै नेपाली कांग्रेसका महामन्त्री सुशील कोइरालाले पुस १३ गतेको विरोध सभामा भन्नुभयो : "युवा विद्यार्थीहरूको आन्दोलनलाई हाम्रो पूर्ण समर्थन छ र हामी आन्दोलनका लागि विद्यार्थीहरूको पछि पछि हिंड्न पनि तयार छौं ।"



पाँच पार्टीको जुलुस

विद्यार्थीहरूले लगाएका नारा, व्यक्त गरेका विचार र त्यसबाट उनीहरूको आन्दोलनले प्राप्त गरेको ऊर्जालाई गम्भीरतापूर्वक नियाल्नु आवश्यक छ- आन्दोलनरत राजनैतिक दलहरूले । अहिलेसम्म आन्दोलनको जेजस्तो स्वरूप निर्धारण गरिएको छ र जसरी त्यसलाई हिंडाउन खोजिएको छ यसले न त प्रतिगमनलाई परास्त गर्न सक्नेछ, न त आफ्ना कार्यकर्ता तथा आम जनमतलाई प्रभावित गर्न सक्नेछ भन्ने गहकिलो सन्देश दिन्छ विद्यार्थी आन्दोलन र उनीहरूबाट व्यक्त विचार तथा भावनाले । त्यसैले दलहरूले आन्दोलनको गम्भीर समीक्षा गर्दै सुस्पष्ट गन्तव्यसहितको आन्दोलनको नीति तथा कार्यक्रम तय गर्नु जरूरी छ ।



*विद्यार्थीहरुको विरोध प्रदर्शन र आगजनी*

फोटो : नेपाल न्यूज डट कम

**दलहरूले आन्दोलनमा रहेका त्रुटीहरूलाई सच्याउँदै वर्तमान संकटलाई सम्बोधन र समाधान गर्नेसक्ने नीति तथा कार्यक्रम अगाडि सार्नु आवश्यक छ । अहिलेसम्म यस्तो भएको पाइँदैन ।**

### के हुन् त आन्दोलनका त्रुटिहरू ?

आन्दोलन अपेक्षाअनुरूप अगाडि बढ्न सकेको छैन, अपेक्षाअनुरूप अगाडि बढ्न नसकेको आन्दोलनबाट ठोस उपलब्धि प्राप्त हुनसक्ने कुरा पनि भएन । त्यसैले आन्दोलनको कार्यक्रम, स्वरूप र विस्तारलाई लिएर आन्दोलन शुरू भएयता व्यापक टिप्पणीहरू भएका छन् । वर्तमान संकटको अग्रगामी निकासलाई केन्द्रविन्दुमा राखेर गरिएका यस्ता टिप्पणीहरूप्रति संयुक्त रूपमा आन्दोलनरत राजनैतिक दलहरू गम्भीर हुनु आवश्यक छ । आफ्नै पार्टीका कार्यकर्ता, बुद्धिजीवी, नागरिक समाज र मानव अधिकारवादीहरूबाट उठिरहेका यस प्रकारका टिप्पणीहरूप्रति गम्भीर भएर नै शान्ति र प्रजातन्त्रका पक्षमा चलिरहेको आन्दोलनलाई उपलब्धिमूलक बनाउन सकिने छ । यसका निमित्त दलहरूले आन्दोलनमा रहेका त्रुटीहरूलाई सच्याउँदै वर्तमान संकटलाई सम्बोधन र समाधान गर्नेसक्ने नीति तथा कार्यक्रम अगाडि सार्नु आवश्यक छ । अहिलेसम्म यस्तो भएको पाइँदैन ।

अहिले समस्याका दुईवटा गम्भीर पाटाहरू छन् : प्रतिगमन र सशस्त्र विद्रोह । समस्या समाधानका दृष्टिले यी दुईवटै पाटाहरू अन्तरसम्बन्धित छन् । न त प्रतिगमन सच्चिएरमात्र समस्या समाधान हुनेछ, न त युद्धको अन्त्य भएरमात्रै । जनता युद्धको अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनामात्र चाहिरहेका छैनन्, व्यापक आर्थिक, सामाजिक, राजनीतिक परिवर्तन पनि चाहिरहेका छन् । राज्य संरचनामा व्यापक परिवर्तन र मुलुकको समग्र रूपान्तरण संकट समाधानको वस्तुगत आवश्यकता हो यतिबेला । यस वास्तविकतालाई सम्बोधन गर्ने गरी तय गरिने नीति तथा कार्यक्रमले नै आन्दोलनलाई सुनिश्चित दिशा र गन्तव्य प्रदान गर्नेछ र आन्दोलनमा व्यापक सहभागिता पनि बढ्नेछ । जनसागर सहितको शक्तिशाली आन्दोलन नै उपलब्धिमूलक पनि हुनेछ ।

युद्ध र प्रतिगमनको अन्त्यका निम्ति जनताका परिवर्तनकामी आकांक्षाहरू प्रतिविम्बित हुने गरी नयाँ संविधानको निर्माण आवश्यक छ । स्पष्ट छ, जुन उद्देश्यहरूसहित माओवादी सशस्त्र विद्रोह शुरू भएको छ, त्यसलाई आमसहमतिका आधारमा परिवर्तनको एउटा विन्दुमा लगेर नटुङ्ग्याइकन विद्रोहको अन्त्य सम्भव छैन । विद्रोहको अन्त्य नभए न त शान्तिको स्थापना नै हुनेछ न त प्रतिगमन नै सच्चिनेछ । प्रतिगमन नेपालमा चल्ने गरेको लोकतान्त्रिक आन्दोलनलाई पूर्ण बनाउन नसक्नुको परिणाम हो । सधैं सत्तामा रहँदै आएको सामन्ती अभिजात्य वर्गबाट साँचो अर्थमा सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुन नसक्दासम्म प्रतिगमनको यो सिलसिला जारी रहने छ र यसले सिंगो मुलुकको आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक रूपान्तरणलाई गम्भीर नकारात्मक असर पारिरहने छ । माओवादी विद्रोह मुलुकले लोकतान्त्रिक रूपान्तरणको प्रक्रियालाई समग्रतामा अवलम्बन गर्न नसक्दाको परिणाम हो । सत्ताको बागडोर हातमा लिएर बसेको सामन्ती अभिजातवर्ग समाज रूपान्तरणको मूल बाधक हो । त्यसैले आन्दोलनरत राजनैतिक दलहरूले लोकतन्त्रलाई पूर्ण बनाउँदै नेपाली समाजको व्यापक रूपान्तरणको मार्ग प्रशस्त गर्ने संयुक्त नीति तथा कार्यक्रम अगाडि सार्नु आवश्यक छ ।

संयुक्त आन्दोलनको एउटा ठूलो घटक नेपाली कांग्रेसमै यस विषयमा निक्कै ठूलो द्विविधा र अलमल छ । बाहिरबाट मात्र होइन कांग्रेसभित्रबाटै यस विषयमा पर्याप्त टिप्पणीहरू भइरहेका छन् । कांग्रेसका नेता नरहरि आचार्य भन्नुहुन्छ : "मुलुकले व्यहोरेका संकटलाई निकास दिन पनि विद्यमान परिस्थितिमा लोकोन्मुख राजनीतिक बाटो खोज्नु कांग्रेसको राष्ट्रिय दायित्व भएको छ ।" आचार्यको कथनले स्पष्ट गर्छ, कांग्रेसले अझैसम्म आफूलाई त्यस रूपमा प्रस्तुत गर्न सकिरहेको छैन । एमालेको स्थायी समितिको पछिल्लो बैठकले गोलमेच सम्मेलनको आधारमा संकट समाधानका निम्ति निस्कने कुनै पनि निष्कर्ष मानेर अगाडि बढ्न आफ्नो पार्टी तयार रहेको निर्णय परेको छ । जेहोस्, एमाले र कांग्रेस जस्ता ठूला राजनैतिक दलहरूले आफूलाई सुस्पष्ट नीति र गन्तव्यसहित प्रस्तुत गर्नु आवश्यक छ । आन्दोलनलाई ठोस नीति र कार्यक्रमको आधारमा मात्र अगाडि बढाउन सकिन्छ । आन्दोलनले व्यापक जनताको मन जित्न नसक्नु, कार्यकर्ता पंक्ति पनि पूरै परिचालित नहुनु र व्यापक टिप्पणीहरू हुनु यसकै परिणाम हुन् । कुन नीति र कार्यक्रम लिएर कसरी सडकमा निक्लादा आन्दोलन प्रभावशाली र फलदायी हुन्छ, पुस महिनाको छोटो अवधिकै विद्यार्थी आन्दोलनले छर्लंग देखाइदिएको छ । विद्यार्थी आन्दोलन, त्यसमा अभिव्यक्त भावना र त्यसले सरकारलाई सिकाएको पाठलाई गम्भीर रूपमा लिनु आवश्यक छ दलहरूले । वस्तुतः आन्दोलन प्रभावशाली र उपलब्धिमूलक हुन नसक्नुको पहिलो कारण यही नीतिगत र कार्यक्रमिक अस्पष्टता हो ।

आन्दोलनको दायरालाई फराकिलो बनाउन नसक्नु आन्दोलनमा अन्तर्निहित अर्को गम्भीर त्रुटि हो । ने.क.पा. (एमाले) स्थायी कमिटी सदस्य युवराज ज्ञवालीको कथन छ : "आन्दोलनलाई सशक्त र उपलब्धिमूलक बनाउन आन्दोलनको दायरालाई फराकिलो बनाउनुपर्छ । नेपाली कांग्रेस (प्रजातान्त्रिक) र वाममोर्चालाई मात्र होइन, शान्ति तथा प्रजातन्त्रका पक्षमा उभिने सबैलाई आन्दोलनमा समेट्नुपर्छ ।" तर अहिलेसम्म आन्दोलन पाँच दलमै सीमित छ र संयुक्त आन्दोलनको एक घटक कांग्रेस यस सम्बन्धमा सबैभन्दा बढी अनुदारवादी देखिएको छ । आन्दोलनलाई सफल बनाउन आन्दोलनको दायरालाई फराकिलो बनाउनु एउटा महत्वपूर्ण शर्त हो । शान्ति, प्रजातन्त्र र सामाजिक रूपान्तरणका निम्ति यस शर्तको अनिवार्य पालना आवश्यक छ ।

जटिल परिस्थितिको बोध र सामान्य आन्दोलनको चापले दरबार परिवर्तनका निम्ति तयार हुन्छ भन्ने भ्रम र त्यस अनुरूपको सोच र व्यवहार आन्दोलनभित्रको अर्को समस्या हो । प्रतिगमनका विरूद्ध शुरूदेखि नै कडा बन्नुपर्ने संघर्षलाई यसले नरममात्र बनाएको छैन, आफैले उद्घोष गरेको 'निर्णायक आन्दोलन'लाई समेत धरापमा पारेको छ । आन्दोलनका निम्ति इतिहास र घटनाक्रमहरू शिक्षा हुन् । नेपालको राजतन्त्र

बाँकी ४६ पेजमा



# राजतन्त्र नसच्चिए गणतन्त्रको नारा त लाग्छ नै

★ गुरू घिमिरे ★
*अध्यक्ष, नेपाल विद्यार्थी संघ*

**○ विद्यार्थी आन्दोलनका प्रमुख मागहरू के हुन् ?**

– हाम्रा ६८ सूत्रीय मागहरू छन् । ती मागहरू सातवटा विद्यार्थी संगठनहरूको संयुक्त माग हुन् । मिल्न सकिनेजति शैक्षिक र राजनीतिक मुद्दाहरूमा एकीकृत भएर जाने भनेर हामीले सात संगठनको एकता निर्माण गऱ्यौं । पाँचवटा विश्वविद्यालय, निजी क्षेत्रमा संचालित वोर्डिङ्ग स्कूलहरू र सामुदायिक स्कूलहरूसँग सम्बन्धित मागहरूलाई हामीले ६८ सूत्रमा समेट्ने प्रयत्न गऱ्यौं । र, ती मागहरू सम्बन्धित निकायमा हामीले प्रस्तुत गऱ्यौं ।

**○ ६८ सूत्रीय मागहरूमध्ये केन्द्रीय मागहरू के के हुन् ?**

– मुख्य मागहरूमा एउटा, विश्वविद्यालयलाई आर्थिक रूपले सवल बनाउन विश्वविद्यालयमा लगानी वृद्धि गरियोस् भन्ने छ । अर्को माग दलित, जनजाती र पिछडिएका वर्गलाई दिइँदै आएको छात्रवृत्ति बढाउनुपर्छ भन्ने हो । त्यस्तो छात्रवृत्ति त्रिविविमा मात्र होइन, अन्य विश्वविद्यालयहरू र निजी स्कूलहरूमा पनि दिइनुपर्छ र छात्रवृत्ति बढाउनुपर्छ भन्ने हाम्रो माग छ । त्यस्तै, विश्वविद्यालयका शिक्षकहरूले अर्को शिक्षण संस्था खोल्न वा अन्त अध्यापन गर्न नपाउने विश्वविद्यालय ऐनले ब्यबस्था गरेको नियम सदैव उल्लंघन भएको छ । त्यसलाई रोक्नुपर्छ भन्ने हाम्रो माग हो । अरू शिक्षण संस्थामा गएर गुणस्तरिय शिक्षा प्रदान गर्न सक्ने, तर विश्वविद्यालयमा चाहिं त्यही स्तरमा पढाउन तयार नहुने शिक्षकहरूलाई नियन्त्रण गर्नुपऱ्यो भन्ने हाम्रो माग हो । अर्को कुरा, परीक्षाले गर्दा वर्षको ६ महिना विद्यार्थीहरूलाई पढाइमा वाधा पर्न गएको छ । त्यसैले, केन्द्रीय स्तरमा एउटा ठूलो परीक्षा हल र अन्य प्रमुख ठाउँहरूमा परीक्षाकेन्द्रहरू निर्माण होऊन् भन्ने हाम्रो अर्को प्रमुख माग छ । त्यस्तै, अर्को हाम्रो माग के छ भने त्रिभुवन विश्वविद्यालय लगायत सम्पूर्ण शिक्षण संस्थाका विद्यार्थीहरूलाई पचास प्रतिशत स्वास्थ्योपचार सुविधा उपलब्ध गराउनुपर्छ ।

**○ तपाईहरूका यी मागहरू विशुद्ध शैक्षिक मागहरू हुन् । तर तपाईहरू सडकमा पुगेर चर्का राजनैतिक नारा लगाइरहनु भएको छ नि ?**

– २०५९ असोज १८ गतेको शाही घोषणाको विरूद्धमा पाँचवटा राजनीतिक पार्टीहरू आन्दोलनरत छन् । हामीहरू तिनै पांच पार्टीका भातृसंस्थाका रूपमा पनि क्रियाशील छौं । त्यसैले पाँच पार्टीले अगाडि बढाएको संयुक्त आन्दोलनको हिस्सा बनेर हामी आन्दोलनको मैदानमा क्रियाशील छौं । हाम्रो आन्दोलनका शैक्षिक र राजनैतिक दुईवटा पाटाहरू भएकाले यो स्वाभाविक हो ।



नयाँ पुस्ताका विचार र भावनाहरू यसरी प्रकट हुँदैछन् कि अब गणतन्त्रमै जानुपर्छ भन्ने मनोविज्ञान र भावभूमि तयार भइरहेको छ

**○ त्यसो भए तपाईहरू अहिले राजनीतिक पाटोमा नै बढी केन्द्रित हुनुहुन्छ, होइन त ?**

–पाँच राजनीतिक पार्टीका सहयोगी भएर उनीहरूको आन्दोलनमा क्रियाशील हुँदा पुस १ गते सरकारले हामीलाई गिरफ्तार गऱ्यो । हामीलाई गिरफ्तार गरिसकेपछि आम विद्यार्थीहरूले अहिलेको शाषन व्यवस्थाले आफूमाथि हमला गरेको बुझे । त्यसपछि सबै विद्यार्थी संगठनसँग आवद्ध र अरू सर्वसाधारण विद्यार्थीहरू पनि एकत्रित भएर सडकमा निस्किए । विद्यार्थीहरू त्यसरी निस्किएपछि राजनीतिक पार्टीहरूको आन्दोलनभन्दा विद्यार्थी आन्दोलन अगाडि गयो । त्यस क्रममा विद्यार्थीहरूले हाम्रो रिहाइको माग त राखे नै, त्यस सँगसँगै राजाको शाही घोषणाको पनि विरोध गरे । वास्तविकता के हो भने विद्यार्थी नेताहरूको गिरफ्तारीविरूद्ध विद्यार्थीहरू संघर्षमा आएका थिए, त्यसको साथै विद्यार्थीहरूको सम्बद्धता राजनीतिक पार्टीहरूसँग पनि भएको हुनाले उनीहरूले राजनीतिक पार्टीका मागहरूलाई पनि सँगसँगै अगाडि बढाए । त्यसैले म के भन्छु भने शैक्षिक आन्दोलन हाम्रो छुट्टै र प्रमुख पाटो हो, राजनैतिक आन्दोलनमा हाम्रो सहयोग र संलग्नता हो ।

**○ तपाई एउटा विद्यार्थी नेताको हैसियतले ०५९ असोज १८ गतेको शाही कदमलाई संक्षेपमा कसरी टिप्पणी गर्नुहुन्छ ?**

–०४६ सालमा हामीले गरेको संघर्ष र त्यस संघर्षको प्रतिविम्बको रूपमा निर्माण भएको संविधानप्रति राजाको वक्रदृष्टि रहेको पाइयो । राजा वीरेन्द्रले ल्याप्चे छाप लगाएर नेपाली जनताले बनाएको संविधानको दायरालाई स्वीकार गरेको जुन तात्कालीन अवस्था थियो, त्यसलाई हालका राजाले अस्वीकार गरेको एउटा उदाहरण हो- असोज १८ गतेको शाही कदम । वर्तमान संविधान र शासन व्यवस्थाप्रति राजा प्रतिवद्ध छैनन् भन्ने कुराको त्यो ज्वलन्त उदाहरण हो । त्यसैले त्यस घटनालाई एकदमै अस्वभाविक, असम्वैधानिक र अनुत्तरदायी राजनीतिक घटना भन्न सकिन्छ ।


**○ त्यसो भए तपाईहरू अहिलेको राजतन्त्रको विपक्षमा जान तयार हुनुहुन्छ त ?**

– नेपालमा दुईखालका गणतन्त्रवादी विचारहरू छन् । एउटा प्रजातान्त्रिक गणतन्त्रमा नेपाल जानुपर्छ भन्ने विचार छ भने अर्को जनवादी गणतन्त्रमा जानुपर्छ भन्ने विचार छ । यदि यी विचारहरू बहुमतमा पुगे भने, र ती विचारहरूको अनुकूल परिवेश निर्माण भयो भने त गणतन्त्र आउँछ । त्यसलाई हामीले वा राजाले रोक्न खोजेर रोक्न सक्ने अवस्था नै रहँदैन । र, अहिलेका राजाका क्रियाकलापहरू गणतन्त्रका लागि सहायक बन्दैछन् । त्यसैले भोलि गएर गणतन्त्रात्मक नेपाल नहोला भन्न सकिँदैन ।

बाँकी ३९ पेजमा

# माओवादीको नयाँ छाँटकाँट

★ विनोद ढुंगेल



माओवादी अध्यक्ष प्रचण्ड



प्रधानमन्त्री सूर्यबहादुर थापा

शान्तिपूर्ण राजनीतिको विकल्पमा सशस्त्र संघर्षलाई छनोट गरेको माओवादीको गतिविधि विगत केही समययता तुलनात्मक रूपमा मत्थर देखिएको छ । सत्तारूढ राजावादी शक्ति माओवादीमाथि विजय प्राप्त गरिसकेको भावभंगीमा प्रदर्शन गर्न खोज्दैछ । र, सत्ताच्यूत संसद्वादीलगायतका राजनीतिक दलहरू गुमेको शक्ति फिर्ता गर्न सडक संघर्षमा व्यस्त छन् ।

यतिबेला पनि राजनीतिको सतहमा भने मूलतः माओवादीतर्फ लक्षित भएर प्रश्नहरू खडा छन् । माओवादीहरू अहिले के गर्न खोज्दैछन् ? उनीहरूको राजनीतिक र फौजी रणनीति के छ ? तुरुन्तै शान्तिवार्ता हुने सम्भावना कत्तिको छ ? माओवादी र संसद्वादी शक्तिबीचको सन्तुलन कसरी अगाडि बढ्दैछ ? माओवादीको फौजी शक्ति क्षीण र राज्यको शक्ति सुदृढ भएको हो कि होइन ? अन्तर्राष्ट्रिय चासो र प्रभाव कस्तो देखिन्छ ? आदि आदि ।

माओवादीहरु अहिले के गर्न खोज्दैछन् ? उनीहरुको रणनीति के छ ? शान्तिवार्ता हुने सम्भावना कत्तिको छ ? माओवादी र संसदवादी शक्तिबीचको सन्तुलन कसरी अगाडि बढ्दैछ ?

## नयाँ मोर्चाबन्दी

करिब ५ वर्ष बहुदलीय प्रजातान्त्रिक अभ्यासमा सहभागी भएर माओवादी शक्ति सशस्त्र संघर्षमा देखापरेको हो । त्यतिबेलासम्म मुलुकमा राजावादी, प्रजातन्त्रवादी र साम्यवादी शक्तिको त्रिकोणात्मक शक्तिसन्तुलन थियो । कतिसम्म भने राजालाई शक्ति मान्ने कि नमान्ने भन्ने विषयमा राजनीतिक बहस हुने गर्दथ्यो । तर त्यसको ५ वर्ष पुग्दा-नपुग्दै समयले नै त्यो बहसलाई समाप्त पारिदियो । र, प्रजातन्त्रवादी तथा केही साम्यवादी शक्तिहरू 'संसदवादी' मा रूपान्तरण भए । रूपान्तरण नभएको बलशाली साम्यवादी शक्ति 'माओवादी' को रूपमा एउटा छुट्टै ध्रुव बनेर सशस्त्र विद्रोहमा उत्रियो ।

यो विद्रोहलाई पनि करिब ६ वर्षसम्म नजरअन्दाज गरियो । २०५८ सालमा युद्धविराम गर्दासम्म र त्यसपछि पनि राजावादी र संसदवादी शक्ति मिलेर माओवादीलाई 'तह लगाउने' प्रयास भए । जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई 'अक्षम' करार गरेर अपदस्थ नगरिंदासम्म पनि संसदवादीहरूमा आवश्यक चेतना पैदा भएन । उनीहरू राजासँग मिल्ने तत्परतामा कायम रहे । अद्यापि त्यो प्रयत्न समाप्त भइसकेको छैन ।

तर, यसबीचमा संसद्वादी शक्तिको त्यो प्रयत्नलाई लत्याउँदै राजशक्ति क्रियाशील राजतन्त्रतर्फ थप दृढतापूर्वक अघि बढेकाले संसदवादी प्रजातान्त्रिक शक्तिसँग उसको दूरी बढ्दै गएको छ । विद्यमान त्रिकोणात्मक शक्ति संघर्षलाई दुई कोणात्मक बनाउने आवश्यकता सबै पक्षले महसूस गरे पनि राजावादी शक्तिले त्यसनिम्ति कुनै प्रयास गरेको छैन । यसको ठीक विपरीत, माओवादीले आफ्ना कतिपय सोचमा परिवर्तन नै ल्याएको छ । राज्यशक्तिको रूढता र माओवादीको नरमपनाको परिणामस्वरूप संसदवादी र माओवादीबीचको खाडल पुरिंदै गएको छ ।

## माओवादीको विशेष निर्णय

शान्तिपूर्ण आन्दोलनको पक्षमा सम्पूर्ण राजनीतिक दलहरूको भन्दा भिन्नै रणनीति र कार्यनीति अवलम्बन गरेर सशस्त्र संघर्षमा होम्मिए पनि माओवादीले उनीहरूसँगको सहकार्यलाई नकारेको देखिंदैन । जनयुद्ध शुरू गर्दादेखि राजदरबार हत्याकाण्डको भोलिपल्ट २०५८ जेठ २० गते हुँदै गत असोज ९ गतेसम्म प्रकाशित प्रायः सबै प्रेस-वक्तव्यहरूमा माओवादीका अध्यक्ष प्रचण्डले जनपक्षीय राजनीतिक शक्ति, मानवअधिकारवादी संघ-संस्था, नागरिक समाजलगायत आम जनसमुदायसँग पुरानो सत्तामाथि दवाब केन्द्रित गर्न 'सनातनी' आह्वान गर्दै आउनुभएको देखिन्छ । तर त्यसपछि बसेको सो पार्टीको पोलिट्ब्यूरोको बैठकपछि भने माओवादीको व्यवहारिक नीतिमा परिवर्तन नै भएको छ । सो बैठकबाट अध्यक्ष प्रचण्डले नयाँ रणनैतिक योजनाको पूरक प्रस्तावका रूपमा प्रस्तुत गर्नुभएको 'विशेष राजनैतिक प्रस्ताव' पारित गरिएको थियो ।

त्यस निर्णयको कार्यान्वयनको सवालमा भने माओवादीले निक्कै दवाबको सामना गर्नुपर्‍यो । बैठकका निर्णयहरू कार्यान्वयन नगरिएको भनेर ठूलो आलोचना खप्नुपर्‍यो । र, स्पष्टीकरण दिनुपर्‍यो । 'हामीले नयाँ जनसत्ता स्थापित भइसकेका ग्रामीण इलाकाहरूमा मात्र सेबोटेज नगर्ने र कसैमाथि कारबाही गर्नुपर्दा जनवादी वैधानिक तरिका अपनाउने भनेका हौं', प्रचण्डकै स्पष्टीकरण आयो- 'शाही सेनाद्वारा नियन्त्रित इलाकाहरूका निमित्त सो निर्णय गरिएको होइन ।'

राजनैतिक नेता-कार्यकर्तामाथि 'आस्थाकै कारण कुनै पनि किसिमको कारबाही नगर्ने पार्टी नीति' हुंदाहुंदै पनि त्यो कार्यान्वयन हुन नसकेको कुरा प्रचण्डको वक्तव्यले अप्रत्यक्ष रूपमा स्वीकारेको छ । तर सो निर्णय ढिलै भए पनि अब क्रमशः लागू हुन थालेको देखिन्छ । एमाले महासचिव माधवकुमार नेपालसँगको लखनउ वार्तामा छलफलको महत्वपूर्ण विषय बनेको राजनीतिक हत्या अहिले निक्कै घटेको छ ।

व्यापारीहरूका आर्थिक संरचना, साना उद्योगहरू, स्थानीय गाविस भवन, खाली भएका सरकारी सुरक्षा निशानामा आफ्नो प्रभाव र नियन्त्रण कायम भइसकेकाले हमला नगर्ने नयाँ नीति माओवादीले लिएको छ । यस्ता गतिविधिले अलोकप्रियता बढेको र त्यसलाई 'दुश्मन' ले भँजाएको ठानी माओवादीले यस्तो निर्णय गरेको हो ।

माओवादीको यो निर्णय वास्तवमा दलहरूसँग निकटता

विकास गर्नका लागि ल्याइएको देखिन्छ । उदाहरणको लागि असोजको पहिलो साता एक कार्यपत्रमा डा. बाबुराम भट्टराईले आग्रह गर्नुभएको थियो- 'विगत ५० वर्षमा यतिबेला राजतन्त्र सबभन्दा कमजोर र बदनाम भएको, नयाँ संसदवादी र क्रान्तिकारी जनवादी शक्तिहरू मुखले मात्र होइन, कार्यक्रमिक हिसाबले नै राजतन्त्रको विरूद्धमा बढी नजिक हुन पुगेको अवस्थामा कतिपय अन्तर्राष्ट्रिय शक्तिहरूले संसदवादीहरूलाई पुनः लोकतान्त्रिक आन्दोलनबाट फुटाएर राजतन्त्रसमक्ष आत्मसमर्पण गराउने जुन षडयन्त्रमूलक दुस्प्रयास गरिरहेछन्, त्यसलाई बेलैमा ठम्याएर परास्त गर्न आज सबै लोकतान्त्रिक शक्तिहरू एकजूट हुनु परेको छ ।'

तर, त्यसरी एकजूट हुन माओवादीकै असहिष्णु र आक्रामक व्यवहार बाधक भएका विचारहरू निरन्तर आइरहेपछि माओवादीको पोलिट्ब्यूरो बैठकले त्यो निर्णय गरेको थियो । त्यसो त संसदवादी शक्तिहरूको आवश्यकताबोध माओवादीले वार्ता अवधिमा पनि गरेको थियो । वार्ता भंग भएको १० दिनपछि वार्ताको असफलतामाथि टिप्पणी गर्दै डा. भट्टराईले भन्नुभएको थियो- 'संसदवादी शक्तिहरूसमेत संविधानसभाको स्तरसम्म उठ्न सकेको भए राजामाथि जबर्जस्त दवाब पर्न सक्थ्यो र २००७ सालदेखिको प्रजातान्त्रिक आन्दोलनको अधुरो एजेण्डा अहिले पूरा हुनसक्थ्यो ।'

यही ठहरका साथ माओवादीले कार्तिकको शुरूमा पोलिट्ब्यूरो बैठकबाटै संसदवादी शक्तिहरूसँग नयाँ ढंगले वार्ता अघि बढाउने निर्णय गरेको थियो । सोहीअनुरूप मंसिरको पहिलो सातामा लखनउमा विघटित संसदको मुख्य विपक्षी शक्तिको हैसियतले एमालेसँग पहिलो चरणको वार्ता भएको थियो । चर्चित सिलिगुडी वार्ता, पटक पटकका काठमाण्डौ वार्ताको अनुभवसँग तुलना गर्दै डा. बाबुराम भट्टराईले त्यसलाई 'बढी सकारात्मक' ठानेको मात्र बताउनुभएको छैन, 'अब यसरी नै कांग्रेस र अन्य पार्टीहरूसँग पनि क्रमशः वार्ता गर्दै जाने' नीति नै सार्वजनिक गर्नुभएको छ ।

यसरी माओवादीले दलहरूसँग अलग-अलग कुरा गर्ने नीति लिएको देखिन्छ । सोहीअनुरूप हाल दलहरूसँग प्रत्यक्ष सम्पर्क गर्ने र स्थितिबारे जानकारी दिने प्रयास पनि सो पार्टीले गरिरहेको छ ।

## घट्यो तर हटेन ज्यादती

त्यसपछिका दिनहरूमा राजनीतिक कार्यकर्ताहरूमाथिको ज्यादती 'घटेको तर नहटेको' ठहर प्रायः सबै दलको छ । आफू संयमित भए राज्य बढी बदनाम हुन्छ भन्ने दाउपेचका आधारमा माओवादीले यसो गरेको ठहर एमालेका केन्द्रीय सदस्य प्रदीप ज्ञवालीको छ । राजासँग दलहरूको दूरी बढेको बेला रणनैतिक रूपले नै यसो गरेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) का प्रचार विभाग प्रमुख डा. मीनेन्द्र रिजालले पनि ठान्नुभएको छ । 'प्रतिगमनको गोटी' बनेको आरोप लागेको प्रजातान्त्रिक कांग्रेसले समेत माओवादी हतियार बिसाउन तयार भए राष्ट्रिय सहमतिका साथ संविधानसभामा जाने निर्णय केन्द्रीय कार्यसमितिबाटै गर्नुमा भने घटेको ज्यादतीभन्दा राजाको हठ मुख्य कारक बनेको छ ।

नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह के.सी. भने उहाँको पार्टीका कार्यकर्ताविरूद्ध आक्रमण घटे-नघटेको बताउन सक्नुहुन्न, तर त्यस्तो आक्रमणबाट प्रतिगमनकारी शक्तिलाई नै बल पुग्ने ठान्नुहुन्छ । 'माओवादी राष्ट्रको शक्ति हो भन्ने कुरा यथार्थ र कटु सत्य भएकाले यसलाई बेवास्ता गरेर समस्या समाधान हुँदैन', के.सी. भन्नुहुन्छ- 'उनीहरूविना हामीले मात्रै समाधान फेला पार्न सकिँदैन ।'

यसरी राजावादी र प्रतिगमनकारी शक्तिविरूद्ध संसदवादी र माओवादी शक्ति एकजूट हुनुपर्ने कुरामा सहमति बन्न थालेको देखिन्छ भने माओवादीभित्र पनि शुद्धिकरणको प्रक्रिया तीव्र भएको छ । माओवादी प्रवक्ता कृष्णबहादुर महराले यो प्रक्रियालाई तल्लो तहसम्म कार्यान्वयन गर्ने कार्य तीव्रतापूर्वक भइरहेको जानकारी दिनुभएको छ । माओवादीका तर्फबाट ज्यादतीका घटनाहरू भइरहेको तथ्य पटक-पटक स्वीकार्दै उहाँले यसतर्फ गम्भीर रहेको समेत बताउनुभएको छ ।

**संसदवादी शक्तिहरूको आवश्यकताबोध माओवादीले वार्ता अवधिमा पनि गरेको थियो**

जनमोर्चा नेपालका उपाध्यक्ष लीलामणि पोखरेल राजनीतिक सचेतता नभएका व्यक्तिहरूलाई विनाछानबीन भर्ती गरेका कारणले त्यहाँ अराजकता र बेथिति देखापरेको बताउँदै अहिले प्रशिक्षित र नियन्त्रित गर्ने काम भइरहेको ठान्नुहुन्छ । भर्तीकै कारण पार्टीको नीति र कार्यकर्ताका व्यवहारबीच दूरी देखिएको र केही ठाउँमा स्थानीय द्वन्द्वले पनि समस्या सिर्जना गरेको पोखरेलको ठहर छ ।



## बदनामीका कारण अनेक

त्यस्ता स्थानीय द्वन्द्व पनि विनाछानबीन र प्रशिक्षण कार्यकर्तालाई भित्र्याउने, पद दिने र बन्दूक थमाउने कार्यले गर्दा बढी घातक हुन पुगेका छन् । व्यक्तिगत रिसइवी वा उग्र स्वभाव, जे भए पनि त्यसमाथि विचारले शासन गर्नुपर्ने वैज्ञानिक मान्यता लागू नहुँदा माओवादी संगठनमा समस्या आइलागेको छ । फलतः माओवादी पार्टी सिंगै आरोपित छ । स्थानीय स्तरका बदनाम वा अपराधी तत्वलाई जथाभावी भित्र्याएर 'क्रान्तिको भट्टी'मा होम्दैमा शुद्ध हुन्छ भन्ने कुरा सत्य सावित नभएका कैयौं उदाहरण त छँदैछन् ।

*माओवादी नेता बाबुराम भट्टराई (माथि) र कृष्णबहादुर महरा (तल)*



कतिपयले भने 'टिकिरहन नसकेर बाटो बिराएका' पनि छन् । 'क्रान्तिको भेलमा समेटिएर आएका कतिपय व्यक्तिहरूबाट' त्यस्तो काम भएको यथार्थ माओवादी उपत्यका क्षेत्रीयब्यूरो इन्चार्ज विजयले सार्वजनिकसमेत गर्नुभएको छ । रवि कार्कीकी श्रीमती लक्ष्मी महर्जनको नाममा पार्टीको पैसाबाट काठमाडौं, नयाँ बजारमा जग्गा-जमीन खरिद गरिएको कुरा विजयद्वारा जारी वक्तव्यमार्फत् नै सार्वजनिक भएको थियो । उहाँले अरू कतिपयको तर्फबाट पनि देखिएका गल्ती एवं कमजोरीहरूको अनुसन्धान गरी कारबाहीको उपयुक्त प्रक्रिया शुरू गरिने जानकारी दिनुभएको थियो । यस्ता वक्तव्यहरू 'आलोक प्रवृत्ति' सार्वजनिक गर्नुअघि र पछि पनि पटक-पटक आएका छन्, तर त्यसको तुलनामा गलत व्यक्तिहरूलाई कारबाही गरिएको जानकारी अत्यन्त कम मात्र सार्वजनिक गर्ने गरिएको छ ।

कतिपय व्यक्तिहरू भने माओवादीलाई बदनाम गर्ने वा माओवादीको नामबाट अपराध गर्ने वा फाइदा उठाउने पनि फेला परेका छन् । चलचित्रकर्मी श्रवण घिमिरेलाई अपहरण गरेर उनका दाइ तुलसी घिमिरेसँग ५० लाख रूपियाँ माग

**राजनीतिक कार्यकर्ता-हरूमाथिको ज्यादती 'घटेको तर नहटेको' ठहर प्रायः सबै दलको छ**



*प्रधानसेनापति प्यारजंग थापा*

गरिएको घटना नक्कली माओवादीहरूले मच्चाएको पुष्टि भइसकेको छ । धापासी क्षेत्रमा 'चन्दा आतंक' मच्चाउने गरेका ती तीनजना हाल सुरक्षाकर्मीहरूको कब्जामा छन् । नेकपा (मालेमा) का महासचिव सीताराम तामाङका भाइ देवराजसँग १५ लाख माग्ने व्यक्तिहरू नक्कली नै थिए भन्ने प्रमाणित भएको छ । उनीहरूलाई समातेर सुरक्षा-निकायलाई बुझाइएको छ । उद्योगपति पद्मज्योतिसँग एक लाख माग गर्दै धम्की दिनेहरूको 'लेटरप्याड' बाटै नक्कली भन्ने पुष्टि भएको छ ।

नक्कली चन्दाप्रति सचेत गराउँदै ब्यूरो इन्चार्ज विजयले भन्नुभएको थियो- 'काठमाडौं उपत्यकाका तीनवटै जिल्लामा उपत्यका क्षेत्रीयब्यूरोको नाममा उ.क्षे.यू. इन्चार्ज विजयद्वारा हस्ताक्षरित शिष्ट भाषामा लेखिएको पत्र मात्र प्रयोग गरेको हुँदा सो अवधिपछि पनि विभिन्न नाममा गालीगलौज गर्दै लेखिएका चिट्ठीहरू पार्टीका आधिकारिक नभएका समेत अवगत गराउँछौं ।'

**अहिले माओवादी पक्षबाट कुनै ठूलो कार्वाही नभइरहेको स्थितिमा माओवादी सैन्य शक्ति क्षीण त भएको होइन ? यो प्रश्न चारैतिरबाट उठिरहेको छ ।**

## उग्रता र आक्षेप

सबै ठाउँमा त्यस्तो मात्र भएको छैन, कतिपय ठाउँमा माओवादी पक्षबाट उग्र ज्यादती पनि देखिएको छ । खासगरी ग्रामीण क्षेत्रका अपरिपक्व कार्यकर्ताहरू यस्ता ज्यादतीमा संलग्न पाइन्छन् । कतिपय ठाउँमा भने सचेत र जिम्मेवार कार्यकर्ता पनि त्यस्ता पाइएका छन् । चेलीबेटी बेचबिखनविरूद्ध जनचेतना अभियानमा चितवनमा सक्रिय 'कानून अन्वेषण तथा स्रोत विकास केन्द्र' (सेलर्ड) सँग दबावपूर्ण ताकेता गरी ६ लाख रूपियाँ माग गरिएको छ । रकम माग गर्ने माओवादी चितवन जिल्ला समितिका कार्यकर्ता हुन् । 'म राजाको प्रतिगमनभन्दा माओवादीको अग्रगमन ठीक छ भन्ने, संविधानसभाको पक्षमा लेख-रचना लेख्ने तथा अनुसन्धान प्रतिवेदनहरूमार्फत् द्वन्द्व समाधानका उपाय खोज्ने व्यक्ति संलग्न संस्थासँग त्यसो गर्नुको राजनीतिक अर्थ बुझ्न सकिनँ' -सेलर्डका संयोजक अधिवक्ता युवराज संग्रौला आश्चर्य व्यक्त गर्नुहुन्छ ।

केही घटनामा भने माओवादीले प्रवक्तामार्फत् खण्डन पनि गरेको छ । कार्तिक १३ गते दाङको तुलसीपुरमा यात्रुबाहक बसमाथि हमला गरी तीनजनाको ज्यान लिएको, ताप्लेजुङ्ग थिङ्लाबुका ७९ वर्षीय प्रबाहाङ् केदेमको चन्दा प्रकरणसँग जोडेर गरिएको भनिएको हत्या र कञ्चनजंघामा केही पर्यटकहरूसँग दुर्व्यवहार गरिएको घटनामा माओवादीको संलग्नता रहेको प्रचार भएको थियो । तर ती घटनामा पार्टीको संलग्नता नरहेको स्पष्टीकरण प्रवक्ता महराले अलग-अलग प्रेस वक्तव्यमार्फत् दिनुभएको छ । 'योजनाबाहिरका यस्ता घटनाको गम्भीर अध्ययन र छानविन गरिरहेको' जानकारी दिँदै उहाँले 'पार्टी वा समर्थकहरूबाट भएको प्रमाणित भएमा उपयुक्त कारबाही गरिने' विश्वास समेत दिलाउनु भएको छ ।



*भूपू प्रधानमन्त्री देउवा*

विगतका कारबाहीहरूमा अराजकता देखा परेको महसुशसमेत माओवादीले गरेको छ । कारबाही गर्ने भनिएको व्यक्तिको कथित अपराध र वर्ग विश्लेषण गर्ने कुरामा ठूलो भद्रगोल माओवादी कार्यकर्ताहरूमा देखा पर्ने गरेको छ । अपराध र कारबाहीको जनतान्त्रिक कानुनी प्रक्रिया स्थापित गर्न नसक्दा 'लाल आतंक' अराजकतामा परिणत भएको स्पष्ट छ । यसै गरी आत्मसमर्पण गरेका सेना तथा प्रहरीलाई सम्मानपूर्वक युद्धअपराधीको व्यवहार गर्ने चेत भर्खर खुलेको छ । र, यी सबै कुरालाई कडाइका साथ लागू गर्न पार्टी अध्यक्षले नै निर्देशन दिनुपरेको छ ।

माओवादीले जनयुद्ध शुरू गरेको आठ वर्षपछि हाल आएर चन्दा नीतिलाई व्यवस्थित र परिमार्जित गर्न खोजेको देखिएको छ । उपयुक्त वर्ग विश्लेषण र पृष्ठभूमिको ज्ञानको अभावमा चन्दा संकलन गर्दा व्यापक अराजकता देखा परेको महसुस माओवादी नेतृत्वले गरेको छ । त्यही कारण हाल आएर दण्ड तथा कर प्रणालीलाई एउटा वर्गीय ठोस मापदण्डका आधारमा व्यवस्थित गर्ने र त्यसलाई पार्टीको क्षेत्रीय ब्युरोले नियन्त्रण गर्ने अवधारणा माओवादीले लिएको छ । तर चन्दा संकलन वा अन्य गतिविधिमा अराजकता देखाउने र गलत ढंगले जनतालाई सताउने व्यक्तिहरूलाई जनसमक्ष सार्वजनिक न्यायिक कार्यवाही गर्ने पारदर्शी नीति भने सो पार्टीले अझै तयार गर्न सकेको छैन । चन्दा आतंक अझै पनि धेरै ठाउँमा कायमै छ । त्यसले माओवादीलाई जनताबाट अलग्याउने कार्य गरेको छ ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

आन्तरिकरूपमा प्रजातान्त्रिक राजनीतिक शक्तिहरूसँग सम्बन्ध विकासको प्रयाससँगै माओवादीले अन्तर्राष्ट्रिय जनमतलाई पनि आफ्नो पक्षमा आकर्षित गर्ने प्रयास गरिरहेको देखिएको छ । पश्चिमा भन्नेबित्तिकै सबैलाई एउटै डालोमा हालेर मूल्यांकन गर्ने परिपाटीको ठाउँमा अब उसले 'अमेरिकी साम्राज्यवाद' र अरू भनेर छुट्याउन थालेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमाथिको आक्रामक रवैयालाई 'परिवर्तित वर्तमान परिस्थितिमा परिमार्जन गर्नु आवश्यक' ठानेर माओवादीले 'अमेरिकी साम्राज्यवादी' र युरोपेली संघ वा अरू भनेर छुट्याएको छ । मुलुकको समस्यालाई वार्ता, छलफल वा संयोजनका आधारमा समाधान गर्नुपर्छ भन्ने अमेरिकाबाहेकका राष्ट्र र तिनबाट सञ्चालित संस्थासँग शत्रुतापूर्ण व्यवहार नगर्ने नीति' सो पार्टीले हालै लिएको छ ।


मानवअधिकारको स्थिति अनुगमन कार्यमा संयुक्त राष्ट्रसंघको मध्यस्थतालाई माओवादीले स्वीकार गरेर अन्तर्राष्ट्रिय रूपमा सकारात्मकता हासिल गरेको छ । सेनाको ज्यादतीपूर्ण क्रियाकलापका कारण केही राजदूतहरूले समेत नेपालको मानवअधिकारको स्थितिप्रति गम्भीर सामूहिक सरोकार देखाउनु, संवैधानिक राजतन्त्रात्मक मुलुक नेदरल्यान्डले सहयोग बन्द गर्नुजस्ता कार्यले राज्यपक्ष जतातताैबाट एक्लिन र बदनाम हुन पुगेको छ । त्यसबाट अप्रत्यक्ष लाभ माओवादीलाई भएको छ । माओवादीविरूद्ध सबैभन्दा कटु आलोचक देखा परेको संयुक्त राज्य अमेरिकाका सहायक विदेशमन्त्री क्रिस्टिना रोक्काले समेत प्रधानमन्त्री सूर्यबहादुर थापासँगै नेपालको बिग्रँदो मानवअधिकारको स्थितिप्रति आपत्ति जनाउनु हालैको निकै महत्वपूर्ण घटना भएको छ ।

यसरी प्रतिकूलतालाई अनुकूलतामा परिवर्तन गर्न माओवादीले अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गर्ने प्रयास गरेको छ । यस क्रममा संयुक्त राष्ट्र संघलगायत विश्वका सबै देशहरूसँग माओवादीले नयाँ जनसत्तालाई समर्थन र सहयोग गर्न अपील गर्दै पहल बढाउनसमेत प्रयास गरिरहेको छ ।

## आन्तरिक सुदृढीकरणको पक्ष

दलहरू र अन्तर्राष्ट्रिय समुदायसंग सम्बन्ध विकासको पहलसँगै माओवादी आन्तरिक शक्ति सुदृढीकरणमा पनि

बाँकी ४४ पेजमा





# यस्तो छ, नर्वेको संवैधानिक राजसंस्था

- श्याम श्रेष्ठ

**नर्वेको राजसंस्था पूर्णतया संसद मातहतको राजसंस्था हो ।**

## इतिहास

नर्वे केवल ४४ लाख जनसंख्या भएको पश्चिमी यूरोपको उत्तरी भागमा रहेको एउटा सानो विकसित मुलुक हो । उन्नाइसौं शताब्दीको प्रारम्भसम्म नर्वे डेनमार्कको राजसंस्थाबाट शासित भूभाग थियो । नर्वेको संवैधानिक राजसंस्थाको इतिहासमा मे १७, १८१४ एउटा अत्यन्त महत्वपूर्ण ऐतिहासिक कोसेढुंगा मानिन्छ । त्यसदिन नर्वेली जनताले डेन्मार्कबाट स्वतन्त्र भएको घोषणा गरेर आफ्नै एउटा संविधान निर्माण गरे । थुप्रैपटक परिवर्तित र परिमार्जित हुँदै गए पनि नर्वेमा अहिले पनि मूलतः त्यही संविधान जारी छ, जुन १८१४ मा एड्ड्रसभोलमा सम्पन्न संविधानसभाबाट निर्मित भएथ्यो ।



*नर्वेका राजा ह्यारोल्ड भी*

त्यसो त नर्वेमा विभिन्न जिल्लाहरूका साधारण सभाहरूमा स्वतन्त्र मानिसहरू जम्मा भएर छलफल गर्ने प्रणाली सम्पूर्ण स्केण्डिनेभियामा लिखित इतिहास प्रारम्भ हुनुभन्दा पहिलेदेखि, अर्थात् करिव सन् ८०० तिर नै रहेको पाइन्छ । त्यसलाई उनीहरू 'अल्टिंग' (अर्थात् साधारण सभा) भन्ने गर्थे । पछि मध्ययुगमा आएर यस्ता टिंगहरू (अर्थात् सभाहरू) राजा र सर्वसाधारण जनताका बीचको संबन्धबारे टुंगोफांट लाउने ग्रामीण जिल्ला र शहरहरूको महत्वपूर्ण स्थानीय सभाका रूपमा बिकसित भए । यस्तै क्षेत्रीय सभाहरूमा सिंहासनका दावेदारहरूलाई राजाका रूपमा स्वीकार्ने चलन चल्यो । जब नर्वे एउटै संयुक्त अधिराज्यका रूपमा सन् ९०० देखि १०३० सम्ममा एकतावद्ध भयो, पहिलो ल्याग्टिंग उच्च क्षेत्रीय सभाहरूका रूपमा गठित गरिए । यिनै क्षेत्रीय सभाहरूमा क्षेत्र मातहतका विभिन्न जिल्लाहरूका प्रतिनिधिहरू जम्मा भएर कानून पारित गर्थे र कानूनी फैसलाहरू गर्थे । नर्वेको इतिहासमा लोकतन्त्रका शुरूका भ्रूणहरू यिनै थिए ।

यसैबीच यही क्रममा सन् १२७४ मा राजा म्यागनस् लागाबोटेले देशभरि लागु हुनेगरी लिखित रूपमा सूत्रवद्ध कानूनहरू संग्रहित गरे । नर्वेमा लोकतन्त्रको क्रमिक विकासमा र तत्कालीन इतिहासमा यो एउटा अत्यन्त महत्वपूर्ण घटना थियो । सन् १६६० मा डेनमार्क-नर्वे संघका राजा फ्रेडरिक तेश्रोले नर्वेमा निरंकुश राजतन्त्र स्थापना नगरेसम्म यही कानूनबाट नर्वे शासित भइरहेको थियो ।

सन् १८०७ मा स्विडेन, नर्वे र डेनमार्क नेपोलियनले थालेको युद्धको फेरोमा परे । रूससितको लडाइँमा सन् १८१२ मा नेपोलियन नराम्ररी पराजित भएपछि यूरोपका अन्यत्र भागमा पनि उनलाई परास्त गर्न स्विडेनले उनीहरूलाई सघाएको खण्डमा नेपोलियनविरूद्ध युद्धरत ठूला शक्तिहरूले स्विडेनका सिंहाशन उत्तराधिकारी कार्ल नवौं जोहानलाई नर्वे राज्य दिइने वाचा गरे । नेपोलियनउपर सन् १८१३ मा अन्तिम विजय हासिल पनि भयो । त्यो हुनासाथ स्विडेनका सिंहासन उत्तराधिकारी कार्ल नवौं जोहानले डेनमार्कमाथि अन्तिम विजयका लागि धावा बोले । डेनमार्कका राजा फ्रेडरिक चौथोले चूपचाप र तुरून्तै हार स्वीकार गरे । १४ जनवरी १८१४ मा किएल् सन्धिमार्फत स्विडनको राजालाई नर्वे दिइयो । यही क्रममा नर्वे डेनमार्कबाट स्वतन्त्र भएको थियो र स्विडेनसितको संघमा आवद्ध भएको थियो । नत्र नर्वे यसअघिसम्म डेनमार्कको राजसंस्थाद्वारा चार सय वर्षदेखि शासित भू-भाग थियो ।

तर डेनमार्कका युवराज क्रिश्चियन फ्रेडरिकले किएल् सन्धिको खुलेआम विरोध गरे । उनी त्यतिखेर नर्वेका निम्ति डेनमार्कको सहायक रिजेण्ट थिए र आफै नर्वेको राजा हुन प्रयत्नरत थिए । उनले नर्वेभरिका सबैभन्दा प्रभावशाली मानिसहरूको १६ फरवरी १८१४

नर्वेमा सन् १८१४ देखि १९०५ का बीचमा निकै महत्वपूर्ण र जटिल संघर्षहरु भए । सत्ताको र राजनीतिक प्रणालीको गुरुत्वाकर्षण केन्द्र को हुने र सत्ताधिकार कहाँ रहने, संसद कि राजामा ? भन्ने सवालमा यी दुई पक्षबीच तीब्र द्वन्दहरु भए ।

मा एइड्सभोमा एउटा सभा डाके । यो सभा धेरै हिसाबले नर्वेको संवैधानिक राजसंस्थाको इतिहासमा कोसेढुंगा सावित भयो । क्रिश्चियन फ्रेडरिकले ताके र सोचेजस्तो यो सभाले उनलाई नर्वेको राजा स्वीकार गरिहालेन र नर्वेको सिंहासनमाथि उनको वंशाणुगत दावीलाई पनि स्वीकारिएन । सन् १७८९ को फ्रान्सिसी राज्य क्रान्ति र अमेरिकी स्वतन्त्रता संग्रामबाट औधी प्रभावित त्यस सभाका प्रतिनिधिहरूले नर्वेमा उदार लोकतान्त्रिक संविधान हुनुपर्ने र नयाँ राजा जनताबाट चुनिनु पर्ने माग गरे । उनीहरूले के निर्णय गरे भने अब जनताहरूले राष्ट्रिय संविधानसभाका लागि आफ्ना प्रतिनिधि चुन्नेछन् । २५ वर्ष नाघेका नर्वेमा भूस्वामित्व भएका किसानहरू, कारखाना मालिकहरू, सरकारी अधिकारीहरू, व्यापारीहरू र व्यवसायीहरूले निर्वाचकहरूका लागि मतदान गर्न सक्नेछन् र तिनै निर्वाचकहरूले संविधानसभाका लागि वास्तविक प्रतिनिधि चुन्नेछन् । नयाँ संविधान निर्वाचित संविधानसभाले बनाउने छ । नयाँ राजा पनि त्यही संविधानमुताविक संविधानसभाले नै चुन्नेछ । क्रिश्चियन फ्रेडरिकले त्यतिञ्जेल अस्थायी रिजेण्टका रूपमा नर्वेमाथि शासन गर्नेछन् । यसप्रकार त्यो सभाले प्रभुसत्ता जनतामा रहेको दावी गर्‍यो र त्यो सिद्धान्त नर्वेमा तुरुन्तै लागु पनि भयो । चुनिएका प्रतिनिधिहरूले ईश्वरका नाममा चर्चमा गएर शपथग्रहण गर्नुपर्ने निर्णय पनि त्यस सभाले गर्‍यो ।

त्यस सभाले निर्णय गरेमुताविक राष्ट्रिय संविधानसभाका निर्वाचित प्रतिनिधिहरू १० अप्रिल १८१४ मा चर्चमा भेला भएर शपथ गरे र त्यसको भोलिपल्टै एइड्सभोल्मा संविधानसभा प्रारम्भ भयो । संविधानसभाका लागि चुनिएका ११२ प्रतिनिधिहरूमध्ये ३७ किसान थिए, १३ व्यापारीहरू, ५ कारखाना मालिक थिए, ५७ सरकारी अधिकारीहरू । समय थोरै भएको र ठूला शक्तिहरूले बीचैमा हस्तक्षेप गर्ने संभावना भएको हुनाले विकट उत्तरी नर्वेबाट संविधानसभामा प्रतिनिधित्व गराइएन ।

जब संविधानसभा प्रारम्भ भयो, यसमा १२ वटा संविधानका मस्यौदाहरू छलफलका लागि प्रस्तुत भए । संविधानसभाले भावी संविधानको अन्तिम मस्यौदा कोर्ने जिम्मेवारी बहनका लागि १५ सदस्यीय संविधान समिति बनायो । त्यसले लगत्तै संविधानका मुख्य मुख्य सिद्धान्तहरू र वास्तविक शब्दावली कोर्ने काम गर्‍यो । अन्ततः १७ मे १८१४ का दिन नयाँ संविधानमा हस्ताक्षर गरियो र संविधानसभाको सील लगाइयो । त्यही दिन क्रिश्चियन फ्रेडरिकलाई स्वतन्त्र, सार्वभौम नर्वेको राजा पनि चुनियो । १९ मे का दिन नवनिर्वाचित राजाले संविधानसभामा उपस्थित भएर संविधान पालनाको शपथ ग्रहण गरे । यसरी बन्यो- नर्वेको पहिलो लिखित संविधान र संवैधानिक राजसंस्था । सामाजिक द्वन्द र समयक्रममा फेरिँदै, परिमार्जित र परिष्कृत हुँदै त्यही संविधान अहिलेसम्म नर्वेमा जारी रहेको छ । जारी भएर अहिलेसम्म कायम रहेको संविधानमा नर्वेको संविधान यूरोपकै सबैभन्दा पुरानो हो ।

डेनमार्कबाट स्वतन्त्रता हासिल गरेको र नयाँ संविधान जारी भएको एक वर्ष पनि नबित्दै नर्वे स्विडेनसितको संघमा सामेल भयो । तर नयाँ संविधान र राजनीतिक प्रणाली भने त्यसका बावजुद पनि कायम रहिरह्यो, केही आवश्यक हेरफेरका साथ । यस्तो स्थिति झण्डै ९१ वर्षसम्म रहिरह्यो । अन्ततः सन् १९०५ मा नर्वे स्विडेनसितको संघबाट पनि अलगियो र पूर्णतया स्वाधीन र स्वतन्त्र राष्ट्र बन्यो । नर्वेको संवैधानिक इतिहासमा यो एउटा अर्को कोसेढुंगा थियो । 'तर दुवैपटक डेनमार्कबाट नर्वे स्वतन्त्र हुँदा पनि र स्विडेनसितको संघबाट छुट्टिँदा पनि नर्वेमा राजसंस्थामाथि संविधानको सर्वोच्चता कायम राखियो । पहिले संविधान निर्माण तथा अनुमोदन गर्ने कार्य भयो, त्यसपछि त्यही संविधानमातहत राजा छनौट गर्ने कार्य भयो' -नर्वेका प्रशिद्ध राजनीतिशास्त्री थोमस् सी. वेइलर भन्छन् ।

तर सन् १८१४ देखि १९०५ का बीचमा नर्वेमा केही पनि नभएको होइन, यी दशकहरूमा राजा र त्यहाँको राष्ट्रिय सभा स्टोर्टिङ्गका बीचमा निकै महत्वपूर्ण र जटिल संघर्षहरू भए । सत्ताको र राजनीतिक प्रणालीको गुरूत्वाकर्षण केन्द्र को हुने र सत्ताधिकार कहाँ रहने, संसद कि राजामा ? भन्ने सवालमा यी दुई पक्षबीच तीब्र द्वन्दहरू भए । यो संघर्षमा भूस्वामित्व भएका किसानहरू र उदीयमान मध्यमवर्ग राष्ट्रिय सभा- स्टोर्टिङ्गको पक्षमा खडा भए, किनकि यिनीहरू सरकारी पदाधिकारीहरूको स्वेच्छाचारिता र राजाका प्रतिनिधिहरूको अत्याचार र मनपरीतन्त्रबाट निकै पीडित थिए ।

यो संघर्षको दौरानमा सन् १८३७ मा उनीहरूले आल्डमेन्स् ऐनमार्फत् निर्वाचित परिषदमा आधारित स्थानीय स्वसरकार अथवा स्वायत्त शासनको हक प्राप्त गरे । यो ऐनमार्फत् अब उप्रान्त सरकारी पदाधिकारीहरूको हातबाट स्थानीय तहको धेरैजसो शासनाधिकार निर्वाचित प्रतिनिधिहरू तथा परिषदमा हस्तान्तरण भयो । यतिञ्जेल नर्वेको राष्ट्रिय सभा (अर्थात् संसद)- स्टोर्टिङ्गमा राजाबाट मनोनीत पदाधिकारीहरू र मन्त्री परिषदको प्रभुत्व रहने गरिरहेको थियो । तर सन् १८६० को दशकको अन्तसम्म पुग्दा स्टोर्टिङ्गमा विपक्षको बाहुल्य कायम भयो । सन् १८६९ मा पुग्दा स्टोर्टिङ्गको अधिवेशन हरेक वर्ष हुने कुरा मान्न राजा बाध्य भए, जुन



*नर्वेको संसद स्टोर्टिङ्को भवन*

यसअघिसम्म तीन वर्षको एकचोटि हुने गर्थ्यो । वर्षको एकचोटि स्टोर्टिङ्गको अधिवेशन हुने कुराले संसदको शक्ति काफी मात्रामा वृद्धि गर्‍यो । नर्वेको इतिहासमा सन् १८८४ एउटा ठूलो ऐतिहासिक मोड थियो, जुन विन्दुमा पुग्दासम्म नर्वेमा राजामाथि संसदको सर्वोच्चता तथा प्रभुसत्ता धेरै हदसम्म कायम भइसकेको थियो र विस्तारित मताधिकारमा आधारित संसदीय व्यवस्था कायम भइसकेको थियो । अब राजा आफ्ना सल्लाहकारहरू मनपरी तवरले नियुक्त गर्न स्वतन्त्र रहेनन्, सरकार राजाबाट नियुक्त पदाधिकारीहरूबाट चल्ने प्रणाली समाप्त भयो, स्टोर्टिङ्गबाट चुनिएका, त्यसको विश्वास प्राप्त र त्यसप्रति उत्तरदायी मन्त्रीपरिषदबाट देशको सरकार र शासन चल्ने प्रणाली प्रारम्भ भयो ।

राजा र स्टोर्टिङ्गका बीचको यो संवैधानिक संघर्षले नर्वेमा राजनीतिक पार्टीहरू पनि पैदा गर्‍यो । लिवरल पार्टी र कन्जर्वेटिभ पार्टी सन् १८८४ मै संगठित भए, लेवोर पार्टी १८८७ मा बन्यो र अन्यपार्टीहरू पनि कालक्रममा जन्मिए ।

अझ ७ जुन १९०५ को स्टोर्टिङ्गद्वारा पारित एउटा ऐतिहासिक प्रस्तावले त नर्वेमा एकतर्फी रूपमा संघीय राजालाई नै अपदस्थ गर्‍यो, नर्वे स्विडेनसितको संघबाटै अलगियो र यसले राजाका भए बचेका थोरै व्यक्तिगत शाही अधिकारसमेत समाप्त पार्‍यो । तथापि यसले राजसंस्थालाई नै समाप्त भने पारेन । नर्वेमा संसदीय प्रणालीको व्यापक संरचनाअन्तर्गत व्यक्तिगत शाही अधिकारविहीन संवैधानिक राजसंस्था स्थापित गरियो । यही अधिकारविहीनताले नर्वेमा राजसंस्थालाई वैधता पनि प्राप्त भयो ।

यसप्रकार नर्वेको संवैधानिक राजसंस्थाको इतिहासमा सन् १९०५ अर्को ऐतिहासिक कोसेढुंगा हो । यही साल नर्वेली संसद-स्टोर्टिङ्गले स्विडेनसितको संघलाई विघटन गर्‍यो, राजालाई अपदस्थ गर्‍यो र नर्वेको खाली सिंहासनमा डेनमार्कका राजकुमार कार्ल फ्रेडरिकलाई नयाँ राजाका रूपमा आएर बस्न आमन्त्रित गरियो । उनी आए पनि र हाकोन सातौंका नाममा नयाँ नाम फेरेर उनी त्यहाँ सिंहासनारूढ भए ।

त्यही वर्ष अगस्तमा भएको जनमत संग्रहले स्टोर्टिङ्गको त्यो प्रस्तावलाई झण्डै झण्डै सर्वसम्मतिले अनुमोदन गर्‍यो । नर्वेको वर्तमान संवैधानिक राजसंस्था त्यसैको निरन्तरता हो । त्यसको लगत्तैपछि गणतन्त्रवादीहरूबाट पैदाभएको द्वन्दलाई साम्य पार्न त्यही वर्ष फेरि अर्को जनमत संग्रह पनि गरियो-नर्वेमा गणतन्त्र स्थापना गर्ने कि संवैधानिक राजसंस्था भन्ने सवालमा, जसमा गणतन्त्रको पक्षमा उल्लेखनीय अल्पमत देखियो, विजय संवैधानिक राजसंस्थाको पक्षमा रह्यो ।

सन् १९०५ यता अहिलेसम्म नर्वेको राजसंस्था निरन्तर परिवर्तित हुँदैआएको छ, तर त्यसको मूल स्वरूप भने यथावत छ । नर्वेको संविधानको पहिलो धारामै नर्वेलाई 'सीमित र वंशाणुगत राजसंस्था' भएको अधिराज्यका रूपमा परिभाषित गरिएको छ ।

'नर्वेका प्रशिद्ध राजनीतिशास्त्री प्रोफेसर वेइलर भन्छन्- 'नर्वेमा केवल कानूनद्वारा संविधानमा संशोधनमार्फत् राजसंस्थालाई उन्मूलन गर्न सकिन्छ । नर्वेको संसदमा यस आशयको एउटा प्रस्ताव लामो समयदेखि अस्तित्वमा छ र स्टोर्टिङ्गमा यस्तो प्रस्ताव नियमित रूपमा राखिन्छ....।'

## नर्वेको राजसंस्थाको स्वरूप

नर्वेको राजसंस्था पूर्णतया संसद मातहतको राजसंस्था हो । सन् १८१४ र १९०५ मा नर्वेको संसद स्टोर्टिङ्गले नै त्यहाँको राजालाई चुनेको हो । अब पनि त्यही संसदले कुनै पनि बेला एउटा प्रस्ताव पारित गरेर कानूनतः राजालाई फेरि अपदस्थ गर्नसक्छ र राजसंस्थालाई समेत उन्मूलन गर्नसक्छ । नर्वे बारेका विज्ञ जोन टि.एस. म्याडेलेका अनुसार सन् १८८४ मा संसदवादको सिद्धान्तलाई स्टोर्टिङ्गले पारित गरिसकेपछि 'नर्वेमा राजाका सबै काम कार्वाहीहरू र कर्तव्य पालनाहरू स्टोर्टिङ्गको मातहत राखिएका छन् । धेरै समकालीन राजसंस्थाहरूझैं नर्वेली राजसंस्थाका कामहरू अहिले झण्डै पूर्णतया औपचारिक र देखौवा प्रकारका छन् ।'

भन्नका लागि त नर्वेको संविधानमा कार्यकारी अधिकार राजामा निहित छ भनिएको छ । तर नर्वेका प्रशिद्ध राजनीतिशास्त्री थोमस सी. वेइलरका अनुसार 'कार्यकारी अधिकार राजामा निहित छ भन्नुको तात्पर्य झण्डै एउटा स्कुले बच्चालाई समेत ज्ञान छ कि त्यो भनेको मन्त्रीपरिषदभित्र रहेका राजामा निहित छ भनिएको हो । फेरि पनि त्यसको मतलव सरकारमा निहित छ भनिएको हो । जब यो भनिन्छ कि राजाले आफ्नो मन्त्री परिषद छान्दछन्, सय वर्षभन्दा पनि ज्यादा समयसम्म अभ्यास गरिएको संवैधानिक सामान्य कानूनले यो देखाएको छ कि त्यो स्टोर्टिङ्ग हो, जसले संसदीय प्रक्रियाहरू मुताविक मन्त्री परिषदको छनौट गर्दछ । 'यसलाई दोहोरो ढंगले सुनिश्चित गर्नका लागि संविधानले भनेको छ कि राजाका निर्णयहरू वैध हुनका लागि त्यसमा प्रतिहस्ताक्षर हुनै पर्दछ ।' स्मरणीय छ, नर्वेमा संविधानको धारा ३१ मुताविक राजाले गर्ने कुनै पनि निर्णयसंबन्धी हस्ताक्षर तवसम्म वैध ठहरिंदैन जबसम्म त्यसमा प्रधानमन्त्रीको प्रतिहस्ताक्षर हुँदैन । सैनिक कमाण्डको मामलामा मात्र जसले त्यससम्बन्धी विषय राजासमक्ष प्रस्तुत गर्छ, उसको प्रतिहस्ताक्षर अनिवार्य गराइएको छ । अनि निर्णयको उत्तरदायित्व पनि त्यसैको हुने गरेको छ, जसले प्रतिहस्ताक्षर गर्दछ ।

यसप्रकार "नर्वेको लोकतन्त्रले राजालाई व्यक्तिगत शाही अधिकार अभ्यास गर्ने कुनै ठाउँ छोडेको छैन ।" - प्रोफेसर वेइलर 'नर्वेको राजसंस्था' नामक नर्वेको विदेश मन्त्रालयद्वारा इण्टरनेटमा प्रकाशित आफ्नो महत्वपूर्ण लेखमा भन्छन्- "लोकतन्त्रले राजसंस्थाविना पनि काम चलाउनसक्छ, तर संविधान विना होइन ।"

त्यसो त नर्वेको संविधानमा सेनाको प्रधान सेनापति पनि राजालाई नै बनाइएको छ । सबै सरकारी पदाधिकारीहरू पनि राजाले नै नियुक्त गर्छन् भनिएको छ । राजालाई व्यापार, भन्सार महशुल, संपूर्ण आर्थिक क्षेत्रहरू र प्रहरीसम्बन्धी अध्यादेश जारी गर्ने र त्यसलाई फिर्ता गर्ने अधिकारसमेत दिइएको छ । परन्तु यी सबै औपचारिक प्रकृतिका अधिकार हुन् । संविधानको धारा ३ मुताविक राजाले यी सबै कार्यहरू संवैधानिक कानून र स्टोर्टिङ्गले पारित गरेको कानूनको सीमाभित्र रहेरमात्र गर्नसक्छन् । अनि राजाको हरेक निर्णयसम्बन्धी हस्ताक्षरमा प्रधामन्त्रीको प्रतिहस्ताक्षर अनिवार्य गराइनुबाट राजाको अधिकारलाई सीमित पारिएको छ र संसदप्रति उत्तरदायी मन्त्रीपरिषदको मातहत बनाइएको छ ।

नर्वेमा संविधानको धारा ९ ले राजाको मृत्युपछि उमेर पुगेका नयाँ राजाले वा रानीले स्टोर्टिङ्गसमक्ष संविधान र संसदद्वारा बनाइएका कानूनको पालना गर्छु भनेर शपथ ग्रहण गर्नुपर्ने अनिवार्य गराइएको छ । यदि मृत्युको समयमा संसदको अधिवेशन चलिरहेको छैन भने त्यस्तो शपथ राजा वा रानीले मन्त्री परिषदसमक्ष गर्नुपर्ने हुन्छ र संसदको अधिवेशन बसिसकेपछि त्यहाँ फेरि दोहोर्‍याउनु पर्ने हुन्छ । राजा संसद, संविधान




**नर्वेको संवैधानिक राजसंस्थाको इतिहासमा सन् १९०५ अर्को ऐतिहासिक कोसेढुंगा हो । यही साल नर्वेली संसदले राजालाई अपदस्थ गर्‍यो र खाली सिंहासनमा डेनमार्कका राजकुमार कार्ल फ्रेडरिकलाई नयाँ नाम फेरेर हाकोन सातौंका नाममा त्यहाँ सिंहासनारुढ गरायो**

र कानूनको मातहत छन्, त्योभन्दा माथि होइन भन्ने प्रणाली बसाल्नका निम्ति र अनुभूति गराउनका लागि यस्तो शपथग्रहणको रीति चलाइएको प्रतीत हुन्छ । नर्वेमा संसदको अनुमतिविना राजा लगातार ६ महिनाभन्दा ज्यादा लामो समयसम्म देश बाहिर रहन्छन् भने उनलाई स्टोर्टिङ्गले सिंहासनको हकबाट अपदस्थ गर्नसक्ने व्यवस्थासमेत संविधानको धारा ११ ले गरेको छ ।

सन् १९९० देखि त्यहाँ राजगद्दी उत्तराधिकारी चाहिं छोरा वा छोरीमध्ये कोही पनि हुन पाउने गरिएको छ ।

नर्वेमा संवैधानिक व्यवस्थाको सार के हो भने त्यहाँ सबै उद्देश्यका निम्ति कार्यकारी अधिकार यथार्थमा प्रधानमन्त्री र मन्त्रीपरिषदमा निहित छ । मन्त्रीहरू राजाद्वारा नियुक्त हुन्छन्, तर स्टोर्टिङ्गको बहुमतको सहमति भएपछि वा त्यसभित्रका पार्टीहरूको सहमतिभएपछि मात्र । कुन पार्टीले वा पार्टीहरूको गठबन्धनले सरकार चलाउने अधिकार पाउँछ, त्यो स्टोर्टिङ्गको बहुमतले निर्धारण गर्छ । तर यसको मतलव यो होइन कि सरकार हमेशा बहुमतकै समर्थनमा खडा भएको हुन्छ । यसको मतलव के हो भने बहुमतले विरोध गरेपछि सरकार टिकिरहन सक्दैन । यदि संसदले 'सरकारमाथि स्टोर्टिङ्गको बहुमतको विश्वास छैन' भन्ने प्रस्ताव पारित गर्‍यो भने सरकारले राजीनामा गर्नै पर्छ । यसरी नर्वेमा मन्त्रीमण्डल पूर्णतया स्टोर्टिङ्गप्रति उत्तरदायी छ । नर्वेमा प्रधानमन्त्रीले संसदको ४ वर्षको पूर्ण कार्यकाल पूरा नगरी बीचैमा संसद विघटन गर्न नपाइने संवैधानिक व्यवस्थासमेत गरिएको छ ।

नर्वेमा १६५ सदस्य भएको एक सदनात्मक संसद छ, जसको निर्वाचन पार्टीसूचीका आधारमा अनुपातीय प्रतिनिधित्वको स्वरूपमा हुन्छ । यसको मतलव के हो भने स्टोर्टिङ्गमा प्रत्येक पार्टीको प्रतिनिधि संख्या कति हुन्छ भन्ने कुरा आमचुनावमा संबन्धित पार्टीलाई मतदाताहरूले कति भोट हाले भन्ने अनुपातका आधारमा निर्धारित हुन्छ ।

हिजोआज सामान्य परिस्थितिमा राजाले स्टोर्टिङ्गद्वारा पारित भएको कुनै पनि ऐनलाई अनुमोदन गर्न अस्वीकार गर्दैनन् । सन् १८८४ मा संसदवादको सिद्धान्त स्थापित भइसकेपछि ऐनमा राजाको अनुमोदन एक प्रकारको औपचारिकता मात्र हो । राजाले ऐनलाई अनुमोदन गरेर हस्ताक्षर गरिसकेपछि पनि त्यो ऐन कानून बन्नको निम्ति ऐनमा प्रधानमन्त्रीको प्रतिहस्ताक्षर हुनैपर्ने नियम नर्वेमा बसालिएको छ ।

संसदले ऐन पारित गर्ने प्रक्रिया भने नर्वेमा अनौठो छ । संसद एक सदनात्मक भए पनि ऐन पारित गर्नका लागि स्टोर्टिङ्ग दुई भागमा बाँडिन्छ- ओडेल्स्टींग र ल्याग्टीङ्गका नाममा । जब आम निर्वाचन भएर संसदको पहिलो अधिवेशन बस्छ-स्टोर्टिङ्गले आफ्ना एक चौथाइ सदस्य ल्याग्टीङ्गका लागि चुन्दछ; जुन माथिल्लो सदन सरह हुन्छ, बाँकी सांसदहरूद्वारा ओडेल्स्टींग बन्दछ, जुन तल्लो सदन सरह हुन्छ । सबै विधेयकहरू सबभन्दा पहिले ओडेल्स्टींगमा प्रस्तुत गरिन्छन्, त्यसपछि ल्याग्टींगको स्वीकृति, संशोधन वा इन्कारीका निम्ति पठाइन्छन् । कुनै पनि विधेयक कानून बन्न दुवै टिंगको सहमति हुनुपर्छ । यदि ओडेल्स्टींगले दुई पटक पास गरेको विधेयक ल्याग्टींगले दुबै पटक अस्वीकार गर्‍यो भने स्टोर्टिङ्गको संयुक्त पूर्ण बैठक बस्छ र त्यसको दुई तिहाइ बहुमतले अनुमोदन गरेपछि विधेयक ऐनका रूपमा पारित हुन्छ । र राजाकहाँ स्वीकृतिका लागि पेश गरिन्छ । हामीले माथि नै भनिसक्यौं स्टोर्टिङ्गले पारित गरिसकेको विधेयक राजाले सामान्यतया अनुमोदन गर्न अस्वीकार गर्दैनन् । तर कारणवश राजाले कुनै विधेयकलाई अनुमोदन गर्न मानेनन् भने स्टोर्टिङ्गको दुईवटा छुट्टाछुट्टै आम चुनावपछि गठित अधिवेशनले विना हेरफेर त्यही विधेयकलाई दोहोर्‍याएर पारित गर्‍यो भने राजाको स्वीकृति नभए पनि संविधानको धारा ७९ मुताविक विधेयक स्वतः ऐन बन्दछ ।

नर्वेमा राजाले संसदको अधिवेशन डाकिरहनै पर्दैन । हरेक वर्षको अक्टोवरको पहिलो हप्ताको शुरूदिन स्टोर्टिङ्गको अधिवेशन स्वतः हुने गर्दछ । एकचोटि अधिवेशन शुरू भएपछि स्टोर्टिङ्गले जरूरी ठानेको समयसम्म अधिवेशन जारी रहन्छ । र काम सकिएपछि मात्र यसको अन्त्य हुन्छ ।

नर्वेमा संविधान संशोधन गर्न जटिल प्रक्रिया तय गरिएको छ । त्यहाँ संविधान संशोधन गर्नु जरूरी छ भन्ने लागेमा स्टोर्टिङ्गको पहिलो, दोश्रो वा तेश्रो कुनै पनि अधिवेशनमा यससम्बन्धी प्रस्ताव पेश गरिनुपर्छ र नयाँ आम चुनावपछि गठित स्टोर्टिङ्गले पुनः त्यसलाई पारित गरेको हुनुपर्छ । संविधान संशोधनको प्रस्ताव पारित गर्न त्यहाँ पनि दुई तिहाइ बहुमतको जरूरत पर्दछ । त्यसरी पारित भइसकेपछि त्यो केवल सार्वजनिक घोषणाको लागि मात्र मुद्रित स्वरूपमा राजाकहाँ पठाइन्छ ।

यसदेखि बाहेक नर्वेको संसदको मन्त्री परिषदले लिएका हरेक निर्णयको रेकर्ड हेर्ने र तिनीहरूको जाँचबुझ गर्ने अधिकार छ । यसले विदेशसित भएका कुनै पनि सन्धि-संझौताको पुनरावलोकन गर्न सक्छ । राज्यको हरहिसावको लेखा परीक्षण गराउन सक्छ । राज्यको बजेट तथा कर प्रस्तावलाई स्वीकार वा अस्वीकार गर्न सक्छ । संसदको अनुमतिविना त्यहाँ कुनै नयाँ कर लगाउन पाइन्न ।


*सन्दर्भ सूची :*


1. The Constitution of the Kingdom of Norway.
2. The Norwegian Monarchy by Thomas Chr. Wyller, Ministry of Foreign Afairs, Sept. 1998. Internet edition
3. The Norwegion Parliament by the same author, Ibid
4. World Encyclopedia of Political System and Parties, Vol 2 3rd Edition, Facts on fill Inc USA 1999.
5. Encyclopedia of World Political Systems, Vol 2, by J. Dennis Derbyshire and I am Desbyshice, Sherpe Reference, Italy 2000.



अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

**श्री ५ को सरकार**
**सूचना तथा संचार मन्त्रालय**
**सूचना विभाग**



युवराज घिमिरे

# भारतको निर्वाचन परिणाम र त्यसको सन्देश

**चारै राज्यमा कांग्रेस शासन थियो र दिल्लीबाहेक अन्य तीनको सत्ता यसपल्ट भारतीय जनता पार्टीको पोल्टामा परेका छन् ।**

**भारतका** चार राज्य- राजस्थान, मध्यप्रदेश, छत्तीसगढ र दिल्लीमा दुई साताअघि भएको राज्य विधानसभा चुनाव घोषणा र सरकार गठनले त्यहाँको दुई ध्रुवीय राजनीति यथावत रहेता पनि कांग्रेस पार्टीको ओरालो लाग्ने क्रम जारी नै त छैन ? भन्ने शंका उठेको छ । यी चारै राज्यमा कांग्रेस शासन थियो र दिल्लीबाहेक अन्य तीनको सत्ता यसपल्ट भारतीय जनता पार्टीको पोल्टामा परेका छन् ।

चुनाव नतिजा विश्लेषणमा अक्सर भनिने गरेको 'इनकम्बेन्सी फ्याक्टर' या सत्तामा रहँदाको अलोकप्रियतालाई मात्र कांग्रेसी हारको कारण मानिनु सतही दृष्टिकोण हुनेछ । विभिन्न राज्यका हारका अलगअलग र स्थानीय कारण भएतापनि कांग्रेसभित्रको 'गुटवाद, जनमानसमा परिवर्तनको चाहना र शासकीय असफलताले एकातिर कांग्रेसको विपक्षमा वातावरण सिर्जना गरे भने अर्कोतिर केन्द्रमा भारतीय जनता पार्टीकै नेतृत्वमा गठबन्धन सरकार रहेकोले राज्यमा विकासको लहरलाई केन्द्रीय सरकारसँगको द्वन्द र टक्करबाट हैन, केन्द्रसँग मिलेर ज्यादा प्रोत्साहित गर्न सकिन्छ भन्ने भारतीय जनता पार्टीको प्रचारलाई कांग्रेसले प्रभावकारी रूपमा टक्कर दिन सकेको देखिएन । हो, दिल्लीमा वी.जे.पी.ले सत्ता हत्याउन नसक्नु उसको असफलता हो र त्यहाँको शीला दीक्षित (कांग्रेस) सरकारको सफलता पनि ।

तथ्यांकअनुसार, विगत १२ महिनामा दिल्लीमा करिव ३८० बलात्कारका घटना भएका छन् जसका शिकारमध्ये वरिष्ठ विदेशी कूटनीतिज्ञ महिला पनि छन् । राजधानी दिल्लीको शान्ति सुरक्षा राज्य सरकार मातहत नभई केन्द्रीय शासन मातहत रहेको र यी बलात्कार लगायतका घटनाका लागि दीक्षित स्वयंले



*भारतीय प्रधानमन्त्री अटलविहारी वाजपेयी*

अभियानका रूपमा केन्द्रीय गृहमन्त्रालयलाई 'एक्सपोज' गर्दै आएकोले पनि भारतीय जनता पार्टीले बचाउको राजनीति (चुनाव प्रचार) गर्नु परेको थियो ।

तर यो चुनावको हारजीतको तत्कालिक कारण जे भएता पनि आगामी दिनमा र खासगरी अर्को वर्षको दोश्रो उत्तरार्द्धमा हुने संसदीय चुनावमा यसको के असर पर्ला ? या राज्यको यो चुनाव तथा चयन प्रवृत्ति त्यसमा पनि परिलक्षित होला त ? महत्वपूर्ण मुद्दा र विश्लेषणको विषय हुनेछ । त्यस्तै राज्यका चुनाव नतिजा आन्तरिक राजनीतिको विषय भएतापनि अतिवादी हिन्दू राष्ट्रवादको नारामा राजनीति चलाउने वी.जे.पी. तथा त्यसको भातृ संगठनले 'हिन्दू राष्ट्र' नेपालमा आफ्नो गतिविधि बढाउने संकेत भने स्पष्टरूपमा देखापरेको छ ।

राजस्थान, मध्य प्रदेश तथा छत्तीसगढ (गत चुनावपछि मध्य प्रदेश राज्य विभाजित गरिएकोले छत्तीसगढको अलग अस्तित्व स्थापित हुन गएको हो)मा चुनावी नतिजाले प्रतिपक्षमा बस्न पुगेता पनि कांग्रेसको जन समर्थनमा महत्वपूर्ण कटौती भएको भने देखाएको छैन । साथै मध्य प्रदेशको वर्तमान मुख्यमन्त्रीमा उमा भारती 'अतिवादी हिन्दू' मानसिकताकी भएकी,




*काठमाण्डौका भित्ताहरुमा यस्ता पोष्टरहरु देखिन थालेका छन्*

> अतिवादी हिन्दू राष्ट्रवादको नारामा राजनीति चलाउने वी.जे.पी. तथा त्यसको भातृ संगठनले "हिन्दू राष्ट्र" नेपालमा आफ्नो गतिविधि बढाउने संकेत भने स्पष्टरुपमा देखापरेको छ



मध्य प्रदेशको मुख्यमन्त्री हुनुभएपछि उमा भारती

**विगत ३ निर्वाचनमा भाजपाले पाएको केन्द्रीय मत प्रतिशत (३०प्रतिशत)लाई दलको समर्थनको 'सेचुरेशन प्वाइन्ट' भएको वी.जे.पी.ले पनि स्वीकार गरेको छ । अर्थात् अरु पार्टीलाई गठबन्धनमा सामेल गरे मात्र भाजपाको विस्तार संभव देखिन्छ ।**

उनको विरूद्ध अयोध्यामा बावरी मस्जीद गिराएको प्रकरणमा फौजदारी मुद्दा चलिरहेको र पार्टीभित्र नै गुटवन्दीलाई प्रोत्साहित गरेको आरोपसमेत उनीमाथि भएको कारणले उनको नेतृत्व र राज्यको सरकारको स्थिरता र स्थायित्वमाथि प्रश्नचिन्ह उठाउन असहज हुनेछैन । उता छत्तीसगढमा नवनियुक्त मुख्यमन्त्रीलाई भ्रष्टाचारका कारण मुख्यमन्त्री बन्नबाट रोकिएका दीलिप सिंह जु देवका 'पपेट'का रूपमा हेरिएको छ । कांग्रेसी गढ राजस्थानमा मुख्यमन्त्री बनेकी बसुन्धारा राजे सिंधियाको नेतुत्व क्षमता पनि कठीन परीक्षणको कसीबाट गुज्रिनेछ । यी सबै परिस्थितिहरू भाजपाको अनुकूल नहुने देखिन्छ । त्यो असफलताको प्रत्यक्ष असर आगामी संसदीय चुनावमा भाजपाविरूद्ध नपर्ला भन्न सकिन्न । २४ दलका गठबन्धनमा अझ पनि गिर्दो स्वास्थ्यका प्रधानमन्त्री अटल विहारी वाजपेयीको विकल्पका रूपमा उपप्रधानमन्त्री लालकृष्ण आडवानी स्थापित हुन सकेका छैनन् र ७८ वर्षीय वाजपेयीको स्वास्थ्यमा अरू गिरावट आएमा नेतृत्व संकट गहिरिने पनि देखिन्छ ।

उता कांग्रेस पार्टी भाजपा गठबन्धनविरूद्ध धर्म निरपेक्षतामा आधारित केन्द्रीय तथा क्षेत्रीय शक्ति/दलहरूको छाता संगठन बनाउने प्रयासमा जुट्दा उसको समर्थन विस्तार हुने सम्भावनामा केही वृद्धि भएको पनि देखिन्छ । र यसबीच कांग्रेस नेतृ सोनिया गान्धीको 'विदेशी लेवल' हटिसकेकोले उनको स्वीकार्यता आगामी चुनावमा पहिलाभन्दा ज्यादा बढ्ने सम्भावनालाई पनि वेवास्ता गर्न मिल्दैन । उसोभए उनको विरूद्ध किन धर्म निरपेक्ष दल र नेताहरू छन् त ? भारतको विगत राजनीतिको एउटा महत्वपूर्ण चरित्र लामो समयको सत्ताविरूद्धको मोर्चावन्दीमा गैर कांग्रेसवाद (र केहीहदसम्म नेहरू परिवार विरोध) पनि रही आएको छ । आन्ध्र प्रदेशका चन्द्रबाबु नायडु या समाजवादी नेता जर्ज फर्नान्डिज जस्ता व्यक्ति र शक्तिहरू कांग्रेसविरोधी पूर्वाग्रहकै कारण उनीहरूले सम्प्रदायवादी भनी मान्दैआएको भाजपा नजिक पुगेका छन् । त्यसैले, उनीहरूलाई स्थायीरूपमा भाजपाका मित्रशक्ति मान्न सकिँदैन । साथै विगत ३ निर्वाचनमा भाजपाले पाएको केन्द्रीय मत प्रतिशत (३०प्रतिशत)लाई दलको समर्थनको 'सेचुरेशन प्वाइन्ट' भएको वी.जे.पी.ले पनि स्वीकार गरेको छ । अर्थात् अरू पार्टीलाई गठबन्धनमा सामेल गरे मात्र भाजपाको विस्तार संभव देखिन्छ । तर, २४ पार्टीको गठबन्धनलाई विस्तार गर्न भाजपाले त्याग गर्नुपर्ने आवश्यकता देखिन्छ, जुन व्यावहारिक कारणले गर्नसक्ने स्थितिमा ऊ छैन । यी सबै व्यावहारिक अनिवार्यताले भाजपाले आगामी चुनावपूर्वको समझदारीमा आफ्नो वर्तमान शक्ति र हैसियतमा कटौती गर्न तयार नभएमा गठबन्धन केही हदसम्म चोइटिने सम्भावना प्रष्टिँदै गएको पनि देखाउँछ ।

माथि भने जस्तै यो चुनावले मुख्यतया आन्तरिक राजनीतिको 'डाइनामिक्स' देखाएको छ । विदेश नीतिलाई यसले प्रत्यक्ष प्रभावित गर्दैन । यी राज्यमा कांग्रेसको विजय भएको अवस्थामा पनि त्यसले बाह्य नीतिमा तात्विक भिन्नता ल्याउने या असर पार्ने थिएन । तर भाजपाको एउटा छाता संगठन- राष्ट्रिय स्वयं सेवक संघ (आर.यस.यस.)को राजनीतिक हांगा भएकोले यो विजयलाई संघले विभिन्न तरीकाबाट आफ्नो अतिवादी कार्यक्रमलाई नेपालमा विचारको प्रयोजनले प्रयोग गर्ने छैन भन्न सकिँदैन ।

यो नतिजा घोषणापछि राजधानी काठमाण्डौमा 'हिन्दू स्वयंसेवक संघले धर्म निरपेक्षताविरोधी अभियान चलाउनु र 'हिन्दू हितको कुरा गर्नुले मात्र पनि हाम्रो मुलुक नेपालमा शासन गर्न पाउने पोस्टरहरू सार्वजनिक अभियानका रूपमा टाँसेका छन् । हिन्दू स्वयं सेवक संघ आर.यस.यस.को अन्तर्राष्ट्रिय इकाई हो र 'हिन्दू हितको कुरा गर्नेले मात्र शासन गर्न पाउने' भारतको भाजपाको नारा हो । हिन्दू स्वयंसेवक संघ (नेपाल)को नेतृत्व पनि आर.यस.यस का वरिष्ठ प्रचारकले गर्ने हुँदा भारतीय साम्प्रदायिक राजनीतिलाई विस्तार गर्न अहिले दरवार या राजासँग नजिक भई प्रजातन्त्र पक्षीय राजनीतिक दलहरूका विरोधमा अडान लिन राजालाई समर्थन दिने एजेन्डा उक्त संगठनले अपनाएको देखिन्छ । दीर्घकालीन रूपमा मुलुकमा सामुदायिक विभाजनमा यो संगठनले भूमिका खेल्ने त प्रष्ट देखिन्छ नै । अरू खतरनाक कुरा त के भने यो संगठन नेपाल, भुटान लगायतका मुलुकहरूलाई अखण्ड भारतकै एउटै अंग मान्दछ, स्वतन्त्र मुलुक होइन । केही राज्य या केन्द्रमा भाजपाको जित निश्चय पनि त्यहाँका जनताको जनादेशको सूचक हो । त्यहाँको वर्तमान चुनाव परिणामलाई पनि त्यो रूपमा हेरिनुपर्दछ । तर त्यो विजय अखण्ड भारतको अवधारणा छिमेकमा प्रयोगका लागि अनुकूल वातारण बनेको निष्कर्ष केही भारतीय अतिवादी संगठनहरू तथा नेपालस्थित तिनीहरूका पृष्ठपोषकहरूले निकाल्नु अतिवादी विस्तारवादी चिन्तन तथा मनसायको पराकाष्ठा मानिनेछ । ❑



# रूसी चुनाव यात्रा : निरंकुशतातिर

मंसिर २१ गते रूसी संसद्- द्यूमा-का लागि भएको निर्वाचनमा अन्धराष्ट्रवादी शक्तिहरू अत्यधिक मात्रामा विजयी भएका छन् । र, चुनावमा नराम्ररी पराजित भएका संसदीय कम्युनिष्टहरूको मत पहिलेभन्दा आधा संख्यामा खुम्चिएको छ ।

रूसको केन्द्रीय निर्वाचन आयोगको रिपोर्टअनुसार राष्ट्रपति भ्लादिमिर पुटिनको क्रेमलिन प्रशासनको निकट रहेको युनाइटेड रसिया (U. R.) ले ३७.०९ प्रतिशत मत प्राप्त गरेको छ । त्यस्तै अन्धराष्ट्रवादी पार्टीहरूमध्ये भ्लादिमिर भिरिनोभ्स्कीको लिबरल डेमोक्रेटिक पार्टी अफ रसिया (LDPR) र नव गठित रोडिना अर्थात् होमल्याण्ड ब्लक (मदरल्याण्ड पार्टी) ले क्रमशः ११.८ प्रतिशत र ९.१ प्रतिशत मत प्राप्त गरेर सबैलाई तीनछक्क पारेका छन् । तर पहिलेदेखि पश्चिमपरस्त पार्टीका रूपमा चर्चित पुराना ठूला पार्टीहरू याब्लोको र युनियन अफ राइट फोर्सेज भने यस चुनावबाट लगभग निमिट्यान्न नै भएको छ ।

यस्तो खालको चुनावी परिणाम आउनुको कारण खोतल्ने क्रममा राजनीतिक विश्लेषकहरूले विभिन्न नकारात्मक पक्षहरूतिर औंला ठड्याएका छन् । यसै सन्दर्भमा राष्ट्रपति पुटिनले आफ्नो पक्षका पार्टीहरूलाई जिताउन संचार माध्यमहरूको खुलेआम दुरूपयोग गरेका तथ्यहरू सार्वजनिक भइसकेका छन् । यसका साथै चुनावको मुखैमा जनतालाई लोभ्याउने खालका अन्धलोकवादी -पपुलिष्ट- निर्णय र कार्यक्रमहरू गरेर चुनावलाई राम्ररी नै प्रभावित पारिएको पक्ष पनि उजागर भइसकेका छन् । विशेषतः अर्थतन्त्रमाथि एकाधिकार कायम गर्दै आइरहेका अल्पतान्त्रिक घरानाहरूमाथि कारबाहीका लागि जनताका बीचबाट पहिलेदेखि भइरहेको मागलाई ध्यानमा राखेर रूसका सबैभन्दा धनी व्यक्ति मिखाइल खोदोर्कोभ्स्कीलाई गिरफ्तार गरी जेलमा हालिएको थियो । युकोस आयल कम्पनीका पूर्व प्रमुख कार्यकारी खोदोर्कोभ्स्कीलाई जेलमा हालेर राष्ट्रपति पुटिनले आफू शक्तिशाली शासक हुँ भन्ने सन्देश प्रवाह गरेका थिए, जुन अन्धराष्ट्रवादी शक्तिहरू र महाशक्ति राष्ट्र सोभियत संघको विखण्डनबाट आहत भएका नागरिकहरूको चाहना र माग पनि थियो ।


यी सबैको परिणामस्वरूप रूसी द्यूमाको स्वरूप झन् बेसी मात्रामा पुटिनको क्रेमलिन शासनको पक्षधर हुनथालेको छ र यसको सार पनि मूलतः अन्धराष्ट्रवादका रूपमा अभिव्यक्त हुनथालेको छ । यी सबैको परिणति राष्ट्रपति पुटिनको शासन पनि बोरिस येल्तसीन कालमा जस्तै निरंकुश शासनतिर प्रवृत्त हुने अनुमान गरिन थालिएको छ । शक्तिशाली शासक र राजनीतिक स्थायित्वका लागि राष्ट्रपति पुटिनलाई अझ मजबूत बनाउनलाई पुग्ने संसदीय बहुमत र वैचारिक भावभूमि तयार भइसकेको कारणले रूसको राजनीति निरंकुश राष्ट्रपतीय शासनतिर ढल्किने संभावना बढ्दो छ । यस्तो खालको राजनीतिक प्रतिगमनलाई रोक्नसक्ने शक्ति र सामर्थ्य भएका कम्युनिष्ट पार्टीहरूको भूमिका यतिखेर निकै महत्वपूर्ण हुने देखिएको छ ।

सोभियत संघको विघटनपछि सबैभन्दा ठूलो र बलियो विपक्षीको रूपमा रहेको पुराना सोभियत कम्युनिष्ट नेताहरूको पार्टी कम्युनिष्ट पार्टी अफ दि रसियन

*हासिया-हथौडायुक्त झण्डाको दुरूपयोग : कम्युनिष्ट पार्टीलाई हराउनका लागि बनाइएको होमल्याण्ड ब्लकको झण्डा (माथि)*

*होमल्याण्ड ब्लकका नेता : रोगोजिन (दायाँ)*

*रुसी कम्युनिष्ट पार्टीका नेता गेन्नाडी जुगानोभ (बायाँ)*



## कम्युनिष्ट पार्टी किन पछाडि धकेलियो ?



फेडरेसन (CPRF) ले आफ्नो मतको प्रतिशत र जनाधार गुमाएको कारणले सत्तासीन शक्तिहरूको मनोबल निकै उँचो भएको छ । यस पटकको निर्वाचनमा यसले १२.७ प्रतिशत मत मात्रै सुरक्षित गर्न सकेको छ, जुन सन् १९९९ को संसदीय निर्वाचनमा प्राप्त मतको तुलनामा आधामात्रै हो ।

स्मरणीय छ, यसले पहिले सत्तासीन पार्टी युनाइटेड रसियाको हाराहारीमा मत प्राप्त गरेको थियो । यस पार्टीको तर्फबाट राष्ट्रपति पदको चुनावमा उम्मेद्वार भएका गेन्नाडी जुगानोभले पूँजीवादी उम्मेद्वार पुटिनलाई समेत झण्डै झण्डै हराउन सफल भएका थिए । तापनि यसपटक पनि संख्यात्मक रूपमा दोस्रो सबैभन्दा ठूलो विपक्षी पार्टीको हैसियत पाएको यस पार्टीले पहिलेभन्दा बेसी मात्रामा प्रतिपक्षीयको भूमिका खेल्नुपर्ने स्थिति आएको छ ।

केही राजनीतिक विश्लेषकहरूका अनुसार यस पार्टीको नराम्रो पराजयको कारण हो- पार्टीका प्रमुख नेता गेन्नाडी जुगानोभमा करिश्मापूर्ण नेतृत्व क्षमताको अभाव र भीजनको कमी हुनु । सिंगो कम्युनिष्ट नामको पार्टीको पराजयलाई व्यक्तिगत नेतृत्वको कमीको आधारमा व्याख्या गर्ने यो दृष्टिकोणबाट हेर्दा संभवतः समस्याको एउटा पाटोमात्रै देखिनसक्छ । निश्चित रूपमा पार्टीका सबलता र कमजोरीहरू नेतामार्फत् अभिव्यक्त त हुन्छ तर व्यक्तिकै कमजोरीका कारणले सिंगो पार्टी पराजित भएको विश्लेषण तथ्यपरक हुन गाह्रो छ । कदाचित् यही विश्लेषण सत्य हो भने यस पार्टीमा सामूहिक नेतृत्वको सट्टा व्यक्तिगत नेतृत्वको अभ्यास भइरहेको तथ्य स्वीकार्नु पर्ने हुन्छ ।

ती विश्लेषकहरूको तुलनामा अरू राजनीतिक विश्लेषकहरूको विश्लेषण सटिक र वस्तुसम्मत हुनसक्ने संभावना बेसी छ । उनीहरूको विश्लेषणअनुसार यस पार्टीको पराजयका कारणहरू हुन्- विगतमा यसले सडक र संसदमा खेलेको फितलो प्रतिपक्षीय भूमिका, यसका विरूद्ध संचालित पूँजीवादी शक्तिहरूको

## रूसी संसद स्टेट द्युमाको अघिल्लो चुनाव परिणाम

*पार्टी सूचीका आधारमा*

| पार्टीको नाम | प्राप्त मत प्रतिशत | प्राप्त सीट |
|---|---|---|
| ○ रुसी कम्युनिष्ट पार्टी | २४.२ | ११३ |
| ○ युनीटी पार्टी (संस्थापन पक्षको झुकाव) | २३.३ | ७२ |
| ○ फादरलैण्ड अल एसिया | १२.० | ६६ |
| ○ युनीयन अफ राइट फोर्सेज् | ८.० | २९ |
| ○ याब्लोको पार्टी | ६.० | २१ |
| ○ ग्लादीमीर झिरिनोभ्स्कीको ब्लक | ६.० | १७ |
| ○ आउर् होम इज एसिया | – | ७ |
| ○ स्वतन्त्रता | – | ११५ |

◆ रूसी स्टेट द्युमाको चुनावअघिल्लो पटक डिसेम्बर १९, १९९९ मा भएको थियो ।

◆ द्युमाको कुल सीट-४५० त्यसमध्ये आधा सीट ५% भन्दा ज्यादा भोट ल्याउने पार्टीहरूलाई जान्छ । आधा चाहिं एकल जनादेश मतदान क्षेत्रबाट चुनेर आउने उम्मेद्वारहरूलाई जान्छ ।

◆ १९९९ को चुनावमा केवल ६ वटा पार्टीले मात्र ५% भन्दा ज्यादा मत ल्याएका थिए ।

*स्रोत : द इकोनोमिष्ट, लण्डन, डिसेम्बर २३, १९९९ र इण्टरनेशनल हेराल्ड ट्रिब्युन डिसेम्बर २४-२५-२६, १९९९*

## रूसी संसद स्टेट द्युमाको हालको चुनाव परिणाम

| पार्टीको नाम | पार्टी सूचीका आधारमा प्राप्त मत प्रतिशत | द्युमामा प्राप्त कुल सीट |
|---|---|---|
| ○ युनाइटेड रस्सिया (संस्थापन पक्षको पार्टी) | ३७.०९ | २२१ |
| ○ रूसी कम्युनिष्ट पार्टी | १२.७ | ५१ |
| ○ लिबरल डेमोक्रेटिक पार्टी (झिरिनोम्स्कीको उग्र राष्ट्रवादी पार्टी) | ११.६ | ३७ |
| ○ द मदरलैण्ड ब्लक (३ महिनाअघि मात्र गठित पार्टी) | ९.१ | ३७ |
| ○ याब्लोको | ४.२ | ४ |
| ○ युनियन अफ राइट फोर्सेज् | ३.८ | ३ |
| ○ खानी मजदूरहरूको पार्टी | – | २६ |
| ○ स्वतन्त्र | – | ६७ |

*स्रोत – केन्द्रीय निर्वाचन, आयोग, २००३*

**आफ्नो लज्जास्पद पराजयबाट पाठ सिकेर सडक र सदनमा सशक्त विपक्षीको भूमिका खेल्ने दायित्व फेरि एकपटक रूसी कम्युनिष्ट पार्टीको काँधमा आएको छ**



*रेड स्क्वायरमा झुण्ड्याइएको बिलबोर्डमा युनाइटेड रसियाका उम्मेदवारहरु*

संचारयुद्ध र सत्ता-शक्तिको दुरूपयोगको क्रममा गरिएको चुनावी धाँधली ।

र, यस पार्टीको जनाधारमा भुइँचालो ल्याउनका लागि पुटिन सरकारद्वारा गठन गरिएको मानिने रोडिना अर्थात् होमल्याण्ड ब्लकको कम्युनिष्ट झण्डा, वामपन्थी शैलीको नीति र कार्यक्रम अनि अन्धराष्ट्रवादी स्वरको प्रभाव पनि यसको पराजयका लागि महत्वपूर्ण तत्वको रूपमा देखापरेको हुनसक्छ ।

जे भएता पनि आफ्नो लज्जास्पद पराजयबाट पाठ सिकेर सडक र सदनमा सशक्त विपक्षीको भूमिका खेल्ने दायित्व फेरि एकपटक कम्युनिष्ट पार्टी अफ दि रसियन फेडरेसनको काँधमा पनि आएको छ । एउटा माघले जाडो जाँदैन भने झैं एउटा चुनाव नै सबथोक होइन । जनतासँग एकाकार भई, उनीहरूका समस्या समाधान गर्न र उनीहरूका सपना साकार पार्न कम्मर कस्ने हो भने उनीहरूको भावी जीतलाई कसैले छेकेर छेक्नसक्ने छैन । र अहिलेलाई पुटिनको निरंकुशतातिरको प्रतिगमनलाई रोक्न पनि उनीहरू पक्कै सक्षम हुनेछन् भन्ने विश्वास गर्न सकिन्छ । ❑

# राणाको बन्धन तोडेर गणेशमान यसरी भागे !

**वि.सं. १९९७** सालमा प्रजा परिषद काण्डमा परेका राजबन्दीहरू सबै सदर जेल, हालको भद्रगोल जेलमा थुनिएका थिए । उनीहरू जेल परेदेखि नै जेलबाट भागेर आफ्नो उद्देश्य पूरा गर्ने धुनमा लागिरहे । उनीहरूलाई जेलबाट भगाउनको लागि जेलमै बन्दी जीवन विताइरहेका 'गोपी च्यामे' भन्ने व्यक्तिले सहयोग पनि गरे । तर भाग्ने भनेको दिनमै त्यो पोल खुल्यो र, जेलबाट भाग्न राजबन्दीहरूले गरेको प्रयास विफल भयो ।

त्यो पहिलो प्रयास विफल भएपछि उनीहरूमध्ये केहीले जेलबाट भाग्ने इच्छा नै त्यागे भने केहीले अझै पनि प्रयास गरिरहे । त्यसमध्ये सबभन्दा प्रयासरत गणेशमान सिंह रहे । जेलबाट भाग्नको लागि उनीहरूले दोस्रो प्रयास गरे । जेलका बन्दीहरूको लुगाको लागि वर्षेनी ९/९ हात कपडा दिइन्थ्यो । त्यो कपडालाई जोडेर त्यसबाट माथि चढ्न खुट्टा अड्काउन सक्ने गरी गाँठो पार्ने, त्यसको एक छेउमा फलामको अंकुश अड्काउने र त्यस अंकुशलाई परखालमा अड्काएर त्यसको सहारामा पर्खाल नाघेर भाग्ने योजना बनाइयो ।

त्यही योजनाअनुसार अंकुश बनाउनको लागि फलामको डण्डी खोजियो । फलामको डण्डी लक्ष्मीनन्दन चालिसेले (जो परीक्षामा 'नपुंसक राणा' शब्द लेखेको आरोपमा जेल परेका थिए)ले खोजेर ल्याइदिए । त्यो फलामको डण्डीलाई अंकुश बनाउनको लागि 'गणेशमानलाई वाथ भएको छ, दिनदिनै आगोमा तापेर मालिस गर्नुपर्छ' भनेर गोल जम्मा गरियो । त्यसरी गोल र फलाम उपलब्ध भएपछि चुडाप्रसाद बस्ने कोठामा गोलको आगो फुकेर फलाम तताउँदै त्यसलाई बाङ्गो बनाउने कोशिस गर्न थालियो । महिनौंको मेहनतपछि त्यो फलामको डण्डी अंकुशमा परिणत भयो ।

अब त्यो अंकुशलाई पर्खालमा अड्काउने प्रयास गरियो । त्यो काम त्यति सजिलो थिएन । किनभने एक त जेलभित्र रातभर पहरा हुन्थ्यो । दोस्रो, पहिले जेलबाट भाग्न खोजेको घटनापछि चियोचर्चा गर्ने मानिसहरू खटाउन थालिएको थियो । राजवन्दीहरूले यसको पनि उपाय झिके । चियो चर्चो गर्ने कुरा हटाउनको लागि उनीहरूले 'जेलमा मरेका कैदीहरू अगति परेकाले तिनीहरूको प्रेतात्मा राति राति घुम्छ' भन्ने हल्ला फिंजाइ दिए । त्यो कुरा प्रमाणित गर्नको लागि एकदिन राति गणेशमानसिंह भरेङ्मुनि लुकेर बसे र फणिन्द्रराज हमाल पिसाव फेर्न जाँदा खुट्टा समाते । उनी ज्यादै सिधासाधा र सत्य बोल्ने खालका व्यक्ति थिए । साँच्चै नै भूतले समात्यो भन्ने ठानेर उनी जोडजोडले कराउँदै माथि उक्लिए । त्यहाँ ठूलो होहल्ला भयो र साँच्चै नै भूत आउँदोरहेछ भन्ने कुरा अरू बन्दीहरूमा पनि पर्‍यो । त्यसैले त्यो



दिनदेखि चियो चर्चागर्ने व्यक्तिहरू बाहिर निक्लन सकेनन् ।

चियोचर्चा नभएपछि रातमा घुम्ने पाले दक्षिणबाट पश्चिमतिर लागेपछि आधा आधा रातमा गएर गणेशमानले पर्खालमा अंकुश अड्काउने प्रयास गर्न थाले । पालेलाई पश्चिमबाट फेरि दक्षिण आइपुग्न आधा घण्टा लाग्थ्यो । त्यो आधा घण्टाभरि गणेशमान निर्धक्कसँग प्रयास गर्नसक्थे । त्यो प्रयास महिनौं दिन जारी रह्यो । महिनौं दिनपछि गणेशमानको त्यो प्रयास सफल भयो । यतिबेलासम्म सबैजसो राजबन्दीहरू निराश भएर अब नभाग्ने भन्ने निचोडमा पुगिसकेका थिए । उनलाई साथ दिने एकैजना व्यक्ति चन्द्रमान सैंजु बाँकी रहे ।

अब उनीहरू वि.सं. २००१ साल असार ७ गते राती जेलबाट भाग्ने टुंगोमा पुगे । त्यो रात सदर जेलको पश्चिमपट्टि हाल सेन्ट्री पोष्ट रहेको ठाउँको पर्खालमा कपडाको डोरी जोडिएको फलामको अंकुश अड्काएर गणेशमानसिंह कपडाको गाँठोमा खुट्टा अड्काउँदै पर्खालको टुप्पोमा पुगे । त्यसपछि चन्द्रमान सैंजुले उक्लने प्रयास गर्नथाले । २/४ चोटि प्रयास गर्दा पनि उनी माथि उक्लन सकेनन् । उनले माथि उक्लने प्रयास गर्दागर्दै चक्कर लगाउने पाले त्यहाँ आइपुग्ने बेला भइसकेको थियो । पर्खालमा चढेका गणेशमानले पालेले बोकेको लालटिनको उज्यालो देख्ने वित्तिकै 'अब तिमी आउन सक्तैनौ, पालेलाई उतै अलमल्याऊ' भनेर डोरी माथि तानेर पर्खालबाहिर झुण्ड्याए र त्यसैको भरमा उनी जेलबाहिर पुगे ।

पालेको आँखा छल्दै चन्द्रमान सैंजू यताउति दौडे । तर उनले लगाएको सेतो लुगाले गर्दा पालेले उनलाई देखिहाल्यो र उनी समातिए । पालेले होहल्ला गर्‍यो । रातको १/२ बजे के भयो भन्ने जिज्ञासा सबैलाई भयो । अरू पालेहरू पनि त्यहाँ जम्मा भए । 'कैदी भाग्यो' भनेर पालेहरूको सातोपुत्लो गयो । उनीहरूले चन्द्रमानलाई केरकार गरे । तर उनले गणेशमान भागेको कुरा फुकाएनन् । उनले आफैंमात्र भाग्न लागेको भन्ने कुरा दोहोर्‍याइरहे । यो कुरा जेलका गार्डहरूले जेल सुपरिटेन्डेन्टकहाँ पुर्‍याए । उनी दौडेर आइपुगे र बन्दीहरू *राखिएका कोठाहरू खोलेर बन्दीहरूको गन्ति* गर्न थाले । अनि गणेशमान भागेको कुरा पत्ता लाग्यो । केही गार्डहरू जेलको पर्खालबाहिर हेर्न दौडिए । उनीहरूले दक्षिणको पर्खालमा डोरी झुण्डिएको देखे । डोरी देखेपछि गणेशमान भागेको कुरा पक्कापक्की भयो । उनलाई खोज्न प्रहरीहरू खेतको फाँटैफाँट दौडिए तर कसैले भेट्टाउन सकेन । उनी भागेको भाग्यै भए ।

त्यहाँबाट भागेर उनी सरासर *नेपाल प्रजातन्त्र*का सदस्य सूर्यबहादुर भारद्वाजको घर पुगे । उनले गणेशमनलाई लुकाउने जिम्मा शम्भुराम श्रेष्ठलाई दिए । उनले स्वयम्भू पछाडि घरभएकी आफ्नी बहिनीकहाँ गणेशमानलाई राख्ने कुरा मिलाए । र, सूर्यबहादुर भारद्वाजको घरबाट त्यहाँसम्म लानको लागि उनीहरूले गणेशमानलाई स्वास्नी मरेर काजक्रिया गरी फर्केको बहाना गरी पछ्यौराले मुख छोपेर रूवाउँदै लगे र सूर्यबहादुर भारद्वाज र शम्भुराम उनको पछि पछि लागे । त्यसपछि उनलाई भारत पुर्‍याउनको लागि साथीहरूले चाँजोपाँजो मिलाउँदै थिए । तर साथीहरू कसैलाई केही खबर नगरी केही दिनपछि गणेशमान भारततिर लागे । यसरी २००१ सालमा गणेशमान जेलबाट उम्केर भारत पुग्न सफल भएका थिए ।

❑ मुक्ता श्रेष्ठ

(डा. राजेश गौतमद्वारा लिखित *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्‌को भूमिका* र खड्गमान सिंहद्वारा लिखित *जेलमा २० वर्ष* नामक पुस्तकहरुमा आधारित ।)

# गीतको विषयमा चासो

## सार्थक गीत सिर्जनाबारे अन्तर्क्रिया

**केही** समयअगाडि गीतहरूका बारेमा एउटा सार्थक छलफल प्रारम्भ भएको थियो । इन्द्रेणी सांस्कृतिक समाज, कीर्तिपुरको आयोजनामा भएको त्यस छलफलमा गीतकार र संगीतकारहरूको उल्लेख्य उपस्थिति ि थयो । प्रगतिशील संस्कृतिको निर्माणमा गीत र संगीतको महत्वबारे व्यापक छलफल भएको त्यस आयोजनमा मूलतः सार्थक गीतहरूको अभावमाथि बढी चिन्ता व्यक्त गरिएको थियो ।

गत मंसिर १३ गते कीर्तिपुरको एउटा विद्यालय कक्षमा भएको त्यस कार्यक्रममा गीत रचनामा सरोकार राख्ने लेखकहरू गोविन्द वर्तमान, हरिगोविन्द लुईटेल, मित्रलाल पञ्जानी, शार्दूल भट्टराई र राजेन्द्र महर्जनले गीति क्षेत्रमाथि रहेका समस्याहरूबारे विचार विमर्श गरेका थिए । त्यसैगरी, सार्थक गीतको अभावमा सांस्कृतिक गतिविधिलाई चाहिँदो मात्रामा अघि बढाउन नसकिएको प्रसंग उठाउँदै संगीत क्षेत्रका स्रष्टाहरू रामकृष्ण दुवाल, माधव प्रधान, वीरप्रसाद भन्सारी र गुजे मालाकारले पनि आ-आफ्ना विचारहरू व्यक्त गरेका थिए । कार्यक्रममा इसासका पूर्व उपाध्यक्ष हरिकृष्ण दर्शनधारी, गायिका रानीशोभा महर्जन, दिलिप महर्जन, मनोज महर्जन, दिलिप किपुको पनि उपस्थिति थियो ।

छलफलमा सहभागी प्रायः सबै वक्ताहरूले विगतमा पंचायती निरंकुशताविरूद्ध लक्षित गरेर तयार पारिएका गीतहरू आजको समयमा सबै क्षेत्र र अवसरहरूमा सान्दर्भिक नहुने भएकाले गीतका कथ्यहरूमा विविधिकरणको आवश्यकतामाथि जोड दिएका थिए । युवा युवतीको स्वस्थ प्रेम अभिव्यक्ति, विवाहका अवसरमा दम्पतिलाई शुभकामना दिँदै भनिनुपर्ने विचारहरू, जन्मदिनको अवसरमा आजभोलि हुने गरेका औपचारिक समारोहमा व्यक्त गरिने भावना इत्यादि समग्र सन्दर्भलाई सुहाउँदा गीतहरू हामीसँग छैनन् र आजका गीतकारहरूका निम्ति यो एउटा राम्रो चुनौति हो भन्ने कुरा छलफलमा पटक पटक उठेको थियो ।

> पंचायती निरंकुशता-विरूद्ध लक्षित गरेर तयार पारिएका गीतहरू आजको समयमा सबै क्षेत्र र अवसरहरूमा सान्दर्भिक हुँदैनन्

गीतहरू श्रुतिमधुर हुनुपर्ने, तिनका शब्दहरूले हृदयलाई छोएरमात्र मस्तिष्कलाई प्रभाव पार्नु पर्ने, सामाजिक विकृति, पर्यावरण असन्तुलन, जातीय भेदभाव, लैङ्गिक असमानताजस्ता ठूला विषयहरूदेखि लिएर स्वस्थ प्रेमका अभिव्यक्तिहरू पनि गीतका विषय-क्षेत्रभित्र पर्छन् र पर्नुपर्छ भन्ने सामूहिक निष्कर्ष छलफलले निकालेको थियो ।

युद्धकालीन गीत, आन्दोलनकालीन गीत र सर्वकालीन गीत गरी गीतलाई तीन प्रकारले विभाजन गर्न सकिने विचार पनि छलफलमा व्यक्त भएको थियो ।

त्यसअघि पनि इसास कीर्तिपुरकै आयोजनामा कार्तिक ८ गते गीतबारे अर्को छलफल गरिएको थियो । नेपाल सम्वत ११२४ को उपलक्ष्यमा आयोजित सो छलफलमा खगेन्द्र संग्रौला, हरि रोका, रायन, गोविन्द वर्तमान, श्याम श्रेष्ठ, राजेन्द्र महर्जन, तुलसीदास महर्जन, हरिगोविन्द लुईटेल, स्नेह सायमी, रामकृष्ण दुवाल, माधव प्रधान, वीरप्रसाद भन्सारी, गुजे मालाकार, रमण महर्जन, मुक्ता श्रेष्ठ आदि गीत, संगीत र प्रगतिवादी आन्दोलनसँग सम्बद्ध लेखक तथा गायक, संगीतकारहरूले अबका गीतहरूमा विषयगत विविधता र कलात्मक सौन्दर्य अनिवार्य भएको विचार व्यक्त गरेका थिए । मंसीर १३ गते सम्पन्न गीत सम्बन्धी छलफल त्यही कार्यक्रमको निरन्तरता स्वरूप आयोजित दोस्रो चरणको अर्को कार्यक्रम थियो । इसास, कीर्तिपुरले गीतको क्षेत्रमा गर्न थालेको चिन्ता र क्रियाशीलताले अन्य सांस्कृतिक संस्थाहरूलाई पनि प्रभावित गर्न थालेको बुझिन्छ । प्रगतिशील सांस्कृतिक समाज, नेपालले मंसिर २७, गते गरेको यस्तै कार्यक्रमले पनि त्यस कुरालाई पुष्टि गर्दछ । एमाले निकट अनेरास्ववियुले पनि यही विषयमा विचारगोष्ठी गर्ने तय गरेको बुझिएको छ ।

★ समीर थापा




# नेपालको विदेशी ऋण यसरी चुलिंदैछ

**सन्** १९८८ सम्म नेपालले खूद तिर्नु बाँकी विदेशी ऋण अमेरिकी डलरमा १ अर्ब १२ करोड थियो । सन् १९९० मा पुग्दा यो बढेर १ अर्ब ६४ करोड डलर पुग्यो । त्यसको पाँच वर्षपछि सन् १९९५ मा यो ह्वात्तै बढेर २ अबै ४२ करोडको उँचाइमा पुग्यो । सन् २००० मा पुग्दा यो थैली २.८२ अर्ब डलर हुन पुगेको छ । र, सन् २००१ मा पुग्दा यो थैली २.९२ अर्ब अमेरिकी डलर भइसकेको छ । गएको फागुन महिनासम्मको पछिल्लो आँकडाअनुसार नेपालको खूद तिर्नु बाँकी विदेशी ऋण २.९५ अर्ब अमेरिकी डलर पुगेको छ । त्यो भनेको नेपाली रूपियाँमा २२२ अर्ब हो ।


## नेपालको कुल वैदेशिक ऋण

*अर्ब, अमेरिकी डलरमा*

| | |
|---|---|
| सन् १९८८ | १.१२ |
| सन् १९८९ | १.३७ |
| सन् १९९० | १.६४ |
| सन् १९९१ | १.७८ |
| सन् १९९२ | १.८१ |
| सन् १९९३ | २.० |
| सन् १९९४ | २.३७ |
| सन् १९९५ | २.४२ |
| सन् १९९६ | २.४१ |
| सन् १९९७ | २.३९ |
| सन् १९९८ | २.६५ |
| सन् १९९९ | २.९७ |
| सन् २००० | २.८२ |
| सन् २००१ | २.९२ |
| सन् २००३ फरवरीमा | २.९५ |

स्थिर विनीमय दलमा अमेरिकी डलरमा तिर्नुपर्ने कुल विदेशी ऋणको हिसाब गर्ने हो भने १९८८ को तुलनामा २००३ मा केवल साँढे दुई गुणा मात्र बढेको छ । तर नेपाली रूपियाँमा विनीमय दरलाई रूपान्तरित गर्ने हो भने १९८८ को तुलनामा २००३ को फरवरीसम्ममा विदेशी ऋणको राशि साँढे सात गुणा बढेको देखिन्छ । सन् १९८८ अर्थात् २०४५/४६ सालमा नेपालको खूद तिर्नुपर्ने दिवेशी ऋण कुल २९ अर्ब मात्र थियो, जुन अहिले २२२ अर्ब रू. पुगेको छ । ❑

*स्रोत : विश्व बैंक, अर्थ मन्त्रालय ।*



# तुच्छ जीवनको महान् गाथा

★ आहुति

यो धर्तीको म जुठे नामको तुच्छ गरीब
नाईं !
म बन्न सक्तिँन महान् !

रामप्रसाद शर्मा
आम्मै आम्मै !
उनको बाजेको थियो सात गाउँमा लेखोपाखो बिर्ता
दुई बीस हिउँद-वर्षा
मेरा बाउले उनकै घरमा काटेथे हलीको जुनी
तर कत्ति त्यागी मान्छे !
छाडिदिए त्यस्तो लेखोपाखो अरूका लागि
अमर हुने नै भयो उनको कथा
म त रामप्रसाद शर्मा होइन
म बन्न सक्तिँन महान् ।



हिक्मतसिंह ठकुरी
लौन ! लौन !
उनको बाउको तीस गाउँमा कस्तो थियो रवाफ
मेरो घरमा मूत गन्हाउने थाङ्नो थिएन
उनी घोडा छाडेर पालिंदै गर्थे रैतीका काँधमा ढलीमली
तर अचम्मकै भलाद्मी !
त्यागिदिए त्यत्रो हालहुकुम अरूका लागि
चल्ने नै भयो सर्वत्र उनको नाम
म त हिक्मतसिंह ठकुरी होइन
म बन्न सक्तिँन महान् !

हरिनारयण झा
राम ! राम !
आँगनीमा तुलसीका मठ घुम्थे चाँदीका थाली
अठार गाउँका मालिकका प्यारा छोरा उनी
आधा उमेर बित्यो उनको पिंढीमा सीनो फाली फाली
तर कत्ति ठूला धर्माती !
च्यातिदिए जातभातको त्यत्रो पर्दा हाम्रालागि
हुने नै भयो उनको पूजा
म त हरिनारायण झा होइन
म बन्न सक्तिँन महान् !

तुलसीलाल श्रेष्ठ
सत्ते ! सत्ते !
किताबका खातमाथि जन्मिएका थिए
उनको बाजेदेखि राइटर खलक
सानो छँदा घुर्की लाउँथे किताब फाली फाली
तर साँच्चैका ठूला नेता !
फालिदिए सर्टिफिकट
छाडिदिए जागीर राष्ट्रका लागि
बन्ने नै भयो उनको शालीक
म त तुलसीलाल श्रेष्ठ होइन
म बन्न सक्तिँन महान् !

मसँग गुमाउन बाजेको बिर्ता छैन
छाडिदिन खानदानको ठूलो हालहुकुम छैन
त्यागिदिन मेरो कुनै उच्च जातभात छैन
लात मार्न जागिरलाई कुनै सर्टिफिकट छैन
नाई ! नाई !
यो धर्तीको म जुठे नामको तुच्छ गरीब
म कदापि बन्न सक्तिँन महान् !

म खेतहरूमा गोरू जोत्छु
कारखानाहरूमा पेचकिला कस्छु
जानेको, सकेको आवश्यक सबै सबै गर्छु
बच्चा विरामी हुँदा रातभरि जाग्छु
छिमेकमा मुर्दा पर्दा अल्छी नमानी लाश बोक्छु
छिमेकीको रमाइलोमा कम्मर भाँचेर नाच्छु
आनन्दसँग एक निन्द्रा बच्चाहरूलाई च्यापेर
सधैं सधैं निदाउन पाएको सपना देख्छु
ढाँटेको भए मरिजाऊँ !
बल्लतल्ल भ्याएर
जुलुसमा कहिलेकाहीं उभिन पुग्छु
नाई !
यो धर्तीको म जुठे नामको तुच्छ गरीब
यस्तै छ मेरो तुच्छ संसार
म बन्न सक्तिँन महान् ! ○○



**नवीन** सुब्बाले खसोखास नेपाली सिनेमाको सभांवनाको दैलो उघारे नुमाफुङ्ग बनाएर । नुमाफुङ्गमा एक चरित्र छन् गिरिहाङ्ग -चलचित्र नायिका नुमाको दोस्रो लोग्ने । नुमाकी बहिनी, चलचित्रको केन्द्रीय पात्र र चलचित्र-वाचिका लोजिनाले उनलाई दिएको नाम चाँहि 'मोट्टे भेना' हो । रूखा, सुरिला, तर मूर्ख खालका, आईमाईलाई विशुद्ध भोग्यवस्तु ठान्ने, दया-माया नभएको चरित्र हो त्यो । प्रेम सुब्बाको सशक्त अभिनयमाथि चढेर आफ्ना दर्शकहरूलाई सम्झन लायक छाप छोड्छ गिरिहाङ्गले । र, पल्लो किराँतको रहन-सहन थाहा पाउँछु भन्नेले प्वाक्क भन्छन्, 'हो गिरिहाङ्ग खास लिम्बू चरित्र हो, लिम्बूहरू ठ्याक्कै त्यस्तै हुन्छन् ।'

तर नवीनले निर्माण गरेको त्यो लिम्बू चरित्रभन्दा फरक, लजालु, विनयशील एउटा लिम्बू छन्- प्रणय लिम्बू । कर्मलाई उद्देश्यसँग कुशलतापूर्वक जोड्न खप्पिस छन् ती लिम्बू ठिटा । सार्थक कर्ममा विश्वास गर्ने तर चर्चा नरूचाउने तिनै प्रणयले एउटा वृत्तचित्र बनाए, बजार र चर्चाका लागि होइन, सार्थक उद्देश्यका लागि । धेरै मै हुँ भन्नेलाई माथ दिए प्रणयले, *इतिहास जित्नेका लागि* बनाएर । यस वर्षको वृत्तचित्रहरूको महोत्सवको उद्घाटनमा देखाइएको त्यस वृत्तचित्रले दुई प्रतिभाहरूलाई सशक्त रूपमा मानिसहरूको बीच अगाडि ल्याई दियो । दुवै प्रतिभा धेरैका लागि परिचित त थिए



# अबको इतिहास फरक हुनेछ

## किन हराएका छन् कुवेरहरु ? किन हराइएका छन् कुवेरहरु ?

★ **सुरेश ढकाल**

नै, तर तिनीहरूलाई आफूहरूले गरेको बेवास्ताप्रति पनि सचेत गराइदियो । ती दुई प्रतिभा थिए वृत्तचित्रका सिर्जनाकार प्रणय स्वयम् र वृत्तचित्रका नायक गायक कुवेर राई ।

तिनै प्रणयले धेरैका सामु उभ्याइदिएको प्रश्न थियो, इतिहास जित्नेहरूका लागिमात्र हो भने भविष्यका लागि इतिहास लेख्नेहरू वर्तमानमा के हेरिबसेका छन् त ? सायद त्यो प्रश्नको उत्तर दिने चटारो सबभन्दा पहिले 'हिमाल घराना'ले देखायो । हिमाल एसोसिएशनको आयोजना तथा *यलमाया केन्द्र* र *ढोकैमा क्याफे*को सहयोगमा कुवेर राईको एकल साङ्गीतिक कार्यक्रमको आयोजना भएको थियो, गत मङ्सिर २१ गते यलमाया केन्द्रको परिसरमा ।

मातृवियोगको घोर पीडामा पनि 'जति रोएपनि आफ्नै आँखा मात्र त चिसो हुने रहेछ नि' भनी जानेर दुनियालाई गीत सुनाउन तयार भएर आएका थिए कुवेर । सूदुर पूर्वको इलामे गाउँ श्रीअन्तुदेखि काठमाडौंसम्मको बस यात्रा त्यसै त पट्यारिलो हुन्छ भने अहिले त प्रत्येक नाका र गल्लीहरूमा हुने अति झंझटिलो 'सुरक्षा जाँच' थपिएको छ । आयोजकहरूको हवाईजहाजको टिकटको तारतम्य बुझ्न नसकेर पूर्वेली गायक फेरि हारेछन् र मङ्सिरको ठिहीमा रातभर बसभित्रै चिसो खाएर बल्ल बल्ल काठमाण्डौ झरेछन् । यो त्यही काठमाडौं थियो, जहाँको रेडियो नेपालमा आधुनिक गायनमा प्रथम भएका थिए कुवेर । र, यो त्यही बैगुनी काठमाण्डौ थियो, जहाँको परिस्थितिले कुवेरलाई गायक बन्न नदिएर कोदालो खन्न गाउँ फर्काइदिएको थियो ।

चिसोले समातेको घाँटी तर आफ्ना श्रोताहरूसम्म पुगिछाड्ने अठोट् बोकेका कुवेरले मिठासपूर्ण स्वरमा आफ्ना छवटा गीतहरू सुनाए । उपस्थित सीमित दर्शकहरू सबै मुग्ध देखिन्थे । उहिले उहिले दरवारतिर ठूला-साना महाराजाहरूले गायकहरूलाई आफ्नो पटाङ्गिनीमा डाकेर आफ्नाहरूको भीडमा त्यसै गरी गीत गाउन लगाएर मनोरञ्जन लिन्थे रे ! झण्डै त्यस्तै लाग्ने हिमाल घरानाको त्यो आँगनमा जम्मा हुने दर्शकहरूको मनमा सायद एउटै खुल्दुली हुँदो हो- 'यति राम्रो गाउने गायक किन छायाँमा ?'

किन कुवेर राईजस्ता प्रतिभासम्पन्न गायकहरू पछि पारिएका छन् ? किन हराएका छन् कुवेरहरू ? किन हराइएका छन् कुवेरहरू ? यही लाममा तपाई नवीन सुब्बा र प्रणय लिम्बूहरूलाई पनि थप्न सक्नुहुन्छ । के इतिहास साँच्चै नवीन, प्रणय र कुवेरहरूका लागि बैगुनी नै हुने गर्छ त ? सायद यो प्रश्नको उत्तर गायकी, चलचित्र-कर्म वा वृत्तचित्रको सिर्जनाको घेरोभन्दा बाहिर पनि खोजिनुपर्दछ, अझ बाहिर

नै खोज्नु पर्दछ । गाउनु र गाएर स्थापित हुनु वा गाएर जीवन निर्वाह गर्नको लागि राम्रो स्वर र कुशल गायकी क्षमता मात्र पर्याप्त छैन भन्नुको साँचो अर्थ ती सबका लागि प्रतिभाबाहेक, गाउनुबाहेकको कर्म पनि उत्तिकै प्रबल हुन्छ भन्नु नै त हो । मानिसको कर्म उसको विचार वा सोच्ने शैलीले निर्देशित गर्दछ । यसर्थ सामान्य अर्थमा पनि विचारशैली र त्यसले निर्देशित जीवनशैली वा कर्मले मानिसलाई खास विशिष्ट अवस्थामा खास विशिष्ट कालखण्डमा जीत वा हारको भागी बनाउँछ ।

तर त्यस्तो अवस्था सधैं रहिरहँदैन । हिजो नवीनले नेपाली चलचित्र बनाउँदैछ भन्दा नेपाली सिनेमाका सम्पूर्ण ठेकेदार हामी नै हौं भन्नेहरू ओठ लेब्र्याउने गर्दथे, 'हामी पनि हेरौंला के चाँहि बनाउँदो रैछ' भन्ने शैलीमा प्रस्तुत हुन्थे उनीहरू । तिनीहरूका लागि दरो जवाफ दिएको छ, नवीनले नुमाफुङ निर्माण गरेर । आज कम्तिमा पनि सिद्धान्ततः के स्वीकारियो भने नवीनले निर्माण गरेको नुमाफुङको बाटो नै अबको नेपाली सिनेमाको बाटो हुनुपर्दछ । हिजोका दिनमा प्रणयलाई वृत्तचित्रका सिर्जनाकारका रूपमा गणना नै गर्न पनि हिच्किचाउनेहरूलाई उनको सार्थक कर्मले पराजित गरिदिएको छ । संगीत बजारका हल्लाखोरहरूले जति नै छेउ पार्न खोजे पनि कर्णप्रिय गीत सुन्न कुवेर राईहरूको नै खोजी हुनथालेको छ । के यी सब संकेतहरू होइनन् र इतिहास अब कसैको नासोको रूपमा रहन सक्दैन भन्ने कुराको, सधैं कोही एकमात्र इतिहासको मालिक बन्न सक्दैन, एउटै विचारले मात्र शासन गर्न सक्दैन भन्ने कुराको ?

कुवेर राई हराइएकाहरूका एक प्रतिनिधि पात्र पक्कै हुन् चोट्टाहरूले निर्माण गर्ने इतिहासको, जसरी प्रणय लिम्बूहरू हुन् । तर कुवेरले गाउने गरेको जस्तै रङ्गीचङ्गी फूलबारी देखेर मूलबाटो भुल्नेहरूको भीडमा मूलबाटो नछोड्नु, सके निर्माण गर्नु, इतिहासले सधैं छलछाम गरेर प्रतिभाहरूलाई अँध्यारोमा धकेलेर राख्न सक्दैन, अक्करे चेपमा पारेर अगाडि बढ्नै नदिएर पनि राख्न सक्दैन । प्रणय लिम्बूको वृत्तचित्र र कुवेर राईको पुनरागमनले त्यही कुरो पुष्टि गर्दछ ।

कुवेर राईलाई सहयोग गर्ने केही हातहरूको लाम लागेका छन् रे । तर कुवेरलाई काठमाण्डौको पूरै विश्वास पनि छैन, जसले कुवेरलाई सम्मानसहित सम्हालेर राख्न सक्दछ । त्यसैले उनी जीवनका आफ्ना प्यारा सपनाहरूसँग जुवा पनि खेल्न चाहँदैनन् । गाउन जान्ने, तर धाउन नजान्ने कुवेरको 'हा हा' मै लागेर काठमाडौं खाल्डोमा भासिइहाल्ने सूर छैन रे अहिले नै । बरू कोदालोमै रमाउने र अर्को वर्ष छोराको एसएलसी परीक्षासम्म छोराको साथ दिन गाउँमै बस्ने रे । सायद छोराको भविष्य र आफ्नो सपनाको बीचमा नभत्कने खालको पुल बाँधेका छन् कुवेरले । तर, निश्चित भए हुन्छ, अब कुवेरहरू हार्नेहरूको लस्करमा मात्र पर्ने छैनन् ।

त्यस कुराको भरपर्दो पूर्व संकेत सार्वजनिक गरेर हिमाल एसोसिएसनले राम्रो काम गरेको छ । त्यसैले हिमाल एसोसिएसन धन्यवादको पात्र बनेको छ । ❑



# नवीन सुब्बामाथि अपेक्षाको भारी

एक दर्जनभन्दा बेसी देशहरू घुमेर प्रशंसित भई फर्केको चलचित्र *नुमाफुंग* राजधानीका तीनवटा हलहरूमा करिब एक महिना अघिदेखि चलिरहेको छ । यो चलचित्रले दर्शकहरूलाई आकर्षित गर्न सकेको र बौद्धिक वर्गमा त यसको धेरै नै चर्चा भएको पाएर चलचित्र क्षेत्रका जिज्ञासुहरू भन्न थालेका छन्- राम्रो काम गर्न सके थोरैले पनि मान्छे प्रशंसित हुँदोरहेछ ।

यस्ता टिप्पणीहरू आज धेरैले खुलेर गरिरहेका छन् । यसो गरेर सचेत समीक्षकहरूले धेरै नेपालीले यो फिल्म हेरेर आफ्नो रूचिमा परिमार्जन ल्याउन् भन्ने आफ्नो भित्री आशयलाई प्रकट रूप दिएका हुन् । यस्तो रूचि निर्माणले आगामी दिनहरूमा राम्रो चलचित्र बनाउन निर्देशक र निर्माताहरूलाई पनि धच्घच्याउने विश्वास उनीहरूले लिएको कुरा सजिलै बुझ्न सकिन्छ ।

साँच्चै, *नुमाफुंग*को चर्चा यतिखेर निक्कै भएको छ र चर्चाकारहरू आत्मविश्वासपूर्वक ती चर्चाहरू गरिरहेका छन् । सबैले एक प्रकारको गौरवबोध गरिरहेका छन् । एचबीसी एफ.एम.मा यज्ञनिधि दाहालले जोरबारहरू र शनिवार गरी हप्तामा चार बिहान संचालन गर्ने 'जदौ' कार्यक्रममा लगातार नवीन सुब्बासँग हालै गरेको विस्तृत कुराकानीमा नवीनले प्रसंगवश जानकारी दिएका कुराहरूले यो चलचित्र निर्माणमा अपनाइएको गम्भीरतालाई निक्कै मूर्त बनायो । चलचित्र निर्माणका क्रममा लिम्बु संस्कृतिको कोणबाट अनि समग्र नेपालकै कोणबाट र लैंगिक वा मानवीय कोणबाट समेत गम्भीर विचार पुऱ्याइएको र शोध गरिएको बयान नवीन सुब्बाले दिएका थिए- उक्त कुराकानीमा ।

अहिले धेरै समीक्षकहरू दाहाल यज्ञनिधिले विज्ञापन नै गरेझैं दर्शकहरूलाई *नुमाफुंग* हेर्न नभुल्न सुझाव दिए जस्तै करीव करीव प्रचारक नै भएका छन् । सबैजसो सिकारू कलाकारहरू राखेर पनि, कुनै सस्तो फिल्मी 'मसला' नराखिकनै पनि र प्रविधिका विशेष ट्रिकहरूको प्रयोग नगरिकनै पनि यथार्थमा आधारित सार्थक, सन्देशमूलक, राम्रो फिल्म बनाउन सकेका नवीन सुब्बाप्रति आज यसरी प्रबुद्ध व्यक्तिहरूको राम्रै ध्यानाकर्षण भएको छ । उनीबाट भविष्यमा योभन्दा राम्रो कामको अपेक्षा पनि सबैमा स्वभावतः जागेको छ । निश्चय नै *नुमाफुंग*को सफलताले सृजना गरेको यो अपेक्षालाई नवीन सुब्बाले एउटा सुखद् चुनौतिको रूपमा लिनेछन् भन्ने आशा गर्न सकिन्छ ।

**★ हरिगोविन्द लुइँटेल**



*'नुमाफुंग'मा कलाकारहरु*

# पारिजात





# व्यक्ति र कृति

● डी. आर. पोखरेल

नेपाली साहित्य क्षेत्रका चर्चित विशिष्ट स्रष्टाहरूमध्ये पारिजात पनि एक हुन् । उनले दुई दर्जन जति पुस्तकाकार कृतिहरू नेपाली साहित्य भण्डारलाई प्रदान गरेकी छन् । उपन्यास, कथा, कविता, संस्मरण, निबन्ध, नाटक आदि विविध विधामा दखल भएकी अनुपम स्रष्टा- पारिजात मूल रूपमा भने उपन्यासकार हुन् । 'अनिदो पहाडसँगै' र 'शिरीषको फूल' जस्ता अति नै चर्चित उपन्यासहरू लगायत दशवटा उपन्यासहरूकी रचयिता पारिजातका चारवटा कथा संग्रहहरू, तीनवटा कविता संग्रहहरू, तीनवटा आत्मसंस्मरण संग्रहहरू, एउटा निबन्ध संग्रह र एउटा नाटक गरी जम्मा बाईसवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् ।



पारिजातको जन्मथलो भारत दार्जीलिङ्ग, लिङ्गिया चिया कमान हो र कर्मथलो नेपाल हो । 'पहाडकी रानी' भनेर चिनिने दार्जीलिङ्ग र यस वरपरका क्षेत्रहरूबाट नेपाली मूलका धेरै कवि-कलाकारहरू नेपाली भाषा-साहित्यको सेवाको क्रममा नेपाल भित्रिएका हामी पाउँछौं । यही उपक्रमको एउटा कडी भएर पारिजात पनि वि.सं. २०११ साल मंसिर महिनामा काठमाण्डौ पसिन् । र, मृत्यु पर्यन्त यहीं नै बसिन् ।

भौतिक रूपमा पारिजात अहिले हाम्रा माझ छैनन् । उनलाई हामीले आजभन्दा दशवर्ष अघि नै अर्थात् वि.सं. २०५० साल वैशाख ५ गते राती ४ बजे वीर अस्पताल परिशरमा गुमायौं । तर उनी यस संसारबाट विदा भएकी भए तापनि उनका विचार, भावना र कर्महरू अर्थात् उनका महिमामयी रचनाहरू, पुस्तकहरू भने हामीसितै जीवित छन् ।

पारिजातको जन्म वि.सं. १९९४ साल वैशाख महिनामा भएको थियो । उनका दुईवटी आमाहरू थिए । पारिजाततिरका दाजु शिवराज, पारिजात, सुकन्या र चुडामणि बहिनीहरू थिए भने जेठी आमापट्टिकी पवित्रा थिइन् ।[1] पारिजातका पिताजी पेशाले होमियोप्याथीका डाक्टर थिए- डा. कालुसिंह वाइबा । उनी पारिजातलाई आफूजस्तै डाक्टर बनाउन चाहन्थे । उनी थिए- आदर्श पिता तर पारिजात थिइन्- मनमौजी प्रकारकी कसैको अधिनमा बस्न न चाहने । तैपनि पारिजातको अधिकांश बाल्य र युवाकाल पिताजीकै देखरेखमा बित्यो । किनकि धेरै सानैमा उनले आमाको काख गुमाउनु परेको थियो । साथै जेठी आमा पनि बितिसकेकी थिइन् । बरू घरको अभिभारा नै पारिजातको काँधमा परेको थियो । पारिजातले आफ्नो मार्ग नपच्छ्याएकोमा पिता कालुसिंह चिन्तित यसै थिए, त्यसमाथि एउटामात्र छोरा-शिवराजको वि.सं. २०१० सालमा पोखरीमा अरूलाई बचाउन जाँदा स्वयं डुबेर मृत्यु भएपछि उनी धेरै विचलित भए । पारिजातका काकाका छोरा दाई कुमारसिंह लामा काठमाण्डौतिरै बस्तथे । उनी त्यही घटनाताक दार्जीलिङ्ग पुगेका हुनाले उनीसित कालुसिंह हावापानी फेर्न काठमाण्डौ आए । यसपछि पारिजात र सुकन्याको पनि 'नेपाल भित्रिने' साइत जुऱ्यो ।

पारिजात नेपाल आउनुअघि पारिजात थिइनन् । उनको जन्मको नाउ- विष्णुकुमारी थियो । लामाले राखिदिएको नाम छेकुडोल्मा थियो । विष्णुकुमारी पारिजात हुनुअघि एक 'संकोची' केटी थिइन् भन्ने कुरा पारिजातकै संस्मरणहरूबाट थाहा पाउन सकिन्छ । 'पारिजात' नाम त स्वयं पारिजातले नै २०१२ सालतिर राखेको साहित्यिक नाम हो, भलै उनी यही नामले यति धेरै चर्चित भइन् । उनको शैशवकाल उनकै शब्दमा 'कञ्चनजङ्घाका चिसा सासहरूले म्वाइँ खाएको पहाड- दार्जीलिङ्गको लिम्बूवस्तीको डाँडाको माथिल्लो लडमा धूपी, सल्ला र लाली गुराँसको फेदमा अवस्थित इष्टदेवता, कुलदेवता, ईश्वर र परम्परा नभएको ढोकादेखि नै उदाङ्गो सानो घर'मा व्यतीत भएको थियो । उनको प्रारम्भिक शिक्षा 'नेपाली गर्ल हाइस्कूल' एवं 'सेन्ट टेरेजा शारदेश्वरी'- दार्जीलिङमा भएको थियो । दश कक्षासम्मको पढाइ दार्जीलिङमै भएको भए तापनि एस.एल.सी. भने 'पद्मकन्या विद्याश्रम' डिल्लीबजार, काठमाण्डौ, नेपालबाट पास गरेकी थिइन् । र उनको शिक्षा, नेपालमै स्नातकोत्तरसम्म पुरा भएको थियो ।

भनिन्छ, पारिजात दार्जीलिङमा हुँदादेखि नै अर्काका प्रेमपत्रहरू लेखिदिन्थिन्, भित्ते पत्रिका चलाउने 'दाइ'हरूबाट प्रभावित थिइन्, घोडचढी दाइहरूबाट प्रभावित थिइन् र यसैगरी नै देशविदेशका साहित्य, दर्शन एवं राजनीतिको चर्चापरिचर्चा गरिरहने र भौतिकवस्तुहरूको अभाव भएतापनि आदर्शले ढाकेर घरचलाउन खोज्ने समाजसेवी

पिताजीबाट पनि उत्तिकै प्रभावित थिइन् । यसको अर्थ हो- उनको साहित्यिक प्रतिभाको बीजारोपण त्यहीं नै भैसकेको थियो । तर सार्वजनिक रूपमा प्रकाशन भने २०१३ सालमा भवानी भिक्षुहरूको सम्पादनमा नेपालबाट प्रकाशित भएको 'धरती' पत्रिकामा दुईवटा कविताहरू छापिएर भयो । त्यतिखेर नेपाली साहित्यको प्रभुत्वशाली साहित्यिक धारा स्वच्छन्दतावादी थियो । पारिजात पनि त्यसैमा रमिन् र २०१४ सालमा 'आकांक्षा' नामक कविता संग्रह प्रकाशित गरिन् । उनले त्यतिखेर उदयीमान रहेको यथार्थवादी धारा (हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र आदिका) लाई भने पक्रन सकिनन् । उनले त्यस बीचमा चारवटा उपन्यासहरू लेखेकी तर ती कुनै पनि मन नपराएकीले नष्ट गरेकी थिइन् भन्ने उल्लेख पाइन्छ । 'शिरीषको फूल' त यसपछिमात्र लेखेको देखिन्छ । यो कृति उनले अस्तित्ववादी-विसंगतिवादी साहित्यिक धाराको प्रभावमा परेर लेखिन् भनिन्छ । त्यसो भएकाले यो कृति धेरै चर्चित र विवादित भयो । शंङ्कर लामिछानेले यसलाई विश्वसाहित्यको स्तरको भनी दर्जा दिए तापनि प्रगतिवादी क्षेत्रका वरिष्ठ समीक्षक गोविन्द भट्टले यसलाई 'कागजको फूल' को कोटीमा राखे । यसो भएकाले पछि स्वयं पारिजातले पनि यस कृतिलाई जलाइदिए हुन्छ भन्न पुगिन् । तर जलाउने कसले ? यो कृति त उनको कमाऊ पुत्र जस्तो हो । फेरि स्रष्टाका अघिल्ला आस्था र विचारमा परिवर्तन आयो भन्दैमा आफ्नो सन्तानलाई अस्तित्वहीन बनाउन कहाँ पाइन्छ र ! सार्वजनिक भैसकेपछि त त्यो राष्ट्रको साझा सम्पत्ति भैसकेको हुन्छ ।




वि.सं. २०२२ सालमा 'शिरीषको फूल' उपन्यासले मदनपुरस्कार प्राप्त गर्‍यो र पारिजातलाई चर्चाको शिखरमा पुर्‍यायो । शिखरमा पुगेकी पारिजातले लेखनधर्मितालाई त छोडिनन् तर आस्थागत परिवर्तनहरू भने हुँदैरहे । अस्तित्वादी भावभूमिमा लेखिएको 'शिरीषको फूल' देखि 'महत्ताहीन' र 'बैंशको मान्छे' उपन्यासहरूको लेखनसम्म आइपुग्दा नै पारिजातमा थोरथोर वैचारिक परिवर्तन आइसकेको देखिन्छ । झन् 'पर्खालभित्र र बाहिर', 'उसले रोजेको बाटो' र 'अनिदो पहाडसँगै' उपन्यासहरूको लेखनकालमा आइपुग्दा त पारिजातमा व्यापक परिवर्तन आएको देखिन्छ । शुरूमा स्वच्छन्दतावादी साहित्यिक प्रवृत्तिकी पारिजात अस्तित्ववादी व्यक्ति विद्रोही - नव अराजकतावादी आदि चरणहरूबाट गुज्रँदै प्रगतिवादी साहित्यिक फाँटमा आइपुगेकी देखिन्छन् । यसरी पारिजात निरन्तर विकास र परिवर्तनको क्रमबाट गुज्रँदै सत्यको नजिक आइपुगेकी छन् ।

आफ्नो ५६ वर्षे जीवनकालमा पारिजातले लगभग चारदशक जति त साहित्यिक साधनामा नै बिताइन् । यसको अर्थ उनी साहित्य-साधनामा मात्र तल्लिन रहिन् भन्ने पनि होइन । उनी सामाजिक, सांस्कृतिक, सांगीतिक एवं संगठनात्मक कार्यमा पनि जुटिरहिन् । वि.सं. २०१४ सालमा 'रोदीघर' नामक साहित्यिक संस्थामा प्रवेश गर्ने प्रेरणा उनलाई दार्जिलिङ्कै भित्ते पत्रिकासितको निकटता, प्रेमपत्रहरूको लेखन, पिताजीको आँखा छलेर सडकमा लोकगायक गायिकासित मिलेर गीत गायन, जस्ता कुराहरूबाट प्राप्त भएको देखिन्छ । यसै भएकाले होला- पारिजातले जनताका गीत गाउने रायन, रामेश लगायतका कलाकारहरू, कवि, लेखक विचारकहरूको एउटा समूह बनाउन खोजिन् । यसले 'राल्फा' नामको सांस्कृतिक-सांगीतिक आन्दोलनको रूप पनि लियो । गरीब निमुखा अर्थात् समाजका निम्न तहका मानिसहरूको पक्षमा पारिजात प्रस्तुत हुँदै आइन् । उनले २०३१ सालमा नेपाल कम्युनिष्ट पार्टी (चौ.म.) को सदस्यता पनि लिइन् र संगठनात्मक कार्यमा सक्रिय हुँदै वि.सं. २०३५-३६ सालमा 'अखिल नेपाल महिला संघ' को अध्यक्षमा निर्वाचित हुन पुगेको उल्लेख पाइन्छ । यसैगरी उनी यही समयतिर 'प्रगतिशील लेखक-कलाकार संघ'मा पनि आबद्ध भइन् । वि.सं. २०४५ मा 'नेपाल मानव अधिकार संगठन'को संस्थापक उपाध्यक्ष बनिन् । वि.सं. २०४६ सालमा 'अखिल नेपाल महिला मञ्च'को संस्थापक अध्यक्ष बनिन् । यसैगरी २०४८ सालमा 'बन्दी सहायता नियोग'को संस्थापक अध्यक्ष बनिन् र बन्दीहरूका बच्चाहरूलाई रेखदेख गर्ने किन्डरगार्डेनजस्तो 'बचेराबास' स्थापना गरिन् । 'वेदना सांस्कृतिक परिवार', 'इन्द्रेणी सांस्कृतिक समाज'को निकट रहेर सांगीतिक आन्दोलनहरूमा सरिक रहिन् । 'महिला पुस्तक प्रदर्शनी'को संयोजन गरिन् । यतिमात्र होइन पारिजातले अन्तर्राष्ट्रिय संघ-संस्थाहरूमा पनि संलग्न भई संगठित आन्दोलन उठाउँदै रहिन् ।

साहित्य-साधना लगायत पारिजातका यिनै सामाजिक-राजनैतिक, सांस्कृतिक-सांगीतिक र संगठनात्मक महत कार्यहरूले उनलाई 'अपराजिता-पारिजात' तुल्यायो । विभिन्न संघ-संस्था, व्यक्ति र समूहहरूले उनको यथोचित मूल्याङ्कन गर्ने प्रयास पनि गरे । मदन पुरस्कार (२०२२), युगज्ञान लेखन पुरस्कार (२०२७), गंकी-बसुन्धरा पुरस्कार (२०४९), सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार (२०५०) जस्ता पुरस्कारहरूबाट उनी पुरस्कृत भइन् । विभिन्न संस्था र पत्रिकाहरूले अभिनन्दन गरे । त्रि.वि.सभा सदस्यमा मनोनयन (२०४८), नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट विद्वत्वृति (२०३२), त्रि.वि. पाठ्यक्रममा 'शिरीषको फूल' लगायतका

> **पारिजातले त्यतिखेर उदयीमान रहेको यथार्थवादी धारा (हृदयचन्द्रसिंह प्रधान, युद्धप्रसाद मिश्र आदिका) लाई भने पक्रन सकिनन् । उनले त्यस बीचमा चारवटा उपन्यासहरु लेखेकी, तर ती कुनै पनि मन नपराएकीले नष्ट गरेकी थिइन्**





*पारिजात र बहिनी सुकन्या*

कृतिहरूको समावेश, अमेरिकाको मेरीलैण्ड विश्वविद्यालयले 'शिरीषको फूल' (Blue Mimosa) लाई आफ्नो पाठ्यक्रममा समावेश गऱ्यो । (सन् १९९२) यसरी पारिजातको कीर्ति दिग्-दिगन्तर गुन्जायमान भइरहेको पाइन्छ ।

दार्जिलिङकी एउटी 'संकोची' केटी 'पारिजात' बनेर यति ठूलो उचाइसम्म उठ्न सक्छे भनेर त्यतिखेर कसले सोचेको थियो होला र ! सोच्न सक्ने कुरा पनि थिएन । तर पारिजातमा केही यस्ता गुणहरू, केही यस्ता मूल्यवान स्वभावहरू थिए, जसले उनलाई आफ्नो आस्था र विचारको पथमा निश्चल् भएर अघि बढिरहन सघायो, उनलाई 'सकम्बरी' ('शिरीषको फूल'की नायिका)देखि 'सुवानी' ('अनिदो पहाडसँगै'की नायिका)सम्म फड्को मार्न अभिप्रेरित गरिरह्यो ।

भनिन्छ, पारिजात इमान-जमानकी पक्का थिइन् । त्यसोभएकाले गलत कुराहरूसित उनको सम्झौता हुन सक्तैनथ्यो । उनी कसैको अधीनता स्वीकार्न सक्तिनथिन् । यहाँसम्म कि पराधीनतालाई त उनले आफ्नो वरपर टप्किन नै दिन्न थिइन् । कतिपय कुरामा उनलाई आफ्नै पिताजीको देखरेख पनि बन्धन लाग्दथ्यो । 'सडकमा गीत गाएर जानु हुन्न' भन्ने पिताजीको अभिभावकपनलाई उनी अस्वीकार गर्थिन ।[२] ठूली दिदीको करूण क्रन्दनप्रति सम्वेदशील हुँदै दिदीलाई यातना दिने भिनाजुलाई अँध्यारो रातमा जंगलको बाटो खेद्दै थर्काउने पारिजात विद्रोहिणी (रणचण्डी) नै थिइन् भन्नेसमेत उल्लेख भएको पाइन्छ । यही स्वभावले उनलाई गलत एवं कुरूपकाप्रति विरोध र सही, सत्य र सुन्दरका प्रति समर्पण गर्न सिकायो । स्वाभिमानी हुन सिकायो । देशभक्ति र जनउत्तरदायी भावनाप्रति शैलानी हुन सिकायो, छङछङ बग्ने झर्नाजस्तो प्रवाहमय, बेगमय हुन सिकायो । प्रेमका दुईचारवटा उडन्ते कविताहरू लेख्ने र निरंतर 'मृत्युवोध'को भाव ओकल्ने पारिजातले वैचारिक सांस्कृतिक फड्को मार्दै विद्रोहको झण्डा नै उठाइन् :

> "कहाँ मर्दा रहेछन् र मृत्युहरु !
> मृत्यु त संगठन भएर
> अंगालोतिर बाँधिदा रहेछन्
> नारा भएर भित्ताहरुमा लिपिंदा रहेछन्
> मृत्यु त संगीन भएर
> वर्गशत्रुको छातीतिर तेर्सिंदारहेछन्
> बन्दूक भएर पड्किंदा रहेछन् ।"
>
> *(पारिजात, 'मृत्यु' बैशालु वर्तमान, कविता संग्रह, संकलित रचनाहरू - ५ २०५४, पृ-१३७)*

पारिजातभित्रको यो विद्रोह उनका कृतिहरू र विभिन्न पात्रहरूका वार्तालापहरू, तिनका कर्महरूका माध्यमबाट पनि अभिव्यक्त भएको पाउँछौं ।

पारिजातको अर्को महत्वपूर्ण पक्ष दृढताको थियो । आफूलाई ठीक लागेको कुरो गरिछाड्ने, ठीक भनेपछि ठीक र बेठीक भनेपछि बेठीक ठान्ने र त्यसलाई दृढतापूर्वक पक्रने उनको नैसर्गिक स्वभाव थियो । उनले बेठीक लागेकैले चार चारवटा उपन्यासहरू जलाइन् । ठीक लागेकैले अस्तित्ववादबाट फड्को मारेर समाजवादी यथार्थवादी धारामा पुगिन् । उनी अनेकौं विघ्नबाधा र प्रलोभनहरूका बावजूद पनि जनताको पक्षमा उभिरहिन् । आफ्नो स्वाभिमानलाई बन्धकी राखिनन् । दुईजिब्रे कुरा गरिनन् । संधै सरल, सपाट र बग्दो खोला भएर रहिन् ।

**आफूले सर्वश्रेष्ठ लोग्नेमान्छे ठानेको व्यक्तिलाई समेत उनले प्रेम प्रणयमा अङ्गिकार गर्न सकिनन् । सुन्दर जीवनको चाहना गरिन्, तर घर बसाउन सकिनन् । नेपालकै श्रेष्ठ स्रष्टाहरुमध्येकी एक त बनिन्, तर....**

विभिन्न स्तर र हैसियतका निमुखा, गरीब र शोषित-पीडित पात्रहरूको यथेष्ठ चरित्रचित्रण गरेकी छन् उनले- आफ्ना रचनाहरूमा । साथै तिनको पक्षमा आवाज उठाएकी पनि छन् । 'कुरी', 'बाटुली', 'ध्यावरिङ बूढा', 'बूढोज्यामी', 'नैकापे सर्किनी' लगायत, 'लाटी', 'गोल्डयाग्री', 'पियनकेटो होटल ब्वाय' जस्ता तल्लो श्रेणीका पात्रहरूलाई यथोचित स्थान दिएकी छन् ।

पारिजात स्वाभिमानी र साथै सम्वेदनशील पनि थिइन् । उनमा खुद्रा कुराको तुच्छ चाहनाहरू देखिँदैनन् । एक्कै जोर चप्पल, कहिले सुकन्या लगाएर बाहिर जाने कहिले आफू लगाउने गर्दा समेत पारिजातको मनमा कुनै गुनासो थिएन । भातखाने पैसा नभएर अस्तव्यस्त हुँदासमेत पारिजात कसैसित हात पसार्न जादैनथिन् भन्ने कुरा उनका संस्मरणहरूबाट थाहा पाउन सकिन्छ ।

पारिजातको जीवनमा धेरै उकाली-ओह्रालीहरू आए । राम्रा र नराम्रा, उज्याला र अँध्यारा दिनहरू एकैसाथ समेत आए । पारिजातभित्र अलिकति अन्तरविरोधी प्रवृत्तिहरू पनि विद्यमान थिए । आफूले सर्वश्रेष्ठ लोग्नेमान्छे ठानेको व्यक्तिलाई समेत उनले प्रेम प्रणयमा अङ्गिकार गर्न सकिनन् । सुन्दर जीवनको चाहना गरिन् तर घर बसाउन सकिनन् । नेपालकै श्रेष्ठ स्रष्टाहरूमध्येकी एक त बनिन्, तर एउटा नागरिकताबाट समेत बंचित नै रहिन् । निर्मल लामा, मोहनविक्रमहरूलाई गड्फादर त मानिन्, आफ्नो लासमाथि रातो कपडा ओढाइदिने इच्छा पनि गरिन्, सँगसँगै हरियो रंगको मोहबाट पनि उनी मुक्त भइनन्, आफ्नो लासलाई हरियो कपडा लगाइदिनु भनिन् ।[३] यस्ता विरोधाभाषपूर्ण कुराहरूसमेत पारिजातको जीवनमा नियतिजस्ता भएर देखापरेका थिए । ❑

*पाद टिप्पणी*

1. *सुकन्या वाइबासँग चितवन क्यान्सर हस्पिटलको परिसरमा २०५६/९/२० मा लिएको अन्तवार्ताबाट*
2. *पारिजात, 'धूपी, सल्ला र लाली गुराँसको फेदमा' संस्मरण संग्रह, संकलित रचनाहरु-ग्रन्थ ४, सिक्किम : निर्माण प्रकाशन, २०५४ ।*
3. *हरिगोविन्द लुइँटेल, 'कसरी एउटी विद्रोही किशोरी विख्यात पारिजात बनिन् !' नवयुवा, (पूर्णाङ्ग-४, वर्ष १, २०५३) पृष्ठ- (२-१६)*




# आस्थापुञ्जको प्रकाश

**विश्व** कम्युनिष्ट आन्दोलनको बारेमा कवितात्मक लेखनका लागि चर्चित लेखक अग्निशिखाको पाँचौ पुस्तक प्रकाशित भएको छ- **आस्थापुञ्ज** । कम्युनिष्ट विचारप्रति आफ्नो अगाध आस्थालाई भावनात्मक कलमद्वारा प्रचार गर्नमा व्यस्त अग्निशिखाले यो पुस्तकमा आफ्नो आस्थापुञ्जका रूपमा रहेका व्यक्तिहरूका जीवन-कर्मलाई लिपीवद्ध गरेका छन् । विश्वका चर्चित व्यक्तित्वहरूको जीवनलाई प्रेरक ढंगले कागजमा उतार्ने क्रममा उनले विख्यात कम्युनिष्टहरूलाई केन्द्रमा राखेका छन्, कम्युनिज्मप्रति उनीहरूको प्रगाढ आस्थालाई मध्य भागमा राखेका छन् ।

सिद्धहस्त लेखक अग्निशिखाद्वारा **आस्थापुञ्ज**मा कम्युनिज्मका प्रणेता कार्ल मार्क्सदेखि क्युबाली क्रान्तिका नायक फिडेल क्यास्त्रोसम्मको जीवनको शब्दचित्र कोरिएको छ । यसमा कम्युनिष्ट आन्दोलनसँग जोडिएका पाब्लो पिकासोदेखि पल रब्सन र पीट सिगरजस्ता संस्कृतिकर्मीहरू र रोजा लक्जम्बर्गदेखि एलिडा ग्वेभाराजस्ता चर्चित महिला नेतृहरूलाई पनि समान महत्वका साथ अंकित गरिएको छ । प्रख्यात महिलाहरूको जीवन-संघर्षको चित्रण यस पुस्तकको उल्लेख्य पाटो हो । अर्को उल्लेखयोग्य पाटो हो- कम्युनिष्टहरूसँग सहकार्य गर्ने नेल्सन मण्डेला, राष्ट्रिय मुक्ति आन्दोलनका सारथीहरू यासेर अराफात र सनाना गुस्माओ लगायतका व्यक्तिहरूको जीवनका उतार-चढावहरूको खुराक, जुन उनीहरूको राष्ट्र र जनताको संघर्षसँग एकीकृत रूपमा राम्ररी प्रस्तुत भएको छ ।

यसमा कम्युनिष्ट आन्दोलनका आस्थापुञ्जहरूको जीवनलाई प्रस्तुत गर्दा एकसार्थ दुईवटा धारहरूलाई समान रूपमा अगाडि पस्किइएको छ । एकातिर सशस्त्र संघर्षका धरोहरहरू लेनिन र किम इल सुङदेखि चे ग्वेभारा र होसे मारिया सिसोंसम्मको जीवनका भिन्नाभिन्नै पाटाहरू उजागर गरिएको छ । अर्कोतिर संसदीय चुनावमार्फत् सत्तासीन भई शहादत समेत प्राप्त गरेका चिलीका समाजवादी नेता तथा राष्ट्रपति डा. सालभाडोर एलेण्डेदेखि संसदीय चुनावलाई नै सबथोक ठान्ने भारतको मार्क्सवादी कम्युनिष्ट पार्टीका तीन तीनजना महारथीहरू इएमएस नम्बुदिरीपाद, हरिकिशन सिंह सुरजीत र ज्योति बसुसम्मलाई आस्थाको पुञ्जका रूपमा प्रस्तुत गरिएको छ ।

आस्थाको अर्को पुञ्जका रूपमा देखाइएका श्रीलंकाको जनता विमुक्ति पेरामुना (जेभीपी) का संस्थापक रोहना विजेवीराको जीवनका सन्दर्भहरू प्रस्तुत गरिंदा त्यस समूहको सशस्त्र संघर्षदखि संसदीय चुनावसम्मको यात्रा किन र कसरी संभव भयो र त्यो किन उग्र राष्ट्रवादी र तमिल विरोधी भएर निस्क्यो भन्ने पक्षमा भने केही भनिएको छैन । र, अफगानिस्तानमाथि सोभियत संघको सैनिक हस्तक्षेपपछि जन्मिएको अफगान सरकारलाई पछिल्लो चरणमा नेतृत्व गर्ने व्यक्ति डा. नजीबुल्लाह कसरी आस्थापुञ्ज भए भन्ने तथ्य त्यति राम्ररी नखुल्नु यसको एउटा अर्को कमजोर पाटो हो ।

यसमा संकलित रचनाहरूमा आस्थापुञ्जका रूपमा प्रस्तुत व्यक्तिहरूको विकास-निर्माणको पक्ष करिब करिब छोडिएको छ र व्यक्तिको निर्माणमा निर्णायक भूमिका खेल्ने राजनीतिक, आर्थिक र सांस्कृतिक पृष्ठभूमि पनि गायब नै छन् । सामाजिक द्वन्द्वको उन्नत उपजका रूपमा अभिव्यक्त भएका यी चर्चित व्यक्तिहरूको महत्तामाथि अत्यधिक जोडले गर्दा यसमा उनीहरू क्रियाशील रहेका आन्दोलनहरू र सामाजिक द्वन्द्व समेत ओझेलमा परेका छन् । यसमा धेरैजसो व्यक्तिहरूको जीवन सांगोपांगो रूपमा देखिँदैन र उनीहरूको जीवनका थोरबहुत उकालीहरू, केही प्रेरक घटनाहरू र छिटफुट विचारहरूको आधिक्यता देखिन्छ । यी रचनाहरूमा लेखकीय विशेषताअनुरूप उत्साहपूर्ण रागात्मक विवरण बेसी छ, विश्लेषण कम छ ।

धेरै हदसम्म **आस्थापुञ्ज**मा व्यक्तिहरूको प्रशंसा ज्यादा छ, उनीहरूका चिन्तन र कर्ममाथि प्रश्न छैन, समीक्षा छैन । यो किताब विश्वका महान मानिएका व्यक्तिहरूको मूल्यांकन नभएर परिचय पुस्तिका हो भन्ने भान हुन्छ ।

जे भएतापनि यस्ता प्रेरक परिचयात्मक जीवनीका पुस्तकहरूको लेखन र प्रकाशन प्रशंसायोग्य छ । विशेषतः यस्ता प्रयासहरू विश्वमा पूँजीवादी प्रहारको कारणले साम्यवाद अत्यन्त प्रतिरक्षात्मक भएको स्थितिमा महत्वपूर्ण देखिन्छ । क्रान्ति र चुनावमार्फत् सत्तासीन कम्युनिष्टहरूले पराजयको मुख देख्नु परिरहेको बेला यस्ता पुस्तकहरूको महत्ता निकै बढेको छ । त्यसमाथि जीवनीलाई पनि कवितात्मक शैलीमा प्रस्तुत गर्न खप्पीस लेखक अग्निशिखाको रचनात्मक खुबीले धेरैजसो युवाहरूलाई कम्युनिष्ट आन्दोलनतिर तान्न र कम्युनिष्ट समर्थकहरूको आस्थालाई मजबूत बनाउन धेरै राम्ररी काम गर्ने देखिन्छ ।

भूँडीपुराण प्रकाशनद्वारा प्रकाशित यस किताबको मूल्य रू. १२० छ ।

★ **राजेन्द्र महर्जन**

## ■ उल्लेख्य



**इतिहासका ज्यूँदा पाटाहरू**
विधा : लेख संग्रह
लेखक : सुलोचना मानन्धर
प्रकाशक : 'अस्मि' (सशक्त पाका उमेरका लागि कार्यरत समूह)
पृष्ठ : ११६+१२
मूल्य : रु. १००/-



**एघारौं अवतार**
विधा : हाँस्यव्यंग्य समीक्षा संग्रह
लेखक : विष्णु प्रभात
प्रकाशक : सिस्नुपानी नेपाल
पृष्ठ : ९५
मूल्य : रु. ५०/-



**मेरो चिकित्सा मेरो चिरफार**
विधा : स्वास्थ्य समस्याको हाते पुस्तक
लेखक : डा. टंकप्रसाद ओझा
प्रकाशक : उत्सर्ग प्रकाशन प्रा.लि.
पृष्ठ : २३८+१२
मूल्य : रु. २५०/-



**अमेरिका भ्रमणका केही सम्झनाहरू**
विधा : यात्रा संस्मरण
लेखक : अमर नेम्बाङ (लिम्बु)
प्रकाशक : श्रीमती चन्द्रकला नेम्बाङ
पृष्ठ : १५५+१०
मूल्य : १००

# साफ्टाको सन्दर्भ र नेपालको विदेश ब्यापार





बस्तुको स्वतन्त्र आवागमनले निर्यातको ढोका खोल्दछ । तर ज्यादाभन्दा ज्यादा निर्यातयोग्य बस्तुहरु स्वदेशमा उपलब्ध हुन सक्नुपर्‍यो र अन्य मुलुकसँग गुणस्तरमा पनि प्रतिस्पर्धामा उत्रनुपर्‍यो ।

• दीपेन्द्रबहादुर क्षेत्री

विश्वकै विपन्नहरूमध्येका जनताको बसोबास रहेको दक्षिण एशियाका मुलुकहरूको आर्थिक हित र साझा समस्याको निराकरणका लागि स्थापना भएको दक्षिण एशियाली क्षेत्रीय संगठन 'सार्क' अठार बर्ष पार गरी 'बालिग' भएको छ । आपसी आर्थिक सहयोग बढाउनका लागि ब्यापारलाई उपयुक्त माध्यम ठहर्‍याई यस क्षेत्रमा 'सौबिध्य ब्यापार व्यवस्था' चलनमा ल्याउन 'साप्टा'को अवधारणालाई सन् १९९५ मा मूर्तरूप दिइयो । तर यसका नीति-निर्माताहरूले भने 'सौबिध्य ब्यापार' मात्र यस क्षेत्रका लागि पर्याप्त नहुने, बरू 'स्वतन्त्र ब्यापार क्षेत्र' समेत आवश्यक हुने परिकल्पना गरेका थिए । सौबिध्य ब्यापार व्यवस्था भन्दा 'स्वतन्त्र ब्यापार क्षेत्र' उदार ब्यापार नीतिको हिसाबले दुई पाइला प्रगतिशील हो भन्ने पाठ उनीहरूले 'युरोपेली संघ'बाट पाएको हुनुपर्दछ ।

माथि उल्लेख भएका तीनै व्यवस्थाको प्रकृति बिल्कुलै फरक छ । 'सौबिध्य ब्यापार व्यवस्था' अन्तर्गत ब्यापारलाई भन्सार महशूल दर शुल्क अथवा वा गैर शुल्क नीतिका माध्यमबाट प्रोत्साहित गर्ने गरिन्छ । सदस्य राष्ट्रहरूबीच ब्यापार शुल्क अथवा भन्सार महशूल दर घटाउने, ब्यापारमा रहेका अवरोध हटाई आपसी आर्थिक लाभका लागि अवसर सिर्जना गर्नुलाई यसमा मुख्य उद्देश्यका रूपमा लिइन्छ । सदस्यहरूले आपसमा लिए-दिएको ब्यापारिक सहुलियत गैर-सदस्यलाई दिनुपर्छ भन्ने हुँदैन ।

तर 'स्वतन्त्र ब्यापार क्षेत्र' भने सदस्य राष्ट्रहरूबीचको ब्यापारलाई शुल्क घटाउँदै लगी अन्ततः शून्यमा पुर्‍याई ब्यापारलाई निर्वाध रूपले संचालन गर्ने व्यवस्था हो । सदस्य राष्ट्र बाहेकका लागि भने शुल्क तोक्ने अधिकार हरेक सदस्य राष्ट्रसँग सुरक्षित राखिएको हुन्छ ।

'साझा संघ' अर्कोतर्फ आर्थिक दायरा बाहिर, राजनैतिक र सामाजिक पक्षहरूमा पनि एकीकृत रूपमा सदस्य राष्ट्रहरूलाई आबद्ध गरिने व्यवस्था हो । यूरोपेली संघको 'एकल मुद्रा' र 'यूरोपेली संसद' साझा संघका आर्थिक-राजनैतिक एकीकरणका उदाहरण हुन् । त्यसभित्र पनि सदस्यहरूलाई कुनै खास पक्षमा सरिक हुने नहुने रोजाइको हक प्रदान गरिएको हुन्छ । जस्तो कि यूरोपेली संघको सदस्य भएर पनि बेलायत र नर्वे 'एकलमुद्रा' प्रणालीमा सामेल भैसकेका छैनन् । तर, 'साझा बजार'को एउटा नौलो गुण भने अन्य राष्ट्रहरूसँगको ब्यापार नीति एउटै हुनु हो ।

> हाम्रो निर्यात क्षमता कुन-कुन बस्तुमा छ र कुन-कुन बस्तुहरु देशगत रुपले सार्क क्षेत्रमा निर्यात संभव छ छुट्याई बस्तु विकासको प्रयास गर्नु अति आवश्यक छ

सार्क अन्तर्गत आर्थिक सहयोगमा सघनता ल्याउन सार्क राष्ट्रका नीति-निर्माताहरूले 'सौबिध्य ब्यापार प्रणाली' मात्र पर्याप्त नहुने बरू 'स्वतन्त्र ब्यापार क्षेत्र' समेत आवश्यक हुने र अझ यूरोपेली संघमा जस्तै 'एकल मुद्रा' बनाउनतिर अघि सर्नु पर्ने आग्रह पनि गरेका छन् । परन्तु, सैद्धान्तिक हिसाबले सार्कका सदस्य राष्ट्रका नेताहरूमा अति प्रगतिशील र अग्रगामी कुरा गर्ने, तर, व्यवहारमा यथास्थितिबाट चलमल गर्न नमान्ने प्रवृत्ति फष्टाएको देखिएको छ । सौबिध्य ब्यापार व्यवस्थाअन्तर्गत कुन ब्यापारिक बस्तुलाई सुविधा प्रदान गर्ने भनी एकमतले निर्णय लिने चलन छ । पहिलो पटकको छलफलमा जम्माजम्मी २२६ वटा ब्यापारका बस्तुहरूलाई यसमा समावेश गर्ने निर्णय लिइएको थियो । दोश्रो पटकको छलफलमा सन् १९९७ मा २००० बस्तुहरूलाई सौबिध्य ब्यापारका दायरामा ल्याउने निधो भएको थियो । बस्तुहरूको नामका आधारमा सुविधा दिने पद्धतिले गर्दा साधारणतया ब्यापारमा चलन चल्तिमा नरहेका बस्तुहरूको नामावली प्रकाशित गरी अभिलेखका आधारमा ब्यापार उदारीकरणको नमूना देखाउने किसिमको कृत्रिमता सार्क क्षेत्रमा ब्यापक रूपमा रहेको पाइन्छ ।

सामूहिक रूपमा स्वतन्त्र ब्यापारको अवधारणा सार्कसामु ल्याइए पनि सार्कभित्रका सदस्य राष्ट्रले निजी तबरले दक्षिण एशियाभित्र वा बाहिरका मुलुकसँग द्विपक्षीय संझौताको प्रस्ताव अघि सारेको पाइन्छ । भारतले सार्कअन्तर्गतका श्रीलङ्का, बंगलादेशसँग स्वतन्त्र ब्यापारका लागि संझौता गरिसकेको मात्र होइन, ऊ अफगानिस्थानसँग पनि यस्तो सम्बन्ध बढाउन इच्छुक देखिएको छ ।

स्वतन्त्र ब्यापारपद्धति अन्तर्गत सहुलियत लागु गर्ने

## सार्क मुलुकसँग नेपालको ब्यापार

(२००१/०२) (रू. करोडमा)

| | निर्यात | आयात | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| बंगलादेश | २३.७ | ६४.३ | ८८.० | ०.६ |
| भुटान | २.७ | ८.५ | ११.२ | ०.१ |
| भारत | २७९५.६ | ४४११.७ | ७२०२.३ | ४६.७ |
| माल्दिभ्स * | - | - | - | - |
| पाकिस्तान | ६.१ | १३.३ | १९.४ | ०.१ |
| श्रीलंका | - | १६.१ | १६.१ | ०.१ |
| सार्कको कूल | २८२८.१ | ४५१३.९ | ७३४२.० | ४७.६ |
| नेपालको कूल | ४६९४.५ | १०७२८.९ | १५४३३.४ | |

* निर्यात ६ लाख ३८ हजार, आयात २ लाख ९८ हजार मात्र ।

*श्रोत : Nepal and the World A Statistical Profile 2003 FNCCI*

तरखरमा सार्क बैठकमा मात्र होइन, सदस्य राष्ट्रहरू एकल ढंगले पनि अग्रसर भएको देखिन्छ । तर सार्क क्षेत्रभित्र तथा बाह्य क्षेत्रमा घटेका घटनाबाट 'स्वतन्त्र ब्यापार क्षेत्र' घोषणा गर्ने तिथि भने अघि/पछि सर्ने गरेको छ । शुरूमा २००५ मा 'स्वतन्त्र ब्यापार'मा प्रवेश गर्ने लक्ष्य राखिएकोमा १९९५ मा विश्व ब्यापार संगठनको स्थापना भएपछि सार्क राष्ट्रहरू उत्साहित भएर २००१ मा नै 'साफ्टा' लागु गर्ने अठोट गरे । फेरि सन् १९९७ मा दक्षिण पूर्वी एशियाली मुलुकमा आएको आर्थिक संकटले आर्थिक उदारीकरणमा ढिलाई ल्यायो । फलस्वरूप २००२ मा सारिएको साफ्टाको समय तालिका सार्कको बैठक बस्न नसकेका कारण अलमलमा परेको छ । अब लगत्तै जनवरी २००४ मा आयोजना हुने सार्क शिखर सम्मेलनमा दुई चरणमा ब्यापार उदारीकरण गर्ने सन्दर्भमा भन्सार ५ प्रतिशतबाट शून्य प्रतिशतमा झार्ने लक्ष्य राखिएको छ । सन् २०२० सम्ममा सार्क क्षेत्रमा 'साझा संघ' खडा गर्ने परिकल्पना गरिएको छ । यस हिसाबले हेर्दा 'साफ्टा' लागु गर्ने तिथि मितिमा फेरबदल बारम्बार देखा परेको छ ।

कुल विश्व ब्यापारको केवल ३ प्रतिशतको हाराहारीमा रहेको सार्क क्षेत्रभित्रको ब्यापारलाई 'स्वतन्त्र ब्यापार'को दायरामा ल्याउने यो प्रयास विश्वका विभिन्न भागमा क्षेत्रीय समूहमा गठित आफ्टा (AFTA), नाफ्टा (NAFTA) लगायत ३२ भन्दा बढी स्वतन्त्र ब्यापार समूहमध्येको एक हो । सार्कमा आर्थिक लाभ र आपसी सहयोगले प्राथमिकता पाउनुपर्ने भावना राखिएको भएता पनि राजनैतिक पक्षले बढी नै महत्व पाउने गरेको छ । सार्कको बडा-पत्रअनुसार सार्कको शिखर सम्मेलन हरेक वर्ष हुनुपर्दछ । सार्कमा सदस्य राष्ट्रहरूबीच मतैक्यता भएका विषयवस्तुहरू, त्यसमा पनि सामुहिक हितका विषयमा मात्र विचार-विमर्श गरिने तर द्विपक्षीय कुराहरू सो समुहमा ल्याउन नपाइने भएकाले सार्कको १८ बर्षको अवधिमा ११ वटा शिखर सम्मेलनमात्र सम्पन्न भएका छन् । प्रत्येक बर्ष शिखर सम्मेलन हुन नसक्नुको कारणमा ब्यापार लगायतका आर्थिक कारण होइन, राजनैतिक कारण मूलतः हाबी भएको छ । त्यसमा पनि भौगोलिक र आर्थिक दुवै रूपले शार्क (ठूलो माछा) ठहरिएका सार्कका मुलुकहरू भारत र पाकिस्तानबीचको खिचातानी नै यसको प्रमुख कारक बनेका छन् । गरीवी निवारणका लागि सामूहिक प्रयत्न, चेलीबेटी बेच-बिखनविरोधी अभियानजस्ता आर्थिक, सामाजिक हितकारी लक्ष्यहरू राजनैतिक मनोमालिन्यको तप्केनीमा परेका छन् ।

विश्व ब्यापार संगठनको १४८ औं (कान्छो) सदस्यका हैसियतले नेपालले भन्सार महशूल दर घटाउन मञ्जुर गरेको, ब्यापारका हिसाबले सबै मुलुकलाई समान व्यबहार गर्ने प्रतिबद्धता जाहेर गरेको र विश्व बजारमा आफ्ना बस्तुहरूलाई प्रतिस्पर्धाकै माध्यमबाट पहिचान दिने वा ब्यापार प्रबर्द्धन गर्ने अठोट गरिसकेको छ । यो हिसाबले साफ्टाअन्तर्गतको ब्यापार विश्व ब्यापार संगठनकै पूरकको रूपमा हुनेछ ।

सार्क मुलुकसँग नेपालको ब्यापारिक सम्बन्ध झण्डै भारतको पक्षमा एकलकाँटे ढंगले रहेको छ । सन् २००१/०२ मा भएको नेपालको कुल ब्यापारमध्ये ४७.६ प्रतिशत मात्र सार्क क्षेत्रभित्र थियो । सार्कसँगको नेपालको कुल ब्यापार रू. ७३४२.० करोडमध्ये ९८.२ प्रतिशत (रू. ७२०७.३ करोड) त भारतसंग मात्र सीमित थियो । बंगलादेशसँगको ब्यापार कुल ब्यापारको ०.६ प्रतिशत र अन्य मुलुकहरू भुटान, पाकिस्तान र श्रीलंकामध्ये प्रत्येकसँग केवल ०.१ प्रतिशत मात्र सीमित थियो । भारत केन्द्रित नेपालको ब्यापारलाई विविधिकरण र अन्तर्राष्ट्रियकरण गरी नेपालको हितमा प्रयोग गर्न उद्यमी, ब्यापारीका प्रयासका अतिरिक्त सरकारी कूटनैतिक अभ्यासको पनि नितान्त आवश्यकता पर्दछ । यसका लागि मुलुकअनुसार ब्यापारिक बस्तुहरूको विशेषता रहने भएकाले धेरै मुलुकसँग ब्यापारिक सम्बन्ध बढाउन तत्पर हुनुपर्दछ । भारत र चीनको तिव्वत क्षेत्रसँग सौबिध्य ब्यापार (Preferential treatment) रहेको हालको अवस्थामा ब्यापारको दायरा बढाउन सार्कभित्रकै श्रीलंका, बंगलादेश, भारतलाई समावेश गरी म्यानमार र थाइल्याण्ड समेतको एउटा समूह खडा गरी







*नेपालका निर्यातयोग्य वस्तुहरु पश्मीना*


चर्तुकोण (Quadrangle) मा व्यापारिक कारोवार बढाउने जमर्को पनि भएको छ ।

सार्कको बाह्रौं शीर्षस्थ सम्मेलनमा साफ्टालाई नियमन गर्ने पद्धतिको निधो गरिने योजना बनाइएको छ । सो पद्धतिअन्तर्गत व्यापारमा आपसी लेनदेन, गैर-भन्सार महशूल अवरोध, उत्पत्तिको नियम, संरक्षण (Safeguard), डम्पिङ, अनुदान दिने, प्रतिस्पर्धा, वैदेशिक लगानी, सरकारी खरीददारी, बौद्धिक सम्पत्तिको हक, यातायातजस्ता यावत पक्षहरूमा नीति-नियम तर्जुमा गरिनुपर्ने हुन्छ । व्यापारसँग प्रत्यक्ष सम्बन्ध रहेका उक्त क्षेत्रमा विश्व व्यापार संगठनले परिकल्पना गरेको 'नियममा आधारित व्यापार'लाई सार्थक बनाउने लक्ष्य रहेको छ । साफ्टा साकार भएमा विश्व व्यापार संगठनकै उद्देश्य परिपूर्तिका लागि कोसेढुंगा सावित हुनेछ ।

साफ्टाले नेपालको वैदेशिक व्यापारलाई दिनसक्ने योगदानतर्फ बिचार गर्दा बस्तुको स्वतन्त्र आवागमनले निर्यातको ढोका खोल्दछ । तर ज्यादाभन्दा ज्यादा निर्यातयोग्य बस्तुहरू स्वदेशमा उपलब्ध हुन सक्नुपर्‍यो र अन्य मुलुकसँग गुणस्तरमा पनि प्रतिस्पर्धामा उत्रनुपर्‍यो । लामो समयदेखि संरक्षणप्राप्त उद्योग व्यवसायले प्रतिस्पर्धाको कल्पना गर्दा हतोत्साही हुनु अस्वभाविक नभए पनि त्यो व्यवहारिक भने हुँदैन । अतः हाम्रो निर्यात क्षमता कुन-कुन बस्तुमा छ र कुन-कुन बस्तुहरू देशगत रूपले सार्क क्षेत्रमा निर्यात संभव छ छुट्याई बस्तु विकासको प्रयास गर्नु अति आवश्यक छ ।

संक्षेपमा भन्नुपर्दा काम भन्दा बढी आकांक्षा राख्ने सार्कका सदस्य राष्ट्रहरू आर्थिक सहयोगका उद्देश्यले संगठित भए पनि अन्य मामलाबाट प्रभावित भई लक्षबाट बिचलित भएका छन् । सार्क क्षेत्रकै ठूलो भू-भाग र समृद्ध आर्थिक संरचना भएका भारत र पाकिस्तानजस्ता मुलुकहरूका सामु समान हक उपभोग गर्ने भए पनि अन्य सदस्य राष्ट्रहरू निर्णय प्रक्रियामा छायाँमा परेका छन् । नेपालकै कुरा गर्दा साप्टा र साफ्टालाई अनुमोदन गर्ने पहिलो मुलुक भए पनि सो क्षेत्रमा भएको मन्दगतिका कारण आर्थिक लाभ लिन सकेको छैन । विश्व ब्यापार संगठनको सदस्यतावापत निर्वाह गर्नुपर्ने दायित्व भनेको ब्यापार क्षेत्रलाई उदार बनाउँदै लानु हो, जुन साफ्टाको कार्यान्वियनमा सहयोगी गतिविधि हुनजानेछ । अत्यधिक मात्रामा भारतसँग निर्भर रहेको नेपालको ब्यापारलाई सार्कलगायत अन्य मुलुकहरूमा बिस्तारित गर्न विभिन्न क्षेत्रीय आर्थिक संगठनहरूसँग सम्पर्कमा रहने, गुणस्तरयुक्त बस्तुहरूको ब्यापारयोग्य बिकासमा इमान्दारीताका साथ लाग्ने र कूटनैतिक अभ्यास ब्यापारिक हितका लागि गर्ने अठोट लिइएमा 'स्वतन्त्र ब्यापार'को अवधारणाबाट मुलुकले फाइदा लिन सक्नेछ । तर, अरूको सहयोग र सदभावकै मात्र अपेक्षा राखी ब्यापारिक क्षमतावृद्धिमा नलागे परनिर्भरताले आर्थिक क्षेत्र प्रभावित हुने सुनिश्चित छ । ❑

# सार्कमा कसको स्थिति के छ ?



**जनसंख्याको** हिसाबले दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (SAARC) मा पहिलो राष्ट्र भारत हो, जहाँ एक अर्ब ३ करोड जनसंख्याको बसोबास छ । सार्कको कुल जनसंख्याको ७६ प्रतिशतको यही एउटा मुलुकमा बसोबास छ । दोस्रो राष्ट्र पाकिस्तान हो, जहाँ १४ करोड ६३ लाख मानिसहरू रहन्छन् । दक्षिण एशियाको ११ प्रतिशत जनसंख्या यहीं बस्छ । तेस्रो बंगलादेश हो । यहाँ १४ करोड १ लाख मानिसको बसोबास छ र यो दक्षिण एशियाको १० प्रतिशत जनसंख्या हो । चौथोमा नेपाल आउँछ र यहाँ दक्षिण एशियाको २ प्रतिशत अर्थात् दुई करोड ४१ लाख मानिसहरू रहन्छन् । पाँचौ श्रीलंका हो । र, त्यहाँ एक करोड ८८ लाख मानिस रहन्छन्, जुन दक्षिण एशियाको डेढ प्रतिशत जनसंख्या हो । छैठौ र सातौ क्रमशः भूटान र माल्दिभ्स् हुन्, जहाँ २१ लाख र ३ लाख मानिसको बस्ती छ, जुन दक्षिण एशियाको ०.२ प्रतिशत र ०.०२१ प्रतिशत जनसंख्या हो ।

## सार्क मुलुकमा जनसंख्याको तुलना

*सन् २००१ मा*

| देश | जनसंख्या | प्रतिशत |
|---|---|---|
| भारत | १०३.४ करोड | ७५.६% |
| पाकिस्तान | १४.६३ करोड | १०.७% |
| बांग्लादेश | १४.१ करोड | १०.३% |
| नेपाल | २.४१ करोड | १.८% |
| श्रीलंका | १.८८ करोड | १.४% |
| भूटान | २१ लाख | ०.२% |
| माल्दिभ्स् | ३ लाख | ०.०२१% |

अर्थतन्त्रको हिसाबले पनि दक्षिण एशियाको सबैभन्दा ठूलो अर्थतन्त्र भारतको हो । सन् २००१ मा उसको कुल गार्हस्थ्य उत्पादन ४७८ अर्ब अमेरिकी डलर बरोबरको थियो । दक्षिण एशियामा दोस्रो ठूलो अर्थतन्त्र पाकिस्तानको छ । उसको कुल गार्हस्थ्य उत्पादन त्यो साल ५९.६ अर्ब डलरको थियो, जुन भारतको भन्दा ८ गुणा सानो हो । तेस्रो ठूलो अर्थतन्त्र बांग्लादेशको छ । उसको कुल गार्हस्थ्य उत्पादन सन् २००१ मा ४६.७ अर्ब डलर बरोबरको थियो, जुन भारतको तुलनामा १० गुणा सानो हो । जनसंख्यामा नेपालभन्दा थोरै भए पनि श्रीलंका दक्षिण एशियामा चौथो ठूलो अर्थतन्त्र हो, जसको कुल गार्हस्थ उत्पादन त्यो साल १६.३ अर्ब डलरको थियो, जुन नेपालको भन्दा झण्डै ३ गुणा ठूलो हो । नेपालको अर्थतन्त्र सार्क मुलुकमा पाँचौ ठूलो अर्थतन्त्र हो । सन् २००१ मा यसको कुल गार्हस्थ्य उत्पादन ५.५ अर्ब डलर थियो । यो भारतको भन्दा ८७ गुणा सानो र भूटानको भन्दा ११ गुणा ठूलो अर्थतन्त्र हो । जनसंख्यामा भूटानभन्दा पनि कता हो कता सानो भएर पनि माल्दिभ्स दक्षिण एशियाको छैठौ ठूलो अर्थतन्त्र हो । यसको कुल गार्हस्थ्य उत्पादन ६० करोड डलर छ, जब कि भुटानको ५० करोड डलरमात्र छ ।

## सार्क मुलुकको अर्थतन्त्रको साइज

| सन् २००१ मा | GDP अर्ब अमेरिकी डलरमा |
|---|---|
| पहिलो - भारत | ४७७.८ |
| दोस्रो - पाकिस्तान | ५९.६ |
| तेस्रो - बांग्लादेश | ४६.७ |
| चौथो - श्रीलंका | १६.३ |
| पाँचौं - नेपाल | ५.५ |
| छैठौं - माल्दिभ्स | ०.६ |
| सातौं - भुटान | ०.५ |

# नेपालको ताजा आर्थिक वृद्धिदर

केन्द्रीय तथ्याङ्क विभागले १२ पुसमा सार्वजनिक गरेको ताजा संशोधित अनुमानमा आधारित आंकडाअनुसार नेपालको वार्षिक आर्थिक वृद्धि दर २.५७ प्रतिशत रहेको छ र यो आर्थिक वर्ष २०५९/६० को तथ्याङ्क हो । स्मरणीय छ, गत वर्ष अर्थात् २०५८/५९ मा नेपालको आर्थिक वृद्धि दर (GDP) ऋणात्मक अर्थात् माइनस् ०.४४ थियो ।

यसरी आर्थिक वृद्धि दर बढ्नुमा विभागले मुख्य कारणका रूपमा गैर-कृषि क्षेत्रमा केही सुधार आउनुलाई औंल्याएको छ । ७ महिना लामो युद्धविराम र शान्तिवार्ताका कारणले गैर-कृषि क्षेत्रको उत्पादनमा सकारात्मक सुधार आएको अर्थविद्हरूको भनाइ छ ।

समग्र आर्थिक वृद्धि दर अनुमान गरेभन्दा थोरै उच्च रहे पनि प्रतिव्यक्ति गार्हस्थ उत्पादन वृद्धि दर भने ०.७२ मात्र रहेको विभागले जनाएको छ । आर्थिक वृद्धि दरलाई जनसंख्या वृद्धि दरले प्रभावहीन पारेको हुनाले प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन वृद्धि दर यसरी निक्कै न्यून हुनपुगेको विभागको विश्लेषण छ ।

केन्द्रीय तथ्याङ्क विभागका अनुसार नेपालको ताजा कृषि उत्पादन वृद्धि दर २.३८ प्रतिशत छ । यो पनि आ.व. २०५९/६० कै वार्षिक आँकडा हो । गएको वर्ष कृषि क्षेत्रको उत्पादन वृद्धिदर २.२ प्रतिशत थियो । गत आर्थिक वर्षमा फलफूल, आलु, गहुँ र मकैको उत्पादनमा केही वृद्धि भएको छ, तर धान, सुर्ती र तेलहन बालीको उत्पादन घटेको विभागले स्पष्ट पारेको छ ।

गैर-कृषि क्षेत्रको वृद्धि दर भने गत आर्थिक वर्षमा २.७७ प्रतिशत रहेको विभागले जनाएको छ । यसमध्ये उद्योग क्षेत्रको उत्पादन वृद्धिदर भने १.९८ प्रतिशत मात्रै छ । स्मरणीय छ, अघिल्लो आर्थिक वर्ष (२०५८/५९) उद्योग क्षेत्रको उत्पादन वृद्धि दर योभन्दा पनि ज्यादै न्यून र ऋणात्मक थियो । यो माइनस ९.९७ प्रतिशत थियो । युद्धविराम र शान्तिवार्ताले उद्योग व्यवसायको उत्पादन वृद्धिमा कति धेरै असर पुऱ्याउँदो रहेछ भन्ने कुराको यो ज्वलन्त उदाहरण हो ।

## आर्थिक वृद्धिदरको ताजा आँकडा

| | २०५८/५९ मा | २०५९/६० मा |
|---|---|---|
| ❍ आर्थिक वृद्धिदर (GDP) | ०.४४ | २.५७ |
| ❍ औद्योगिक उत्पादन वृद्धिदर | -९.९७ | १.९८ |
| ❍ कृषि उत्पादन वृद्धिदर | २.२ | २.३८ |
| ❍ गैर-कृषि क्षेत्रको उत्पादन वृद्धि दर | २.१ | २.७७ |
| ❍ होटेल, रेष्टुराँ र व्यापार क्षेत्रमा उत्पादन वृद्धिदर | -१०.०९ | ३.७४ |
| ❍ विद्युत तथा पानी क्षेत्रमा ग्रार्हस्थ उत्पादन वृद्धिदर | १.१२ | १.६९ |

*स्रोत : केन्द्रिय तथ्यांक विभाग*

## मुरव्य समष्टिगत आर्थिक परिसूचकहरू


(रु. करोडमा)


| | २०५९ आश्विन | २०६० आश्विन | वार्षिक वृद्धि % | २०६० आषाढ |
|---|---|---|---|---|
| विस्तृत मुद्रा (क) | २२७६७ | २४७४५ | ८.७ | २४२२१ |
| मुद्रा प्रदाय (ख) | ७७०८ | ८१४२ | ५.६ | ८१४३ |
| **बैकिङ्ग क्षेत्रको विनिमय संचिति** | १०४०८ | १०९५८ | ५.३ | ११०३९ |
| परिवर्त्य मुद्रा | ८२०१ | १०३४८ | २६.२ | ९९१७ |
| भारतीय मुद्रा | २२०७ | ६१० | (७२.४) | ११२२ |
| विनिमय दर (अमेरिकी डलर) | ७६.२६ | ७८.३० | २.७ | ७७.६६ |
| **मूल्यस्फिति (प्रतिशतमा)** | | | | |
| उपभोक्ता मूल्य वृद्धि दर | ३.० | ५.२ | ४०.५ | ५.२ |
| थोक मूल्य वृद्धि दर | १.७ | ३.५ | १०५.९ | ३.८ |
| **सरकारी खर्च** | १४०० | १५२५ | ८.९ | ७२२० |
| विकास खर्च | १४७ | १५३ | ४.१ | १६५३ |
| साधारण खर्च | ११२३ | १२१३ | ८.० | ५४३० |
| अन्य खर्च | १३० | १५८ | २१.५ | १३७ |
| **अधिविकर्ष (ओभरड्राफ्ट)** | ६३ | १९१ | २०३.२ | (१३३) |
| **राजश्व संकलन** | ९५८ | १०८३ | १३.२ | ५६२३ |
| **व्यापार** | | | | |
| निर्यात | १०७२ | ११६९ | ९.० | ४९२५ |
| आयात | २७१० | ३२३२ | १९.३ | १२५५५ |
| **कुल व्यापार** | ३७८२ | ४४०१ | १६.४ | १७४८० |
| भारत | २१३५ | २३९७ | १२.३ | ८३०३ |
| अन्य मुलुक | १६४७ | २००४ | २१.७ | ९१७७ |
| शोधनान्तर स्थिति (भाद्र महिनासम्ममा) | (१३८) | २ | १.४ | ५२० |
| चालु खाता | (११४) | ३२२ | २८२.५ | ८३८ |

(क) मुद्रा प्रदाय र मुद्दति खाताको रकम (ख) सिक्काहरु र चल्ति खाता

**नोट : कोष्ठभित्रको अंकले नकारात्मक जनाउँछ।** *श्रोत : नेपाल राष्ट्रबैंक तथ्यांक विभाग*

२०५९ आश्विनको तुलनामा २०६० आश्विनमा अत्यधिक परिवर्तन भएका परिसूचकहरूमा वैदेशिक विनिमय संचिति पनि पर्दछ । वैदेशिक विनिमय संचिति बढ्नुमा निर्यात र विप्रेषण (रेमिटान्स) मा वृद्धिले केही योगदान दिएका छन् । भारतबाट आयातित तेलको भुक्तानका कारण भा.रू. संचिति घटेको हो । सरकारले राष्ट्र बैंकसँग लिएको ऋण २०३.२ प्रतिशतले बढ्नुमा सुरक्षा खर्च बढ्न गएबाट हो, जुन कुरा साधारण खर्च बढेबाट पनि प्रमाणित हुन्छ । २०५९ आश्विनमा ११४ करोड घाटामा रहेको शोधनान्तर चालुखाता एक वर्षपछि ३२२ करोड बचत हुनुमा नेपालीले विदेशमा काम गरेर पठाउने रकम रेमिटान्सको वृद्धि हुन गएबाट हो । ❑





*विशेषतः निम्नमध्यम वर्गको जनाधारमाथि टेकेर समाजवादी लफ्फाजी, सैन्य अनुशासन र आक्रामक कारबाहीद्वारा फासीवाद सत्तासीन भएको देखिन्छ*

# फासीवादसम्बन्धी अवधारणा

**इटाली** र जर्मनीको फासीवादको इतिहास हेर्दा देखिन्छ : फासीवाद पूँजीवादको भ्रष्टतम रूप हो, तर त्यसले रंगीन, आकर्षक मुकुण्डो लगाउँछ । र, नाजीवाद फासीवादको अधिक नस्लवादी, अधिक गतिशील, कट्टर, उत्ताउलो र आक्रामक रूप हो । फासीवादको मूलतत्वको रूपमा उत्कट र उग्र राष्ट्रवाद, सैन्यवाद, एकतन्त्र, नस्लवाद र रोमानी दृष्टिकोणलाई लिइन्छ । मूलतः असन्तुष्ट र हीनभावले ग्रस्त मध्यमवर्ग, विशेषतः निम्नमध्यम वर्गको जनाधारमाथि टेकेर समाजवादी लफ्फाजी, सैन्य अनुशासन र आक्रामक कारबाहीद्वारा त्यो सत्तासीन भएको देखिन्छ । राज्यबाट स्रोत, साधन र संरक्षण खोजिरहेका पूँजीपतिहरूले फासीवादी राज्यबाट अत्यधिक लाभ कमाएका थिए ।

शुरू शुरूमा फासीवादले समाजवादको रंगीन र आकर्षक मुकुण्डो लगाएर जनतालाई लोभ्याउँछ । र, जनताको, विशेषतः मध्यमवर्गीय जनताको व्यापक समर्थन पाएपछि पूँजीपतिवर्गको स्वार्थ पूरा गर्न थाल्छ । मोटामोटी रूपमा भन्ने हो भने फासीवाद भनेको त्यस्तो सामाजिक-आर्थिक व्यवस्था हो, जसको अन्तरवस्तुचाहिँ पूँजीवादी शोषण नै हुन्छ, तर वाह्य रूपचाहिँ समाजवादी हुन्छ ।

पाउल एम. स्वीजी, अन्तोनियो ग्राम्शी र शिवदास घोषजस्ता विचारकहरूका विश्लेषण अनुसार फासीवादका राजनैतिक/आर्थिक विशिष्टताहरू हुन् :

१) निजी र सार्वजनिक क्षेत्रमा आर्थिक केन्द्रीकरण हुनु
२) राज्य र प्रशासनको हातमा राजनीतिक-आर्थिक शक्तिको अधिकतम संकेन्द्रण हुनु
३) संस्कृतिमा ब्यूहरचना र सैनिकीकरण हुनु
४) एकाधिकारवादी पूँजीको स्वार्थ रक्षा गर्नु
५) लोकतान्त्रिक अधिकार र तौर तरिकाहरुमाथि नियन्त्रण हुनु
६) प्रशासनिक निष्पक्षताको अभाव हुनु
७) प्रशासनलाई अधिकाधिक निरंकुश क्षमताले लैश गर्नु,
८) न्यायपालिकाको सापेक्ष स्वतन्त्रता घट्दै जानु
९) लोकतान्त्रिक संस्थाहरुको शक्तिलाई घटाउँदै घटाउँदै ती संस्थाहरुलाई बुँख्याःचाजस्तै बनाउनु । *(Sweezy, 1991 Gramsci, 1996, Ghosh, 1992)*

शिवदास घोषले फासीवादका सांस्कृतिक विशिष्टताहरूलाई यसरी परिभाषित गरेका थिए :

१) जनताको देशभक्तिको भावनालाई अन्धराष्ट्रवाद (Jingoism) र राष्ट्रिय अहंकारवाद (National Chauvinism) तिर धकेल्नु ।
२) जात, जाति, धर्म, सम्प्रदाय, क्षेत्र, नस्ल, पार्टी आदिप्रति अन्धसमर्थन गर्न लगाउनु ।
३) भाग्यवादी, अतार्किक र अवस्तुवादी विचार, भावना र पूर्वाग्रहप्रति मोह जगाउनु तथा कट्टरता, असहिष्णुता र उग्रलडाकू भावना फैलाउनु ।

यी आर्थिक, राजनैतिक र सांस्कृतिक विशिष्टताहरूमध्ये एक-दुईवटा पक्षमात्रै देखिएमा फासीवादी प्रवृत्ति देखिएको भन्न सकिन्छ । र, धेरैजसो विशिष्टताहरू देखिएमा फासीवाद नै प्रकट भएको मूल्यांकन गर्न सकिन्छ । *(Ghosh, 1992)*

फासीवादका अन्य महत्वपूर्ण विशिष्टताहरू



*जर्मनीमा आफ्ना कार्यकर्ताहरुलाई सम्बोधन गर्दै मुसोलिनी र हिटलर*

## फासीवादका राजनैतिक, आर्थिक विशिष्टताहरू के हुन् ?

यहाँ उल्लेखनीय छन् । अलान ओ. इबेन्स्टाइन, विलियम इबेन्स्टाइन र एड्विन फोगेलमानका अनुसार ती यस प्रकार छन् : ***(Ebenstein, Ebenstein, Fogelman 1993 : 87-96)***

## कारणहरूप्रतिको अविश्वास

फासीवादीहरू कारणहरूप्रतिको अविश्वासको आधारमा क्रियाशील हुन्छन् । अरू सबै थोत्रा पुराना विचार, संस्था र प्रक्रियाप्रति उनीहरूले अविश्वास गर्दैनन्, कुनै पनि घटना-दुर्घटना वा परिघटनाको पछाडि कारण हुन्छ भन्ने कुरा उनीहरू पनि स्वीकार्दैनन् ।

पूँजीवादी क्रान्तिसँगै विकसित तर्क, विवेक र विज्ञानमा आधारित मानवतावादको एउटा मूल पक्ष हो : हेतुवाद, अर्थात् कुनै पनि घटनाको कारण खोज्ने विचार र प्रवृत्ति । तर उनीहरूले विवेकको आँखा र विज्ञानको दृष्टिकोण प्रयोग गरेर कारण खोतल्ने प्रवृत्तिलाई लत्याएर विश्वास र भाग्यमाथि बल दिन्छन् । यस अर्थमा फासीवादले कारण खोतल्ने, विवेक प्रयोग गर्ने र वैज्ञानिक दृष्टिकोण अपनाउने तरिकालाई कुल्चेर भाग्यवाद, जडसूत्र र अन्धअनुशरणको वकालत गर्छ । फासीवादले आफ्नो जाति, धर्म, राष्ट्र, साम्राज्य वा नेताप्रतिको अन्धविश्वासमाथि अत्यधिक महत्व दिन्छ ।

## समानताको अवधारणाको विरोध

फासीवादीहरू मानव-मानवबीच समानता कायम गर्नुपर्छ भन्ने कुराका विरोधी हुन्छन् । बरू उनीहरूले मानवहरूबीच सीमित व्यक्तिहरू मात्रै श्रेष्ठ, वरिष्ठ, विशिष्ट, क्षमतावान हुन्छन्, धेरैजसो चाहिं हीन, निकृष्ट, कमजोर हुन्छन् भन्ने मान्यता बोक्छन् ।

फासीवादीहरूको विचारमा पुरूषहरू महिलाहरूभन्दा, सैनिक र प्रहरीहरू नागरिकहरूभन्दा र पार्टी-कार्यकर्ताहरू स्वतन्त्र जनताभन्दा श्रेष्ठ र विशिष्ट हुन्छन् । त्यस्तै, आफ्नो जाति, वंश, नस्ल, धर्म, राष्ट्र अरूको तुलनामा उत्तम हुन्छ, कमजोर र विजित राष्ट्र, जाति र व्यक्तिभन्दा विजयी राष्ट्र, जाति र व्यक्ति सर्वोच्च हुन्छ । उनीहरूका अनुसार जर्मनीका फ्यूहरर्, इटालीका एल ड्यूक, जापानका भगवान-राजा (God-king) श्रेष्ठता, विशिष्टता र सर्वोच्च सामर्थ्यको सगरमाथा हुन् भने अरू सब भारेभुरे !

## झूठ र हिंसामा आधारित व्यवहार

फासीवादीहरूको व्यवहार मूलतः झूठ र हिंसामा आधारित हुन्छ, चाहे त्यो मानिस-मानिसबीचको सम्बन्धमा होस्, चाहे त्यो सरकार वा राज्यहरूबीचको मामिलामा । फासीवादीहरूको राजनीतिक-सांस्कृतिक व्यवहारमा कोही कि त साथी हुन्छ कि शत्रु, बीचमा अरू कोही हुँदैन । साथीहरूलाई माया, शत्रुलाई घृणा, शत्रुको सम्पूर्ण विनाश तथा वैचारिक र शारीरिक रूपमा ध्वंश र निषेध । -हो यही हो, यसको व्यवहार ।

*फासीवादीहरूले सरकारी कामकाजमा मात्रै होइन, जीवनका सम्पूर्ण पक्षमाथि सर्वसत्तावाद लागू गर्छन् । उनीहरू सम्पूर्ण सामाजिक सम्बन्धहरूमा प्राधिकार र हिंसाको हतियार प्रयोग गर्छन्*

लोकतान्त्रिक समाजमा विपक्षी हुन्छ, विरोधी पक्ष हुन्छ, उनीहरूलाई सम्मान दिइन्छ । तर फासीवादीहरूको समाजमा विरोधी पक्ष हुँदैन, केवल शत्रु मात्रै हुन्छ । र, शत्रुहरू चाहे ती देशभित्रका होउन् या विदेशका, तिनीहरूको विनाशबाट मात्रै फासीवादी राज्य 'शुद्ध' हुन्छ । प्रतिपक्षीय चेतना र विरोधको आवाजविनाको पवित्र राज्यको निर्माण गर्नकै लागि फासीवादी राज्यमा नरसंहारहरू गरिन्छन् ।

## अभिजातवर्गको शासन

फासीवादीहरू जनताले शासन गर्न सक्छन् भन्ने कुरामाथि विश्वास गर्दैनन् । जनताद्वारा जनताको शासनलाई 'लोकतन्त्रको कुतर्क' भन्ने फासीवादीहरू मुट्ठीभर अभिजातवर्गले मात्रै शासन गर्न सक्छन् भन्छन् । निश्चित जाति, वंश, जन्म, शिक्षा, सामाजिक स्तरका अभिजात वर्गका मानिसहरूले मात्रै राज्य चलाउन नसक्ने कुरामा उनीहरू विश्वस्त हुन्छन् । दार्शनिक प्लेटोको 'दार्शनिक राजा'को शासन र अर्का दार्शनिक नीत्शेको 'सुपरम्यान'को राज्यको अवधारणालाई बोकेर फासीवादीहरू बहुसंख्यक महिला, अल्पसंख्यक जाति, सम्पत्तिहीन वर्गमाथि अभिजातवर्गीय शासनको वकालत गर्छन् । त्यसरी शासन गर्न जनताको समर्थन भएपछि नागरिक स्वतन्त्रता, प्रजातान्त्रिक अधिकारको अभ्यास, नियमित चुनावी प्रक्रिया, नीति-निर्माणमा सहभागी हुने जनाधिकारलाई पूरै बेवास्ता गरी निरंकुश शासन चलाइन्छ । र निरंकुश शासकलाई भगवान वा ईश्वरीय प्रतिनिधि वा दैवीय शक्ति भएका शासक र कहिले पनि गल्ती नगर्ने महामानव मानिन्छ अनि दूरदृष्टि भएका राष्ट्रनायकले एक्लै नै जनताको प्रतिनिधित्व गर्ने विश्वास गरिन्छ । सर्वज्ञानी, सर्वोच्च नायक र राष्ट्रका सर्वेसर्वा शासकहरूको आदेश पालना गर्नलाई मात्रै जनता स्वतन्त्र हुन्छन्, आफ्नो बुद्धि, विवेक र विरोध प्रकट गर्न उनीहरू स्वतन्त्र हुँदैनन् ।

## सर्वसत्तावाद

फासीवादीहरूले सरकारी कामकाजमा मात्रै होइन, जीवनका सम्पूर्ण पक्षमाथि सर्वसत्तावाद लागू गर्छन् । उनीहरू सम्पूर्ण सामाजिक सम्बन्धहरूमा प्राधिकार र हिंसाको हतियार प्रयोग गर्छन् ।

महिलाहरूको सम्बन्धमा फासीवादीहरू महिला हक-हित र अधिकारको विरोधी हुन्छन् । नाजीहरूले महिलाहरूलाई तीनवटा 'k' अर्थात् Kinder (बच्चा), Kuche (भान्छा) र Kirche (चर्च) मा सीमित गरेका थिए । युद्धमा लड्न असक्षम ठानी महिलाहरूलाई सरकार र पार्टीबाट निकाल्ने र दोस्रो दर्जाका नागरिक ठान्ने काम सामान्य रूपमा गरिएको थियो । फासीवादमा महिलाहरूलाई युद्धका लागि 'सपुतहरू' जन्माउन, पुरूषहरूको ओछ्यान बन्न, चुल्हो-चौकामा सीमित हुन र धर्म-कर्ममा लाग्नमात्रै प्रेरित गरिन्छ ।

त्यस्तो समाजमा परिवारमा पनि पुरूष सर्वशक्तिबान् नेता हुन्छ, उसको आदेश-निर्देशमा घर-परिवार, श्रीमती, बालबच्चा चल्नुपर्छ । पितृसत्ताविरूद्ध कुनै गुनासो स्वीकार्य हुँदैन । महिला



र साना मानिसविरूद्ध यातना सर्वस्वीकृत हुन्छ । अन्य पेशामा जस्तै, स्कूलको शिक्षण पेशामा पनि महिलालाई भन्दा पुरूषहरूलाई प्राथमिकता दिइन्छ । फासीवादी शिक्षाशास्त्रीहरूको दृष्टिकोणअनुसार, बच्चाहरूलाई समेत सैनिकहरूलाई जस्तै अनुशासन र ठूलाबडाको आज्ञापालन गर्न सिकाउन शिक्षकहरूको निरंकुश सत्ता बहु-उपयोगी हुन्छ । केटाहरूलाई सैन्य सेवाका लागि र केटीहरूलाई घरेलु कामकाजका लागि दीक्षित गरिने ती स्कूलहरूमा शिक्षिकाहरूको भूमिका तल्लो र अधीनस्थ हुन्छ ।

यसरी मानिसहरू जन्मँदादेखि मर्दा-पर्दासमेतका व्यवहारमाथि नियन्त्रण कायम गर्ने फासीवाद धेरै हदसम्म सर्वसत्तावादी हुन्छ । कसले बाँच्न पाउँछ र कसले छिटो मर्नुपर्छ भन्ने हदसम्मको फैसलासमेत फासीवादीहरूले गर्छन् । अतः दमनको क्रममा मौखिक चेतावनीदेखि नरसंहारसम्म गर्ने फासीवाद मानव सभ्यताको विकासका लागि मात्रै होइन, मानवको अस्तित्वकै लागि पनि खतरनाक छ ।

## नस्लवाद र साम्राज्यवाद

मानव-मानवबीचको असमानता र हिंसामार्फत् फासीवादको नस्लवाद र साम्राज्यवाद अभिव्यक्त हुन्छ । आफ्नो देशभित्र मानव-मानवबीचको सम्बन्धमा अभिजातवर्गलाई जनताभन्दा श्रेष्ठ र शासक ठानिन्छ । र, जनतामाथि, विशेषतः महिला, अल्पसंख्यक जाति र विरोधी पक्षमाथि अभिजातवर्गीय उत्पीडन र हिंसा थोपरिन्छ । त्यस्तै देशबाहिर, राष्ट्र-राष्ट्रबीचको सम्बन्धमा अभिजातवर्गीय राष्ट्रले आफूलाई अन्य राष्ट्रहरूभन्दा श्रेष्ठ ठानेर अरू देशहरूमाथि आफ्नो शासन लाद्छ ।

जर्मन-नर्दिक 'नस्ल'लाई विश्वकै श्रेष्ठ नस्ल ठानेर विश्वका 'हीन, कमजोर' नस्लमाथि उत्पीडन र हिंसा थोपर्ने जर्मन फासीवादीहरूको उदाहरण यहाँ उल्लेखनीय देखिन्छ, जुन नस्लवाद र साम्राज्यवादको मिश्रणको विशेष नमूना हो । पुरानो रोमन साम्राज्यको पुनरूत्थानका लागि संघर्ष गरिरहेको दावी गर्ने इटालीका फासीवादीहरूले सन् १९३८ सम्म नस्लवादलाई मुख्य नारा बनाएका थिएनन् । सन् १९३८ मा मात्रै मुसोलिनीले इटालीवासीहरू शुद्ध र श्रेष्ठ नस्ल भएको दावी गर्दै हिटलरको नस्लवादी सिद्धान्तलाई साथ दिएका थिए ।

सन् १९३० को दशकको शुरूमै जापानले एशिया-प्रशान्त क्षेत्रमा जापानी नस्लको प्रभुत्व कायम गर्न 'सह-कल्याण'को नारासहित साम्राज्यवादी अभियान चलाएको थियो । फासीवादले धर्म, भाषा, क्षेत्र र राष्ट्रको नाममा पनि उत्पीडन र हिंसा प्रयोग गर्ने संभावना प्रबल छ ।

## अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिहरूको विरोध

असमानता, हिंसा, अभिजातवाद, नस्लवाद र साम्राज्यवादलाई स्वीकार गरेपछि अन्तर्राष्ट्रिय सन्धि-अभिसन्धिहरूप्रतिको विरोध र युद्ध अनिवार्य हुनपुग्छ । युद्ध र शान्तिको बारेमा फासीवादी नेताहरूद्वारा व्यक्त स्पष्ट विचार र युद्धपिपाशु व्यवहारबाट के देखिन्छ भने फासीवाद शान्तिको सबैभन्दा ठूलो शत्रु र युद्धको सबैभन्दा बेसी समर्थक हो ।



**दमनको क्रममा मौखिक चेतावनीदेखि नरसंहारसम्म गर्ने फासीवाद मानव सभ्यताको विकासका लागि मात्रै होइन, मानवको अस्तित्वकै लागि पनि खतरनाक छ**

हिटलरले आफ्नो आत्मकथा 'मेन क्याम्फ'को पृष्ठ १४९ मा लेखेका थिए- 'अनन्त युद्धबाट मानव जाति महान बनेको छ, अनन्त शान्तिबाट मानव जाति नष्ट हुनेछ ।' *(पामदत्त १९६४ : २८७ मा उद्धृत)*

त्यस्तै सन् १९३२ मा प्रकाशित 'इन्साइक्लोपेडिया इटालियाना'मा मुसोलिनीले 'फासिज्म'माका बारेमा लेखेका थिए : "केवल युद्धले मात्रै मानव शक्तिलाई चरम सीमातिर लैजान्छ र ती राष्ट्रहरूको श्रेष्ठतामाथि लालमोहर लगाइदिन्छ, जुन राष्ट्रसँग युद्धलाई अंगीकार गर्ने साहस हुन्छ ।" *(सिंह १९८३ : ३१४ मा उद्धृत)*

अन्धराष्ट्रवाद र जातिविद्वेषको प्रचारद्वारा साम्राज्यवादी युद्धउन्माद फैलाउने फासीवादका यस्ता विचार र व्यवहारहरू अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूसँग सीधै बाझिन्छन् । मूलतः त्यस्ता सन्धि र अभिसन्धिहरूसँग बाझिन्छन्, जसको प्रकृति सबै जात-जाति, भाषा, संस्कृति, मानव र राष्ट्रलाई समान ठान्ने, तिनीहरूबीच सौहार्दता र शान्ति कायम गर्न खोज्ने खालका हुन्छन् । त्यस्ता सन्धि-अभिसन्धिहरूसँग फासीवादीहरूको देशमाथि एकव्यक्तीय शासन, समाजमाथि एउटा विशिष्ट अभिजातवर्गीय शासन र सिंगो संसारमाथि एउटा राष्ट्रको प्रभुत्वको नारा नबाझिने प्रश्नै भएन । अतः फासीवादीहरूले यस्ता अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट अलगिनु र सन्धिहरू गर्न नमान्नु स्वाभाविक देखिन्छ ।

बल र हिंसा प्रयोगद्वारा आफ्नो मत अरूमाथि थोपर्ने र आफ्नो निरंकुश सत्ता विश्वभरि थोपर्न चाहने फासीवादीहरूलाई सहमतिका आधारमा निर्णय गर्ने प्रणाली सबै राष्ट्रहरू समान हुनुपर्ने सिद्धान्त र कुनै अन्तर्राष्ट्रिय संस्थाले गर्ने निर्णय कहाँ स्वीकार्य हुन्छ र ? उनीहरू त आफूलाई विश्वकै भावी शासक ठान्छन् ।

## निगम राज्यको निर्माण

फासीवादको मुख्य लक्ष्य प्राप्तिको ठूलो हतियार हो- निगम राज्य । ब्रिटेनको फासीवादी आन्दोलनका नेता ओसवाल्ड मोसलेले भनेका थिए- 'हाम्रो नीति 'करपोरेट (निगम) राज्य'को स्थापना हो । यो राज्यमा सरकारको निर्देशन र नियन्त्रणमा प्रत्येक व्यक्तिले सिंगो राज्यको स्वार्थका लागि काम गर्नुपर्छ । ... वर्ग-संघर्षको स्थान राष्ट्रिय एकता एवं सहयोगको भावनाले लिन्छ । जुन व्यक्ति राष्ट्रिय नीतिको विरोधी हुन्छ, र जसले कुनै वर्ग-विशेषको हकमा काम गर्छ, त्यसलाई संगठित राज्य-शक्तिद्वारा कठोरतापूर्वक दमन गरिनेछ । नाफाको हक यथावत् राखिनेछ, यसमा शर्तस्वरूप उसले राष्ट्र र नागरिकहरूको श्रीवृद्धि गर्नुपर्छ ।' *(पामदत्त १९६४ : २६३)*

मोसलेद्वारा परिभाषित करपोरेट राज्यको राष्ट्रिय स्वार्थ भनेको मूलतः पूंजीपतिवर्गको निजी वर्ग-स्वार्थ हो, जुन स्वार्थ जनताको नजरबाट लुकाइएको हुन्छ । जब जब आफ्नो पूंजीको स्वार्थमाथि देश-विदेशमा धक्का लाग्छ, तब तब पूंजीपतिको सरकार, पार्टी, अखबार सबै सबै चिच्याउन थाल्छन्- 'राष्ट्रिय स्वार्थमाथि खतरा !

रोबर्ट ए. ब्राडीको पुस्तक 'दि स्पिरिट एण्ड स्ट्रक्चर अफ जर्मन फासिज्म'का अनुसार, करपोरेट राज्यअन्तर्गतको आर्थिक नीतिका दुईवटा मूल उद्देश्यहरू हुन्छन्- एक, व्यक्तिगत उद्योगहरू र व्यावसायिक संस्थाहरूमा चलिरहेका पारस्परिक आत्मघाती द्वन्द्वको परिणामलाई राज्यको हस्तक्षेपद्वारा यथासंभव रोक्नु र पूंजीवादी व्यवस्थाविरूद्ध सामाजिक, आर्थिक र राजनैतिक क्षेत्रमा वामपन्थी पार्टीहरूको चुनौतीको मुकाबिला गर्नु । *(एस.यु.सी.आई १९७६ : ५५)*

यी विशिष्टताहरू अहिले विकसित पूंजीवादी अर्थतन्त्र भएका मुलुकहरूमा मात्रै होइन, पिछडिएका राष्ट्रहरूमा पनि देखिएका छन् । चाहे ती अफ्रिका र एशियाका मुलुक हुन् या ल्याटिन अमेरिका र यूरोपका । अर्थतन्त्र कमजोर हुनु र सैनिक शक्ति सशक्त हुनुसँग फासीवादको साइनो नहुन थालेका उदाहरण देखिन थालेको छ, सैनिक तानाशाही र फासीवादीकरण तीव्र भइरहेका विश्वका मुलुकहरू हेर्दा । ❑



# मूत्रप्रणालीको 'पत्थरी'


डा. सरोज धिताल

**अस्पताल पुगुन्जेलसम्ममा निशाको पीडा केही कम भइसकेको थियो। दुईवटा इन्जेक्शन दिएपछि त झण्डै झण्डै केही नभए जस्तो भयो।**

- *ऊ अठार वर्षकी चुल्बुले, पढैया शहरी केटी । निशा नाम उसलाई सुहाउने त हैन, तर त्यही हो उसको नाम । जाँच दिँदैछे १२ क्लासको । आजकल त्यही जाँचले होला उसको चुल्बुलेपन र ठट्यौलो स्वभावलाई निलिदिएको छ । उसका बाबु-आमा खुशी देखिन्छन्- अब छोरी ठूली भई भनेर होला । तर ऊ भने आत्तिएकी छ जाँचको पीरले । राती अबेर सम्म पढेर सुतेकी ऊ, जाँच आउनुभन्दा ५ दिनअघिको रात एक्कासी बिउँझी । तल्लो पेटमा कतै अनौठो असजिलोपन उसले अनुभव गरी । एकचोटि पिसाब फेर्न गएर कोठामा फर्किंदा दायाँ कोखा दुखेको उसलाई राम्रो थाहा भयो । यता फर्किंदा हुन्थ्यो कि, उता फर्किंदा हुन्थ्यो कि, उठ्दा हुन्थ्यो कि, बस्दा पो हुन्थ्यो कि भनेर ऊ छट्पटाइरही । केही गर्दा पनि दुखाइ हराएन । बरू ह्वात्त ह्वात्त बेला बेलामा दुखाइ चर्किन्थ्यो । कुनै बेला त्यो दुखाइको तोड दाहिने तिघ्रासम्म पुग्थ्यो । दुख्दा दुख्दा उसलाई वाकवाकी लाग्न थाल्यो । बाथरूममा गएर एकचोटि बान्ता गरेपछि, ऊ साँच्चै नै आत्तिई र आमालाई उठाई । पीडामा छट्पटाइरहेकी छोरीलाई देखेर आमा पनि आत्तिइन् । घरका सबै बत्ती बले, सुतेका सबै उठे र निशालाई लिएर अस्पताल गए । बाटोमा एकचोटि उसले फेरि बान्ता गरी । अस्पताल पुगुन्जेलसम्ममा निशाको पीडा केही कम भइसकेको थियो । दुईवटा इन्जेक्शन दिएपछि त झण्डै झण्डै केही नभए जस्तो भयो ।*

  *सुविधासम्पन्न अस्पताल थियो । इमर्जेन्सी रूमका डाक्टरहरूले तत्काल पिसाब र रगत जँचाए । इमर्जेन्सीमै भएको सानो पोर्टेबल अल्ट्रासाउण्ड यन्त्रको सहायताले एकजना डाक्टरले उसको पेटमा हेरे, अनि साथीतिर फर्केर भने- 'हाइड्रोनेफ्रोसिस' । एकछिनपछि के.यु.बि. (किड्नी, युरेटर, ब्लाडर) एक्सरेको फिल्म आयो । निशालाई समेत देखाउँदै डाक्टरहरूले भने- हेर, निशा, तिमीलाई दुखाउने ढुङ्गो यही हो । तर सानो छ, आफै जान्छ होला । युरेटरको निक्कै तल आइसक्यो । बेसरी पानी खाऊ, आफै बगेर जान्छ ।...*

- *ऊ दीपलाल चौधरी । पश्चिमबाट आएको । १२ वर्षअगाडि एकचोटि बेस्सरी देब्रेपट्टि ढाड दुखेको थियो रे । त्यसैबेला पिसाब पनि मासु पखालेको पानी जस्तो रातो भएको थियो रे । धनगढीको सरकारी अस्पतालमा जाँदा एउटा एक्सरे गरेर 'पत्थरी छ' भनेछन् । त्यसबेला त्यतातिरका मानिसहरू कुनै गम्भीर प्रकृतिको स्वास्थ्य समस्या भयो भने सीमापारि भारतीय शहरसम्म जान्थे । दीपलाल पनि आफ्नो सालोलाई लिएर उतै लाग्यो । त्यहाँका डाक्टरहरूले अनेक जाँच पडताल गरीसकेपछि अन्त्यमा देब्रेतिर मृगौलामा पत्थरी छ, अपरेशन गर्नुपर्छ भनेछन् । तर बिचरा दीपलालको पैसा जति सबै नै जाँच गर्दागर्दै सकिइसकेको थियो ।*



  *ऊ जिल्ल परेर गाउँमै फर्कियो । पछि उसलाई दुख्न पनि अलि कम भएजस्तो लाग्यो । एक त अपरेशनको कुराले नै उसलाई डरलाग्ने, अर्को पैसाको कुरा झन् डरलाग्दो ! उसले वास्ता गर्न छोड्यो । बेला बेलामा ढाड र कोखा दुख्ने, ज्वरो आउने, पिसाब पोल्ने, पिसाब रातो हुने, हुँदाहुँदा देब्रेतिर पनि दुख्न थाल्यो । जसोतसो चलेकै थियो, तर गएको फागुनदेखि भने दीपलाललाई पटक्कै ठीक भएन । अनुहार र गोडा सुन्निन थाल्यो, पिसाव कम हुन थाल्यो, छालाको रङ्ग पनि फुङ्ग उडेजस्तो भयो । शरीरमा कमजोरी देखियो ।... यी सब कुरा शुरू भएपछि दीपलाल आत्तियो । उसका वरिपरिका सबै आत्तिए । र, यसपाला भने भारत पस्नुको सट्टा ऊ काठमाण्डू नै आयो । सामान्य जाँच गरिसकेपछि नै थाहा भयो- दीपलालको दुवैतर्फको मृगौलाले राम्रो काम गर्न सकेको छैन । उसको एउटासम्म मृगौलालाई जोगाउन सके पनि हुन्थ्यो भनी डाक्टरहरू खट्दैछन् । तर फेरि उही पुरानो समस्या, थप जाँच गराउन नै पैसा नपुग्ला जस्तो छ, उपचार खर्च त कता हो कता । ढुंगा निकाल्ने अपरशेनदेखि लिएर मृगौला नै फेर्नुपर्ने स्थितिसम्म पनि आउनसक्छ, डायलाइसिस गर्नुपर्ने हुनसक्छ । दीपलाल फेरि पनि जिल्ल छ । अगाडि अन्धकारै अन्धकार मात्र देख्छ ऊ ।*

- *आउनोस्, अर्को एकजना बिरामी हेरौं । ऊ त्यो चकचक गरिरहेको नेप्टे केटो देख्नुहुन्छ ? आइते नाम राखिदिएका छन् उसका बाबु आमाले उसलाई । अहिले त ऊ बिरामीजस्तो बिल्कुलै देखिँदैन । तर एकछिनपछि उसलाई पिसाब फेर्नुपर्‍यो भने बिचरो घरै उचालेर रून्छ । चुडाउँला भने झैं गरी आफ्नो सानो जनेन्द्रिय तानेर उफ्रिन्छ बिचरा । कुनै कुनै बेला उसको पनि पिसाबमा रगत देखिन्छ । डाक्टरहरूले जाँचेर भनेका छन् : मूत्रासयमा ढुंगा छ रे । अपरेशन गर्ने तयारी भइरहेको छ । आइतेको बाबु-आमा अपरेशनको खर्च जुटाउन लागेका छन् ।*

**अहिले** भर्खरै तपाईंसँग परिचय गराइएका जस्ता विरामीहरू तपाईं-हामी अन्त पनि सजिलै देख्न सक्छौं । हरेक दिन यस्ता विरामीहरू अस्पतालमा आइरहेका हुन्छन् ।


बिभिन्न ठाउँका, बिभिन्न उमेरका, बिभिन्न आर्थिक सामाजिक स्थितिका मानिसहरूलाई अनेक किसिमले दुःख दिने, मूत्र प्रणालीको 'पत्थरी' भनेर चिनिने यो ब्याधि आखिर के हो ? कस्ता हुन्छन् यी ढुंगाहरू ? कसरी बन्छन् ती ?

मानिसको मूत्र प्रणालीमा बन्ने यी 'ढुंगा'हरू खोलाको बगरका ढुंगाभन्दा धेरै फरक चीजहरू हुन् । यी त मानव शरीरमा अनिवार्य रूपमा रहने तत्वहरूबाटै बनेका हुन्छन् । मानव शरीरमा अनेकन शारीरिक रसहरू हुन्छन्, जस्तै थुक, पित्त, पसिना, पाचन रसहरू... आदि । पानी र त्यसमा घुलेर रहेका अनेक तत्वले यस्ता रस बनेका हुन्छन् । र यी रसहरू चिनी-पानी वा नून-पानी जस्तो सामान्य घोल नभएर ज्यादै जटिल प्रकृतिका जैविक/भौतिक/रासायनिक प्रक्रियाद्वारा सृजित हुने पदार्थ हुन् । विविध लवणहरू, प्रोटिन र यसका उपजहरू, अन्य प्राङ्गारिक पदार्थहरू, अझ बोसिला पदार्थहरू समेतलाई ज्यादै जटिल (र अझै बुझ्न बाँकी) प्रकृयाद्वारा पानीमा घुलेर बग्ने स्थितिमा राखेको हुन्छ प्रकृतिले । मूत्र पनि यस्तै एउटा जटिल रस हो ।

यसमा पनि अनेकन पदार्थहरू घुलेर रहेका हुन्छन् । यसरी घुलेर रहेका पदार्थहरूको घुलनशीलतामा जब कमी आउँछ, यिनीहरू मूत्ररसबाट अलग्गिन्छन् । अर्थात् तैरिन्छन्, थिग्रिन्छन् । आँखाले देख्नै नसकिने अति सूक्ष्म कणको रूपमा मूत्ररसबाट अलग्गिएका यी कणहरू उपयुक्त वातावरण पाएपछि एक आपसमा जोडिँदै गएर आँखाले देख्न सकिने स-साना टुक्राहरूमा परिणत हुन्छन् । यी स-साना टुक्राले पनि उपयुक्त वातावरण पाए भने तिनले अनेक आकारका 'ढुंगा' वा 'पत्थर'को रूप लिन्छन् ।

निशाको दायाँ मृगौलामा बनेको 'पत्थर' सानै हुँदा नै बगेर उसको यूरेटरमा आयो । यूरेटर भनेको एक मांसपेशीय नली हो- यही नलीबाट मृगौलामा बनेको पिसाब बगेर तल मूत्राशयसम्म आइपुग्छ । सानो 'ढुंगा' पसेपछि यूरेटर नामको त्यो नलीका मांसपेशीहरूले त्यो ढुंगालाई निचोरेर तल मूत्राशयतर्फ ठेल्ने प्रयत्न गर्छन् । यसो गर्न ती मांसपेशीहरू बेस्सरी खुम्चिनुपर्छ र यो क्रममा असाध्यै नमीठो पीडा हुन्छ । निशालाई त्यसै भयो । उसलाई दुखेको सम्झनु हुन्छ ? उठुँ कि बसुँ हुने, यता फर्कंदा हुन्थ्यो कि उता फर्कंदा हुन्थ्यो जस्तो भएर छट्पटी हुने, वाक्वाकी लाग्ने- यस किसिमको पीडालाई 'कोलिक' भन्छन् । नली वा थैली आकारका अंगहरू जब बेस्सरी खुम्चिन्छन्, यस किसिमको पीडा वा 'कोलिक' हुन्छ ।

वास्तवमा निशाका मृगौलाहरूले रगतमा रहेका हानीकारक तत्वहरूलाई छानेर पिसाब





बनाइरहँदा क्याल्सियम अक्ज्यालेट नामको एक किसिमको लवण अलि बढी नै बनिरहेको थियो । प्रशस्त पानी पिइरहेको बेला यो क्याल्सियम अक्ज्यालेट घुलेकै अवस्थामा पिसाबबाट निस्कन्छ । तर यो क्याल्सियम अक्ज्यालेट अति धेरै मात्रामा छ भने, सबै घुल्ननसकी यसका स-साना क्रिस्टलहरू तैरिन वा थिग्रिन थाल्छन् । यसरी तैरिरहेका क्रिस्टलहरूले एकै ठाउँमा जम्न पाए भने वा एक आपसमा टाँसिन पाए भने ती अलि ठूला कणहरूमा परिणत हुन्छन । निशाको मृगौलामा यस्ता कणहरू प्रशस्त बनिरहेका थिए । ज्यादै स-साना भएकाले त्यस्ता कणहरू पिसावमा बगेर जान्थे । उसलाई थाहै हुँदैनथ्यो । तर यसपालि भने निशाको दाहिने मृगौलामा ती कणहरू आपसमा जोडिएर सानो केराउजत्रो 'पत्थर' नै बन्न भ्याएछन् । जब त्यो सानो केराउजत्रो 'ढुंगो' युरेटरसम्म झर्‍यो, साँगुरो युरेटरका मांशपेशीहरू बेस्सरी खुम्चिए र निशालाई दुख्न थाल्यो । तर निशाले त्यति पीर गर्नु पर्दैन । त्यो सानो ढुंगा आफै झरेर जानसक्छ । हो, उसलाई फेरि पनि यसैगरी अर्को ढुंगा बन्ला, फेरि पनि दुख्ला । तर ऊ शहरमा छे, घरको आर्थिक स्थिति ठीकै छ, अस्पतालको सुविधा सजिलै प्राप्त हुनसक्छ । त्यस माथि ऊ त पढैया केटी हो, कुरा बुझ्छे र के गर्नुपर्छ भन्ने उसलाई थाहा भइसक्यो । अब ऊ प्रशस्त पानी पिउँछे र क्याल्सियम अक्ज्यालेटका क्रिस्टलहरू जम्न नदिने प्रयत्न गर्छे ।

> मूत्ररसबाट अलग्गिएका यी कणहरू उपयुक्त वातावरण पाएपछि एक आपसमा जोडिँदै गएर आँखाले देख्न सकिने स-साना टुक्राहरूमा परिणत हुन्छन् । यी स-साना टुक्राले पनि उपयुक्त वातावरण पाए भने तिनले अनेक आकारका 'ढुंगा' वा 'पत्थर'को रूप लिन्छन् ।

तर दीपलाल चौधरीलाई हेर्नोस् त ! मृगौला त उसको पनि उस्तै हो । शरीरको माया पनि उस्तै हो । बाँच्ने चाहना पनि उस्तै हो । तर ऊ पश्चिम तराईको गरीब मान्छे । उसको मृगौलामा पनि निशाको जस्तैजस्तै स-साना क्रिस्टलहरू थिग्रेका हुन् । अलिकति फरक के थियो भने स्ट्रभाइट भनिने फोस्फेट जातका क्रिस्टलहरू थिए ती । चर्को घाममा काम गर्ने ऊ भनेको बेला पानी नै पिउन पनि भ्याउँदैनथियो । फोहोरले गर्दा बेला बेलामा उसको मूत्र प्रणालीमा किटाणुको संक्रमण पनि हुँदो हो । यसरी बारम्बार संक्रमण हुँदा पिसाबमा जुन रासायनिक वातावरण बन्छ, त्यसले फोस्फेट जातको ढुंगा बन्नसक्ने हुन्छ ।

ढुंगा भइसकेपछि पनि त्यसको उपाय थियो । तर दीपलाल बिचरासँग त्यति बेला पैसा भएन । पछिपछि उसलाई पहिलेजस्तो दुखाई कम भयो । उसलाई त्यति वास्ता भएन । तर ढुंगाको कारणले हुनेगरेको दुखाई हरायो भन्दैमा ढुक्क हुन मिल्दैन । जता ढुंगा बनेको छ, त्यतापट्टि मृगौलाले काम गर्न छोड्यो, पिसाब बन्नै छोड्यो वा ढुंगा यति ठूलो भयो कि त्यो हलचल गर्नै नसकिने भएर खाँदियो...। यस्ता अनेक स्थितिमा पनि दुखिरहेको ठाउँ नदुख्न सक्छ । बिचरो दीपलाल चौधरीलाई के याद यो सब ! उसले थाहै नपाई दायाँतर्फ पनि ढुंगा बन्यो । अहिले उसको दायाँ बायाँ दुवैपट्टि मृगौलामा ढुंगा छ, मृगौलाले कामै गर्न छोडिसकेजस्तो छ । अब हेर्नोस् न कस्तो गाह्रो ! दीपलाल



यी कुनै पनि प्रविधिबाट पत्थरीको उपचार गर्नुअघि मृगौलाले कत्तिको काम गरिरहेको छ, अन्य शारीरिक स्थिति कस्तो छ, सबै राम्ररी बुझ्नुपर्ने हुन्छ ।

चौधरीजस्ताले स्वास्थ्यसेवा सजिलै पाउने स्वास्थ्यसेवा प्रणाली कस्तो हुनुपर्ला ? के गर्ने मानिसहरूले ?

अँ, हामीले आइतेको त कुरै गरेको छैन । उसको मूत्राशयमा ढुंगा जमेको छ । ढुंगा जम्ने प्रक्रिया उस्तै हो । आइतेको एउटा थप समस्या के छ भने उसको जनेन्द्रियको टुप्पाको छाला लामो छ र त्यो फर्किंदैन, प्वाल सानो छ । त्यसैले उसको पिसाब पहिल्यैदेखि त्यति बेगका साथ निस्कन सक्तैनथ्यो । त्यसैले पिसाब थैलीमा ढुंगा जम्न पायो । आइतेका बाबु अरू पैसा खोज्दैछन् । त्यसपछि अपरेशन हुन्छ । मूत्राशयबाट ढुंगा निकालेर उसको लिङ्गको टुप्पाको छाला पनि काटेर मुसलमान वा यहूदीको जस्तो बनाइदिनु पर्छ ।

कति व्यापक छ हगि यो मूत्रपणालीको पत्थरीको समस्या ! के गर्दा यो समस्याबाट बच्न सकिन्थ्यो होला ? यी पत्थरहरूमा क्याल्सियमको अक्ज्यालेट वा फोस्फेट, युरिक एसिड, आमोनियम, म्याग्नेशियम फोस्फोट आदि हुने हुँदा यी पदार्थहरू कम भएको खाना खाँदा कसो होला ? यो प्रश्न एकदमै तर्कयुक्त प्रश्न हो । वास्तवमा केही समयअघिसम्म पनि डाक्टरहरूले विरामीलाई यस्तै सल्लाह दिन्थे । तर आजकल 'तथ्यमा आधारित चिकित्सा विज्ञान'को जमानामा जे गर्न पनि तथ्य र तथ्याङ्कको कुरा आउँछ । आजकल तथ्याङ्कले के देखाएको छ भने अत्यधिक प्रोटिन र नूनको सेवन भने मूत्र प्रणालीको पत्थरीसँग सम्बन्धित देखिएको छ, अरू खाद्य पदार्थसँग त्यति सम्बन्ध देखिएको छैन । त्यसैले, प्रशस्त पानी पिउने, प्रोटिन र नून अत्यावश्यक मात्रामा मात्र सेवन गर्ने, अनि, अरू शारीरिक स्थितिले दिन्छ भने कागती, सुन्तला, मोसम, भोगटे आदि साइट्रस जातिको फलफूल वा यिनको रस प्रशस्त खाने । यी फलफूलमा साइट्रिक एसिड प्रशस्त हुन्छन् । साइट्रिक एसिडले अक्ज्यालिक एसिडको सौताको काम गर्छ, अर्थात् क्याल्सियमसँग बढी सजिलोसँग मिलेर क्याल्सियम साइट्रेट बनाउँछ, जो क्याल्सियम अक्जालेटभन्दा बढी घुलनशील हुन्छ ।

**सानो छ भने आहार विहारमा भनेजस्तो गर्ने र पर्खने, अधिकांश ढुंगा आफैं बगेर जान्छन् । आफैं निस्कन नसक्ने स्थितिको ढुंगा छ भने त्यसलाई निकाल्ने । निकाल्ने तरिकाहरू विभिन्न छन् ।**

## पत्थरी भइहाल्यो, के गर्ने ?

सानो छ, अर्थात् ८ मि.मि. भन्दा सानो छ भने आहार-विहारमा माथि भनेजस्तो गर्ने र पर्खने, अधिकांश ढुंगा आफैं बगेर जान्छन् ।

आँफै निस्कन नसक्ने स्थितिको ढुंगा छ भने त्यसलाई निकाल्ने । निकाल्ने तरिकाहरू विभिन्न छन् । सबैभन्दा बढी प्रचलनमा रहेको र पुरानो तरिका भनेको शल्यक्रिया गरेरै निकाल्ने हो । अर्को तरिका भनेको शरीर बाहिरबाट यन्त्रको माध्यमबाट ऊर्जा पठाएर ढुंगालाई टुक्राटुक्रा पारिदिने र ती स-साना टुक्रालाई बगेर निस्कन दिने हो । यस्तो तरिकालाई एक्स्ट्रा कर्पोरल शकवेभ लिथोट्रिप्सी भन्छन् । मूत्रनलीबाटै यूरेटेरोस्कोप वा यूरेटेरोरेनोस्कोप नामको यन्त्र पठाएर ढुंगाको छेउमै पुऱ्याएर फुटाउने प्रविधि पनि केही वर्षदेखि काठमाण्डौमा प्राप्त छ । मृगौलामा अप्ठ्यारो ठाउँमा खाँदिएर बसेको ढुंगालाई सिधै छाला छेडेर बाटो बनाएर निकाल्ने पिसि.एन.एल. (परक्यूटानियस नेफ्रो लिथोट्रिप्सी) पनि काठमाण्डौमै भइरहेको छ ।

यी कुनै पनि प्रविधिबाट पत्थरीको उपचार गर्नुअघि मृगौलाले कत्तिको काम गरिरहेको छ, अन्य शारीरिक स्थिति कस्तो छ, सबै राम्ररी बुझ्नुपर्ने हुन्छ । त्यसको लागि प्रयोगशाला र रेडियोलोजी विभागको मद्दत चाहिन्छ । मूत्रप्रणालीको पत्थरीको बारेका प्राविधिक कुराहरू त मोटामोटी यिनै हुन् ।

तर प्रश्न छ- गरीबीको पोखरीमा पौडिरहेका अधिकांश प्राणीका लागि यी महंगा सेवाहरू कसरी सम्भव बनाउने ?

❑❑

## ९ पेजको बाँकी

❍ **तपाईहरू गणतन्त्रलाई स्वीकार्नु हुन्छ त ?**

– हाम्रो पार्टी नेपाली कांग्रेस र हामी नेपाल विद्यार्थी संघका विद्यार्थीहरू पनि नेपालको भूराजनीतिक, भूसांस्कृतिक र सामाजिक सम्पूर्ण हिसाबले यहाँ सम्वैधानिक राजतन्त्र रहनुपर्छ भन्ने विचारमा अडिग छौं । त्यसैले अहिले नै गणतन्त्रको दिशामा जाने कुरामा हामी सैद्धान्तिक हिसाबले तयार भएका छैनौं । तर परिवेश यस्तरी निर्माण हुँदैछ, नयाँ पुस्ताका विचार र भावनाहरू यसरी प्रकट हुँदैछन् कि अब गणतन्त्रमै जानुपर्छ भन्ने मनोविज्ञान र भावभूमि तयार भइरहेको छ । राजा सक्रिय राजतन्त्रको एजेण्डामा हठ गर्छन् भने जनता जानुपर्ने गणतन्त्रकै एजेण्डामा हो भन्ने जनमत व्यापक रूपमा बन्दैछ ।

❍ **सिद्धान्ततः तपाईंहरू सम्वैधानिक राजतन्त्रवादी हुँदाहुँदै पनि तपाईंहरूको सडक आन्दोलनमा राजा र राजतन्त्रविरोधी नारा किन लागेको हो त ?**

– आन्दोलनमा संलग्न केही विद्यार्थी संगठनहरू सिद्धान्ततः गणतन्त्रवादी नै छन् । त्यसैले सडकमा राजतन्त्रविरोधी नारा लाग्यो । उमेर समूहका कारणले युवा उमेरका नेविसंघका हाम्रा केही साथीहरूले पनि त्यस्तो नारा लगाए । हाम्रा त्यस्ता साथीहरूले गणतन्त्रवादीसँगै राजतन्त्रविरोधी नारा लगाउनका अन्य कारणहरू पनि छन् ।

❍ **ती कारणहरू के के हुन् ?**

-एक, नारायणहिटी हत्याकाण्डले उनीहरूलाई वर्तमान राजपरिवारप्रति सशंकित तुल्याएको छ । राजा वीरेन्द्रको वंशनाश भएको त्यस घटनाप्रति उनीहरूमा क्षोभ र विरोध विद्यमान छ । दोस्रो, वर्तमान युवराजाधिराजको विगतको चरित्र नराम्रो भएकोले पनि उनीहरू अहिलेको राजतन्त्रप्रति सकारात्मक छैनन् । तेस्रो, हालका राजा अधिराजकुमार हुँदाको परिचय पनि त्यति राम्रो छैन, त्यसैले राजाप्रति पनि त्यस्तो सकारात्मक धारणा बन्न सकेको छैन । त्यस्तै, ०५९ असोज १८ गते राजाले चालेको प्रतिगामी कदमले आम जनतासहित सचेत विद्यार्थी समुदायलाई अहिलेको राजतन्त्रप्रति आक्रोशित तुल्याइदिएको छ । यी सब कारणले गर्दा हाम्रा साथीहरू पनि अहिलेको राजतन्त्रको विरोधमा छन् । यदि राजाले आफ्नो चरित्रमा सुधार गर्ने, जनताको पक्षमा उभिने, संविधानको दायराभित्र बस्ने स्थिति भयो भने सडकमा कसैले पनि राजाविरोधी नारा लगाउँदैन । राजाले गल्ती सुधारेको अवस्थामा सिद्धान्ततः गणतन्त्र मान्नेहरूले पनि यतिबेला राजतन्त्रविरोधी नारा लगाउने छैनन् । त्यो कुरा उनीहरू भनिरहेका पनि छन् । तर राजा बारंबार जनतासितको संझौता एकतर्फी रूपमा तोडेर धोखा दिएर प्रजातन्त्र मास्ने कार्य गरिरहन्छन् भने, एक्काइसौं शताब्दीमा पनि निरंकुश राजतन्त्र स्थापना गर्ने प्रयत्न गरिरहन्छन् भने, राजा स्वयम्ले देशमा गणतन्त्रको नारा लाउनु पर्ने स्थिति पैदा गर्छन् । राजतन्त्र नसच्चिएपछि गणतन्त्रको नारा त लाग्छ नै । ❑

# के नेवारहरू जनजाति हुन् ?

★ प्रा. माणिकलाल श्रेष्ठ



**काठमाण्डौ**, काठमाण्डौ उपत्यका र उपत्यका वरिपरिका जिल्लाहरू, जसलाई नेपाल मण्डल भनिन्छ, त्यहाँका आदिवासी या मुख्य बासिन्दा नेवारहरूको बारेमा यूरोपेली तथा अन्य थुप्रैले धेरै अनुसन्धानहरू गरिसकेका छन् । यस्ताखाले अनुसन्धानहरू अहिलेसम्ममा अरू जातिहरूको भन्दा धेरै नेवारहरूबारे भएका छन् । तर अझै पनि यकिन कुराहरू स्पष्ट रूपमा थाहा हुन सकेको छैन । त्यसकारण मलाई लागेको कुरा यहाँ प्रस्तुत गर्न चाहन्छु ।

सरसरर्ती हेर्दा अरू जातिहरूभन्दा नेवार जातिहरूको विशेषता फरक देखिन्छ । जस्तो : तामाङ्ग, गुरूङ्ग, मगर, लिम्बूहरू सबै नश्लमा आधारित जाति हुन् । तामाङ्गहरू सबैको एउटै रगत छ, राईहरू सबैको एकै रगत छ र त्यस्तै अरू अरू पनि एकै नश्ल वा रगतका हुन् । त्यतिमात्र होइन, नेपाली भाषा अथवा खस भाषाभाषीहरू पनि बाहुन, क्षेत्री तथा कामी, दमाई, सार्की विभिन्न जातमा विभाजित भएता पनि उनीहरू सबै आर्य रगतका हुन् । तर नेवारहरूमा त्यस्तो छैन । कोही नेवारहरू आर्यन्, कोही नेवारहरू मङ्गोल र कोही अष्टोद्रविड नश्लका छन् । संसारका तीनैवटा नश्लहरू नेवारहरूमा छन् । हुन त ९० प्रतिशतभन्दा बढी नेवारहरू तिब्बेतो वर्मन अथवा मंगोल छन्, नेवारका पनि नब्बे प्रतिशतभन्दा बढी आदिवासी हुन् र मङ्गोल मूलका (तिब्बती-वर्मी समूहका) हुन्, तर यहाँ अरू आगन्तुकहरू पनि नेवार बनेका छन् । नश्ल मात्र होइन, धर्मको हिसावले पनि नेवारहरू थरी थरीका छन् । धर्मका हिसावले पनि अहिले नेवारहरू शैव र बौद्ध धर्म मान्नेहरू छन् । पृथ्वीनारायण शाहले उपत्यका जित्नुभन्दा पहिले शैव, बौद्ध, इस्लाम र इसाई धर्म मान्ने नेवारहरू थिए । पृथ्वीनारायण शाहले उपत्यका जितेपछि उनले इसाईहरू सबैलाई 'देश छाडेर जानू, नजानेहरूलाई मार्नू' भन्ने आदेश दिए । त्यसैले त्यतिबेला इसाई धर्म मान्ने सबै नेवारहरू भारत पसे, धेरैजसो बेतिया शहरमा गएर बसे । नजानेहरू सबैलाई फाँसी दिइयो र मारियो । त्यसरी त्यतिबेलादेखि इसाई धर्म मान्ने नेवारहरू नै हराएर गए । अहिले फेरि इसाई धर्म मान्ने नयाँ नेवारहरू उत्पन्न भएका छन् । नेवार मुसलमानहरू भने ज्यादै थोरै भएको हुनाले उनीहरू खस अथवा पहाडी मुसलमानहरू र तराईका मुसलमानहरूसँग मिसिन गए ।

यसरी नेवारहरूको रगत, धर्म अलग अलग रहेको छ । अनुहारै हेर्दा पनि सबै नेवारहरूको एउटै जाति छैन । कुनै नेवारहरूको नाक थेप्चो भएको अनुहार देखिन्छ, भने कुनै नेवारहरूको चुच्चो नाक देखिन्छ । त्यसकारण मेरो विचारमा नेवार भनेको कुनै एक Ethnic समुदाय नै होइन, यो त एउटा भाषा वा जातिको समुदाय हो यो (ethnic नभई linguistic community) हो ।

जो नेपाल भाषा बोल्छन्, उनीहरूलाई नेवार भनिन्छ । नेपाल भाषा के हो भन्ने बारेमा अघिल्लो अंक *मूल्यांकन*मा विस्तृत रूपमा आइसकेको छ । त्यहाँ मैले के भनेको थिएं भने नेपाल भाषा भनेको पुरानो किराँत भाषामा लिच्छवीहरूले बोल्ने संस्कृत मूलको भाषा (त्यतिबेला मैले किराँत भाषामा मैथिली भाषा) मिलेर नेपाल भाषा बनेको थियो भनेको थिएं । तर मैथिलीभन्दा अलि गल्ती होलाजस्तो लाग्यो, किनभने अहिलेको मैथिली भाषाभन्दा लिच्छवीहरूले त्यतिबेला बोल्ने भाषा फरक थियो) मिसिएर बनेको नयाँ भाषा हो । नेपाली भाषा बन्नुभन्दा पहिले त नेवारहरूको र तामाङ्गहरूको एउटै भाषा थियो । तामाङ्गहरूले पुरानै भाषा बोलिरहे । नेवारहरू भने नयाँ भाषा बोल्न थाले ।



> नेवारहरूको संरचनाको हिसावले हेर्ने हो भने विभिन्न ठाउँहरूबाट आएका र विभिन्न जातिका मानिसहरू एक आपसमा विलय भएर बनेको जाति हो नेवार .

नेवारको श्रमिक वर्ग, जस्तो : नापित, माली, चित्रकार, नकर्मी रञ्जितकार, तण्डुकार तथा खेती गर्ने किसानहरू, ज्यापूहरू सबै तिब्बेतो वर्मन वा मंगोल मूलका छन् । नेवारहरूमा यिनीहरूको संख्या ९० प्रतिशतभन्दा बढी छ । नेवार जातिभित्रका केही अरू परिवारहरूको उदाहरण लिऔं । जस्तो कि : नेवारहरूमा श्रेष्ठहरू छन् । श्रेष्ठहरूमा पनि कोही आदिवासी छन् भने कोही बाहिरबाट आएका छन् । सात सय वर्षसम्म मल्लहरूको राज्य चल्दा उनीहरूले


सरकारको ठूलाठूला पदहरू अथवा भारदारहरूमा विभिन्न मानिसहरूलाई नियुक्ति गरे । उनीहरू जुन जुन पदहरूमा नियुक्त भए, त्यही पदअनुसार उनीहरूको थर निर्धारण भयो । जस्तो : मन्त्रीलाई अमात्य, सेनाको प्रमुखलाई प्रधान, राजाको ढुकुटी हेर्नेलाई राजभण्डारी, राजाको सन्तानलाई पढाउनेलाई जोशी भनियो । उनीहरूका सन्तानहरूलाई अहिले पनि अमात्य, प्रधान, राजभण्डारी र जोशी नै भनिन्छ । ती सबै भारादार समूहको सामूहिक नामलाई श्रेष्ठ भनिन्छ । श्रेष्ठ भनेको एटा जात होइन, यो त पद भयो । यो जातमा कोही मंगोल होलान्, कोही आर्यन होलान्, कोही यहांकै आदिवासी होलान्, कोही बाहिरबाट आएका होलान् ।

एउटा उदाहरण लिऔं । नेपालको इतिहासमा हरिसिंहदेवको नाम आउँछ । हरिसिंहदेव तिरहुतको सिमरौन गढका राजा थिए । सिमरौनगढ नेपालको बारा जिल्लामा पर्दछ । त्यस आक्रमणबाट उनी भागेर नेपाल उपत्यकाको भक्तपुरमा शरण लिन आउन खोजेका थिए । तर तिनी बाटैमा मरे । उनका छोराले भक्तपुरको दरवारमा शरण लिए । उनीहरूको थर राजपूत थियो । नेवारीमा 'रा'लाई ला भनिन्छ । त्यसैले उनीहरूको थर लायपू भयो । हरिसिंहदेव लायपूका सन्तानहरू श्रेष्ठमा मिल्न गए । मल्ल राजा भूपतीन्द्र मल्लको समयमा भारतको गुजरातबाट एकथरि वैद्यहरू आएका थिए । उनीहरू दरवारमा गएर राजाको वैद्यको रूपमा काम गर्न थालेकाले उनीहरूलाई राजवैद्य भन्न थालियो । तिनीहरूसँगै आएका वैद्यहरू तर राजदरवार नपुगेकाहरू श्रेष्ठ नभई अरू जातमा विलिन भए । बाहुनहरूमा पनि बाहिरबाट आएका देवकोटा, रिमाल, आचार्य, सुवेदी, यी विभिन्न थरका उपाध्याय ब्राम्हणहरू छ सात सय वर्ष पहिले नेपाल उपत्यकामा आएर बसेकाहरूले नेवारी बोले, उनीहरूलाई राजउपाध्याय भनिन्छ वा नेवारबाहुन पनि भनिन्छ । त्यस्तै, तराइबाट पनि तिरहुते (झा, ओझा, मिश्र थरका) बाहुनहरू पनि यहाँ आएर नेवार भाषा बोलेर नेवार बाहुन बने । यसरी आठ नौ सय वर्षपहिले आएर काठमाण्डौ उपत्यकामा बसेर नेवार भाषा बोलेपछि उनीहरूलाई नेवार भन्न थालियो । यसरी नेवारहरूको संरचनाको हिसावले हेर्ने हो भने विभिन्न ठाउँहरूबाट आएका र विभिन्न जातिका मानिसहरू एक आपसमा विलय भएर बनेको जाति हो नेवार ।

संस्कृतिकै हिसावले हेर्ने हो भने पनि नेवारहरूको संस्कृति विश्वकै संस्कृतिभन्दा अगाडि देखिन्छ । यहाँका कला र कलाकारका बारेमा रूसका एकजना ठूला इतिहासकार डा. बन्दरेब्स्कीले भनेका छन्- "विश्वमा पुनर्जागरण सबभन्दा पहिला इटालीमा आएको भनिन्छ, तर यो कुरा गलत हो । त्यहाँ पन्ध्रौं शताब्दीमा पुनर्जागरण आएको थियो, नेपालमा एघारौं शताब्दीमा नै ठूलाठूला विश्वप्रशिद्ध मन्दिर र चित्रहरू बनाइसकिएका थिए ।" त्यस्तै गरेर, मल्लकालमा यहाँ आयुर्वेदमा पनि ठूलो विकास भएको थियो । यो कुरा कोरियामा पनि उल्लिखित छ । ती पुस्तकहरूमा नेपालको ठूलो राजवैद्यले बनाएको औषधिको बारेमा चर्चा गरिएको छ । यसरी एकपटक मल्लकालमा नेवारहरू निक्कै धेरै विकसित भएका थिए र विश्वमै प्रशिद्धि कमाएका थिए ।

अब नेवारहरू आदिवासी हुन् कि होइनन् भन्ने बारेमा कुरा गरौं ! मेरो विचारमा नेवारहरू आदिवासी नै हुन् । किनभने ९० प्रतिशतभन्दा बढी नेवारहरू आदिवासी नै हुन् । अरू बाँकी प्रतिशतमात्रै पछि बाहिरबाट आएका हुन् । यसरी मिसिने कुरा त जुन जातिमा पनि हुनसक्छ । आदिवासी भन्नेबित्तिकै नेवारहरू शुरूदेखि नै नेपालमा बसेका हुन् त भन्ने प्रश्न पनि उठ्न सक्छ । संसारमा शुरूदेखि बसेका त कोही पनि छैनन् होला । मानव जातिको उत्पति नै कोही चीनमा, कोही अफ्रिकामा भएको भनिन्छ । उनीहरू नै संसारभरि फैलिएका हुन् । त्यसैले आदिवासी भनेर तिनीहरूलाई भनिन्छ, जुन जातिहरू शासक जातिभन्दा पहिला आएर बसेका हुन् । अहिले नेपालका शासक जाति नेपाली वा खस भाषा बोल्ने बाहुन क्षेत्री ठकुरी हुन् । उनीहरू चार पाँच सय वर्ष पहिले आएका हुन् भने नेवारहरू त्योभन्दा पहिला नै आएका हुन् । त्यसैले नेवारहरूलाई आदिवासी भन्नुपर्छ ।

अर्को, नेवारहरू जनजाति हुन् कि होइनन् भन्ने बारेमा पनि विवाद छ । नेपाल प्रज्ञा प्रतिष्ठानले निकालेको *नेपाली बृहद शब्दकोष*मा जनजातिको परिभाषा 'जंगल फाँडेर खनीखोस्री खाने, नागा, कोचे, कुसुन्डाजस्ता शिक्षा आदिमा पछिपरेका, नजिकको परिवेशसँग पनि प्रभावित नभएका पछौटे जाति' भनेर दिइएको छ । यो परिभाषाअन्तर्गत नेवारहरू पर्दैनन् । यो परिभाषाअनुसार नेवारहरूलाई जनजाति भनियो भने नेवारहरूको बेइज्जत हुन्छ भन्न थालियो । अन्तर्राष्ट्रिय श्रम संगठनले जनजातिको परिभाषा 'देशको मुख्य शासक जाति जुन छ, त्यो जातिभन्दा अलग्गै भिन्दै भाषा, धर्म संस्कृति भएको जातिलाई




**शासकहरूको धर्म र संस्कृतिभन्दा अलग्गै धर्म र संस्कृति भएकालाई जनजाति भन्ने अर्थमा नेवारहरू जनजाति नै हुन्**

जनजाति भनिन्छ' भनेर दिएको छ । किनभने शासक जातिकोभन्दा अलग्गै भाषा, धर्म र संस्कृति उत्पीडित हुने गर्छ । नेवारहरूको भाषा कति उत्पीडित छ भन्ने कुरा त *मूल्यांकन*को अघिल्लो अंकमा दिइएको छ । त्यसकारण यो परिभाषाअनुसार नेवारहरू जनजाति नै हुन् भन्ने मलाई लाग्छ । यदि नेवारहरू जनजाति हुन् भने मैथिलहरू किन जनजाति होइनन् भन्ने प्रश्न पनि उठ्न सक्छ । मैथिलहरूको भाषा अलग्गै भएता पनि उनीहरू हिन्दू धर्म र आर्य संस्कृतिका हुन् । उनीहरूको धर्म र संस्कृति शासकहरूको धर्म र संस्कृतिसँग मिल्छ । त्यसैले उनीहरू जनजाति भएनन् । शासकहरूको धर्म र संस्कृतिभन्दा अलग्गै धर्म र संस्कृति भएकालाई जनजाति भन्ने अर्थमा नेवारहरू जनजाति नै हुन् ।

एकपटक शासक भइसकेका नेवारहरू कसरी जनजाति हुनसक्छन् भन्ने प्रश्न पनि उठ्न सक्छ । तर नेवारहरू कहिले पनि शासक जाति भएका छैनन् । मल्ल राजाहरूलाई नेवार राजा भनिए तापनि उनीहरू नेवारहरू नै होइनन्, ठकुरीहरू हुन् । नेपाल भाषा बोलेर शासकहरू नेवार भएका थिए । उनीहरू शासक छँदा नेवारहरू अलग्गै थिए । पृथ्वीनारायण शाहले मल्लहरूको राज्य खोसेपछि मात्र मल्लहरू नेवारसँग मिल्न गएका थिए । ☐



**परिभाषाअनुसार नेवारहरूलाई जनजाति भनियो भने नेवारहरूको बेइज्जत हुन्छ भन्न थालियो**



# कठघरामा सद्दाम र बुश

दलदलबाट निस्कन खोजेका बुशका लागि सद्दामको गिरफ्तारी 'सहस्राब्दीको सबैभन्दा राम्रो खबर' हुनुको एउटा प्रमुख कारण हो- यही वर्ष नोभेम्बर महिनामा हुन लागेको राष्ट्रपतिको चुनाव।

★ राजेन्द्र महर्जन

**पहिले** इराकमाथि अमेरिकी सैन्य प्रभुत्व, पछि राष्ट्रपति सद्दाम हुसेनलाई सत्ताच्यूत् । पहिले भीषण आक्रमण गरी सद्दामका दुई छोराहरू उदय र कुसयका साथै नातिको निर्मम हत्या । अहिले अपदस्थ राष्ट्रपति सद्दामको अपमानजनक गिरफ्तारी !

हलिउडको कुनै रोमाञ्चक जासुसी फिल्मको उतारचढावजस्तो लाग्ने खालका छन्, इराकमाथि अमेरिकी आधिपत्यसँग जोडिएका घटनावलीहरू । सद्दामको गिरफ्तारीपछि पनि धेरै प्रश्नहरू अनुत्तरित नै छन्- सद्दामको गढको रूपमा रहेको बगदादको पतन यति सजिलै कसरी भयो ? किन र कसरी इराकी शासकहरूले एकाएक आत्मसमर्पणको मुद्रा ओढे ? किन कठोर प्रतिरोध गरिरहेको इराकी सेनाले तीन हप्तापछि नै लड्न छाडेर बगदाद खालि गऱ्यो ?

यी र यस्ता सवालहरूसँगै सद्दामको गिरफ्तारीबारे पनि नयाँ प्रश्नहरू उब्जेका छन्- अमेरिकी शासकहरूले चाहेको भए धेरै समयअघि नै उनलाई गिरफ्तार गर्न सक्थे ?

अमेरिकी कंग्रेसका सदस्य जिम म्याक्दर्मोटले डिसेम्बर १५ मा सियाटल रेडियोमा बोल्ने क्रममा भनेका छन्- अमेरिकी सेनाले चाहेको भए सद्दामलाई धेरै समयअगाडि नै खोजेर गिरफ्तार गर्न सक्थ्यो । उनको गिरफ्तारीको कालखण्डसँग बुशको चुनावी लोकप्रियताको गहिरो अन्तरसम्बन्ध रहेको शंका गर्ने डेमोक्रेटिक पार्टीका कंग्रेस सदस्य जिम भन्छन्- यो गिरफ्तारी बुशको राजनीतिक उद्देश्य प्राप्तिका लागि नियोजित ढंगले गरियो कि गरिएन, ठ्याक्कै भन्न त गाह्रो छ । तर मलाई के थाहा छ भने उनी कहाँ छन् भन्ने कुरा राम्ररी थाहा पाएका मानिसहरूसँग बुश प्रशासनको सम्पर्क थियो र खोज्ने समयको मात्र दरकार थियो ।

पक्कापक्की कुरा के हो भने सद्दामको गिरफ्तारी राष्ट्रपति बुशको चुनावी रणनीतिका लागि सबैभन्दा फलदायी हतियार हो । इराकी जनताको सशस्त्र प्रतिरोधको कारणले दिनदिनै ३०-३५ वटा आक्रमण, आफ्नो सेनाको हताहती र आत्महत्याको श्रृंखलाका कारण उनका लागि इराकमाथिको आधिपत्य राष्ट्रिय रूपमा आलोचनाको विषय भइरहेको थियो र अन्तर्राष्ट्रिय रूपमा आफैले खनेको गहिरो खाडल । यस्तो अवस्थामा सद्दामलाई गिरफ्तार गरेर उनले स्वदेशमा आफूमाथि आइलागेका विरोध र आलोचनालाई मत्थर पार्ने र आफ्नो लोकप्रियताको ग्राफ बढाउने कार्यमा सफलता प्राप्त गरेका छन् ।

यस्तो दलदलबाट निस्कन खोजेका बुशका लागि सद्दामको गिरफ्तारी 'सहस्राब्दीको सबैभन्दा राम्रो खबर' हुनुको एउटा प्रमुख कारण हो- यही वर्ष नोभेम्बर महिनामा हुन लागेको राष्ट्रपतिको चुनाव । यसैका लागि उनको गिरफ्तारीदेखि मुद्दाको सुनुवाइ र मृत्युदण्डको सुनिश्चित फैसलाको भरपूर दोहन गर्ने

गुरूयोजना तयार भइसकेको छ । अमेरिकी शासकहरूको अबको रणनीति के हुने देखिन्छ भने इराकभित्रै सद्दामलाई मुद्दा चलाउनु र मिडियाको सम्पूर्ण शक्तिका साथ राष्ट्रिय र अन्तर्राष्ट्रिय ध्यान त्यसैमाथि केन्द्रित गर्नु ।

विगतमा अमेरिकी शासकहरूसँग सद्दामको प्रेमपूर्ण सम्बन्ध रहेको कारणले उनी जहिले पनि अमेरिकी साम्राज्यका लागि अत्यन्त उपयोगी पाल्तु जनावरजस्तै हुँदै आइरहेका छन्, चाहे सकारात्मक भूमिकामा होस् वा नकारात्मक रूपमा । अतः यसपटक पनि उनको नकारात्मक भूमिका दोहन गर्न अमेरिकी शासकहरूले वर्षौंवर्षदेखिको योजना र तम्तयारीअनुरूप इराकभित्रै उनीमाथि मुद्दा चलाउँदैछन् । जर्ज बुशदेखि अहमद चलाबीसम्मले उनलाई मुद्दा चलाएर फाँसीको सजायँ दिइनुपर्ने उद्‌घोष गरेका छन्, जुन विवादास्पद भइरहेको छ । युद्धअपराध र नरसंहारको आरोप लागेका व्यक्तिहरूलाई संयुक्त राष्ट्र संघको कानून र व्यवस्थाअन्तर्गत वा अन्तर्राष्ट्रिय अदालतअन्तर्गत सद्दामलाई पनि मुद्दा चलाइनुपर्छ भन्ने आवाज बुलन्द भइरहेको छ । तर राष्ट्रसंघ र अन्तर्राष्ट्रिय अदालतलाई नाघेर इराकभित्र विशेष अदालतमा मुद्दा चलाउने प्रयास भरमग्दुर रूपमा भइरहेको छ । ती दुई अन्तर्राष्ट्रिय संस्थाहरूमा मुद्दा चलाइए आफूहरू स्वयं तिनका कठघराहरूमा उभिनुपर्ने र दण्डित हुनुपर्ने भय अमेरिकी शासकहरूमा व्याप्त छ, जुन भय आधारहीन चाहिं पक्कै छैन । निकारागुआमाथिको सैन्य हस्तक्षेपको कारणले अन्तर्राष्ट्रिय न्यायालयद्वारा दण्डित र राष्ट्र संघद्वारा आलोचित उनीहरूलाई के कुरा राम्ररी थाहा छ भने ती अदालतहरूलाई सद्दामले युगोस्लाभियाका पूर्व राष्ट्रपति स्लोभोदान मिलोशेभिचले जस्तै उनीहरूकै विरूद्ध उपयोग गर्न सक्छन् ।

प्रजातन्त्र, स्वतन्त्रता र न्यायको कुरा नगरी कहिल्यै नथाक्ने अमेरिकी शासकहरू जेनेभा सन्धिलगायत कुनै पनि सन्धि-महासन्धि तथा

**विगतमा अमेरिकी शासकहरूसँग सद्दामको प्रेमपूर्ण सम्बन्ध रहेको कारणले उनी जहिले पनि अमेरिकी साम्राज्यका लागि अत्यन्त उपयोगी पाल्तु जनावरजस्तै हुँदै आइरहेका छन्, चाहे सकारात्मक भूमिकामा होस् वा नकारात्मक रूपमा ।**



गिरफ्तारीपछि पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै बुश

ऐन-कानून सद्दामको मुद्दाको सन्दर्भमा लागू गर्न तत्पर छैनन् । अर्काको देशमाथि सैन्य आधिपत्य जमाई त्यहाँका राष्ट्रपतिलाई उनकै देशमा बनाइएको सीआईएको जेलमा बन्द गरिरहेका उनीहरूले सद्दामको बारेमा खासै कुरा सार्वजनिक गरिरहेका छैनन् र उनलाई कुनै कानूनी उपचारको अधिकार दिएका छैनन् । उनलाई कस्तो मनोवैज्ञानिक दवाब र शारीरिक यातना दिइँदैछ, के के कुरा सोधपूछ गरिँदैछ र उनको स्वास्थ्य र व्यवहार कस्तो छ भन्ने कुरा बाहिर ल्याइएको छैन । यस कुरालाई सार्वजनिक गर्ने दायित्व सीआईए, सेना र अमेरिकी अधिकारीहरूको हो ।

अधिकारमात्रै मुठ्याएर दायित्वच्यूत हुने दौडमा अग्रिम पंक्तिमा रहेको महाशक्ति अमेरिकाका शासकहरू र उनीहरूका इराकी कठपुतलीहरूबाट सद्दाममाथि स्वच्छ र निस्पक्ष कानूनी कारबाही हुने आशा गर्नु निरर्थक हुन्छ । अतः अमेरिकी साम्राज्यवादविरूद्ध विश्वव्यापी विरोध, इराकी जनप्रतिरोध र अन्तर्राष्ट्रिय कानूनी संघर्ष मत्थर भएमा सद्दामलाई छिटै फाँसीमा चढाइने सम्भावना बेसी छ । यी सबै पक्षलाई मजबूत पारेर इराकमाथिको अवैध सैन्य आधिपत्य र नरसंहारको श्रृंखला चलाए, अनि सद्दामलाई जन्म-पालन-पोषण गरेको आरोपमा अमेरिकी शासकहरू स्वयंलाई पनि सद्दामलाई जस्तै अन्तर्राष्ट्रिय अदालतका साथै जनअदालतमा उभ्याउनु जरूरी भइसकेको छ । ❑


सद्दामलाई गिरफ्तार गरिएको कटेरो

१२ पेजको बाँकी

कस्सिएर लागेको देखिएको छ । फौजी गतिविधिमा न्यूनता ल्याइरहेको यसअवधिमा सो पार्टीका जनवर्गीय संगठन र मोर्चाहरूको आन्तरिक बैठकहरू सम्पन्न भएका छन् ।

जनसरकार गठनको कार्यलाई पनि माओवादीले गति दिन खोजिरहेको देखिन्छ । यसबीचमा मकवानपुर, खोटाङ, भोजपुर, उदयपुर, महोत्तरी, सर्लाही, धनुषा, कपिलवस्तुलगायतमा जिल्ला जनसरकार घोषणा गरिएका छन् । पहाडी क्षेत्रमा मात्र बढी बलशाली देखिएको माओवादी संगठन विगत केही महिनामा तराईमा पनि निक्कै विस्तार भएको देखिएको छ ।

गाउँ, जिल्ला र केन्द्रमा जनसरकारको घोषणा गरेको माओवादी पार्टीले क्षेत्रीय तथा जातीय जनसरकार घोषणा गर्ने नीतिलाई पनि अघि बढाएको छ । यसअनुरूप पूर्वमा किराँत क्षेत्रीय जनसरकारको घोषणा भइसकेको छ भने पश्चिममा मगरात जातीय र कर्णाली क्षेत्रीय जनसरकार पनि छिट्टै घोषणा हुने बुझिएको छ । माओवादी हाल देशभित्र आर्थिक, राजनीतिक, सामाजिक र साँस्कृतिक सबै क्षेत्रमा जनसत्ताको ठोस कार्यक्रम र कार्यान्वियन प्रक्रियाको व्यवस्था गर्न क्रियाशील रहेको छ । त्यसअनुसार नै उसले कतिपय दण्डविधानको व्यवस्थासमेत गर्न खोजेको देखिन्छ ।

## माओवादी युद्धनीति


अहिले माओवादी पक्षबाट कुनै ठूलो कार्वाही नभइरहेको स्थितिमा कतै माओवादी सैन्य शक्ति क्षीण त भएको होइन ? यो प्रश्न चारैतिरबाट उठिरहेको छ ।

वास्तवमा सो पार्टीको केन्द्रीय समितिको बैठकले तय गरेकै रणनैतिक योजना हाल कार्यान्वयनमा देखिएको छ । त्यसअनुसार 'विकेन्द्रित कारबाही' को चरण सकिएको छ, जसमा ग्रामीणक्षेत्रमा साना-ठूला एम्बुस, शहरी तथा मधेश क्षेत्रमा आकस्मिक छापामार कारवाही, कमान्डो आक्रमण, सेबोटेज आदि गराइएका थिए । दोस्रो चरणमा गरिने 'सापेक्षित केन्द्रिकृत' कारबाही समयअनुसार हुनेछ भनिएको छ । यस्ता कारबाहीका क्रममा विकेन्द्रित कारबाही स्वतः हुने छन् र ती कारबाही ठूला कारबाहीका आधारसमेत हुनेछन् । 'ठूला केन्द्रिकृत' आक्रमणहरू भने तेस्रो चरणमा गर्ने माओवादी रणनीति छ । तर यी चरणहरूको समय किटानीका साथ आवधिक वर्गीकरण भने गरिएको छैन ।

यसरी माओवादी योजनाबद्ध युद्धबाट विचलित भएको हैन, बरू संसदवादी शक्तिसंग सामिप्य कायम गर्ने प्रयाससँगै सशस्त्र युद्धको तैयारीमा पनि उत्तिकै लागिरहेको देखिन्छ । तर विगतका तुलनामा हाल उसका आक्रामक कारबाहीहरूमा शिथिलता आएको छ । यसलाई माओवादीको 'क्षमतामा आएको ह्रास' भनेर पनि विश्लेषण भइरहेको छ । तर, माओवादीका प्रवक्ता महरा त्यसलाई 'हास्यास्पद र मनोरञ्जक टिप्पणी' ठान्नुहुन्छ । 'अहिले दुश्मन शक्ति युद्धलाई छिटो टुंग्याउने गरी हामीलाई बोलाउँदैछ, यतिबेला हाम्रो रणनीति उसले चाहेको जस्तो हुँदैन', उहाँ अहिले राज्यले छिटो युद्ध टुंग्याउने गरी माओवादीसँग लड्न चाहेको युद्धमनोविज्ञान सुनाउँदै भन्नुहुन्छ- 'हामी उसले चाहेको बेला, उसले चाहेको तरिकाले युद्ध लड्दैनौं, बरू हाम्रै तरिकाले माओवादी युद्धनीतिअनुसार लड्छौं । हामी जनताको साथ कुनै हालतमा छोड्दैनौं ।'

यही नीतिले शाही सेनालाई रक्षात्मक स्थितिमा धकेलेको पनि माओवादी दाबी छ । माओवादी अध्यक्ष प्रचण्डले त 'यदि संयुक्त राज्य अमेरिकाको बुश सरकारले पैसा, हतियार र तालिम नदिएको भए शाही सेना गत वर्ष नै जनमुक्ति सेनाबाट पराजित भइसक्ने थियो' भनेर समेत दावी गर्नुभएको छ ।

यसबाहेक पछिल्ला दिनमा सत्ता र विद्रोही



*माओवादीको नाममा चन्दा उठाउने कुनै नक्कली गिरोहको पत्र : यो पत्र उद्योगपति पद्मज्योतिकहाँ आएको थियो*

पक्षको क्षति र उपलब्धिको तुलनात्मक अध्ययन गर्ने हो भने दोहोरो 'युद्धप्रचार' को राम्रै झलक पाउन सकिन्छ । रमेश थापा (विद्रोही) लगायत कैयौं विद्रोही सेना माओवादीमा क्रियाशील भएर 'उच्च बलिदान' गरिसकेको र शाही नेपाली सेनाको १३ नं. बाहिनीबाट कात्तिक ६ गते ललितपुर विशंखुनिवासी आस्मिन सिलवाल माओवादीमा संलग्न भएकोजस्ता जानकारी माओवादीले छर्ने गरेको छ । यसका साथै रोल्पाको पाछावाङमा मंसिर २६ गते क्षेत्रीयब्यूरो सदस्य तथा मंगलसेन फर्स्ट ब्रिगेडअन्तर्गतका बटालियन कमिसार विवेक क्षेत्रीसमेतको मृत्यु भएको यथार्थ पनि उसले ढाक्न सकेको छैन । यद्यपि जागिर छोडेकोसम्म बताए पनि सरकारी सुरक्षाकर्मीहरू कोही पनि माओवादीमा संलग्न भएको आधिकारिक पुष्टि सरकारी स्रोतहरू गर्दैनन् । तर कार्तिक २० गते प्रवक्ता महराले '१०० औं भन्दा बढी सेनाहरू' र त्यसको महिनादिन नबित्दै अध्यक्ष प्रचण्डले 'पाँच सयभन्दा बढी सैनिकहरू' सरकारी सुरक्षा संगठनबाट भागेको दाबी गर्नुले भने 'तथ्यभन्दा प्रचारमा' बढी जोड दिएको प्रष्टिन्छ ।

## सरकारी प्रयास

माओवादीविरूद्ध व्यापक सुरक्षा कारबाही सञ्चालन गरिरहेको सरकारले भने पछिल्लो पटक माओवादी कार्यकर्ताहरूलाई आकर्षित गर्ने प्रयासस्वरूप आत्मसमर्पण नीति जारी गरेको छ । खोजतलासलगायतका कारबाहीहरूमा अपेक्षित सफलता हासिल नभएपछि प्रलोभनको माध्यमबाट माओवादी फौजी शक्ति कमजोर पार्ने प्रयासस्वरूप सो घोषणा भएको प्रष्ट छ, जसलाई माओवादी अध्यक्ष प्रचण्डले लल्कार्दै 'आफ्नो पराजयलाई ढाकछोप गर्ने पुरानो सत्ताको अत्यन्त हाँस्यास्पद र लज्जास्पद कसरत' भनी टिप्पणी गर्नुभएको थियो ।

जसरी माओवादी अहिले भिडन्तमा नउत्रिएर युद्ध लम्ब्याउने र सरकारी सुरक्षाफौजलाई थकाउने प्रयासमा लागेको देखिन्छ, त्यसको ठीक उल्टो सरकार भने अनुकूल प्राकृतिक समयको सदुपयोग गर्दै छिट्टै विद्रोहीविरूद्ध कडा फौजी कारबाही गर्ने तैयारीमा देखिन्छ । यद्यपि ग्रामीण क्षेत्रमा जिल्ला सदरमुकाम र सुरक्षा कार्यालय तथा ब्यारेकहरूमा मात्र सीमित हुन पुगेको राज्यको उपस्थितिले सहजै माओवादीतर्फ उल्लेखयोग्य क्षति पुऱ्याउन सक्ने आधार देखिँदैन । राज्यको अनुपस्थितिको थप लाभ उठाएर माओवादी कार्यकर्ताहरू विकास निर्माणलगायतका अन्य सामाजिक गतिविधिमा समेत हावी हुने र नागरिकहरूका बीच रहने यथार्थ तथा सुरक्षाकर्मीहरूद्वारा प्रदर्शन गरिने ज्यादतीपूर्ण घटनाहरूले सरकारी प्रयासलाई थप संकटमा पारेका छन् ।

## वार्ताको बन्द ढोका

माओवादी र सरकार दुवै पक्षले वार्ताप्रति ओठेभक्ति प्रदर्शन गरिरहे पनि राजनीतिक घटनाक्रमहरूले त्यसलाई हालको अवस्थामा असम्भव तुल्याइदिएको छ । थापा सरकार कायम रहेसम्म माओवादीहरू तत्काल शान्तिवार्तामा आउनसक्ने कुनै संभावना देखिँदैन । अबको वार्ता सर्वदलीय सरकार बनेपछि मात्र हुनसक्नेमा सबै पक्षको मुख मिलेको देखिन्छ । यतिखेर माओवादी र राजनीतिक दलहरूबीच मात्र वार्ता संभव छ, जसले द्विकोणात्मक शक्ति सन्तुलन निर्माणमा भूमिका खेल्नसक्छ । सूर्यबहादुर थापाको प्रधानमन्त्रीका रूपमा उपस्थितिलाई संसदवादी दलहरू मात्र नभएर उहाँकै दल राप्रपाले समेत तिरस्कार गरिरहेको बेला वार्ताको ढोका शुरूमै बन्द भएको देखिन्छ । यस अलवा एक पटक सम्पूर्ण प्रयास केन्द्रित गरेर थालिएको वार्तालाई असफलतामा पुऱ्याएर टुंग्याउने वर्तमान सरकार नैतिक दृष्टिले पनि वार्तामा रहन सम्भव देखिँदैन । त्यसो त राज्य र माओवादी दुवैका वर्तमानका रवैयाहरू पनि वार्ता नभएर युद्धतर्फ नै केन्द्रित छन् । ❑

**'भने', 'यदि' र 'नत्र'**हरु अनिश्चय, दुबिधा र अकर्मण्यता बुझाउने संज्ञाहरु हुन् । यी संज्ञाहरु रामनामी बाजेका तोत्रहरुझैं एमालेलाई औधी मनपर्ने सूत्र भएका छन् । यिनमा एमालेको भाग्यवाद बोल्छ । र, उसको यो भाग्यवाद सत्तामुखी भोगवादबाट प्रेरित छ । हालै संयुक्त वाममोर्चाले अन्याय र कलहबाट न्याय र सुलहतिर जाने बाटो खोज्न आयोजना गरेको एउटा कार्यक्रममा एमाले नेता के. पी. शर्मा ओलीले भने, "माओवादीले चुनाव हुन दिए भने प्रतिगमनलाई ठेगान लगाउन सकिन्छ ।" आफूले उठाएका अनेकओली एजेन्डाहरुले उचित मूल्य र स्थान नपाईकन माओवादीले चुनाव हुन किमार्थ दिँदैन । यो तथ्य यस मुलुकका उल्लुहरुलाई पनि थाहा छ । तैपनि ओली भन्छन्- "माओवादीले दिए भने.....।" इन्द्र भगवान्ले पानी पारिदिए भने, माओवादीले कृपा गरिदिए भने, 'नत्र'को खोक्रो ध्वाँस बुझेर नरेश ज्ञानेन्द्रका चित्तमा दया पलाइदियो भने...। भाग्यवादी एमालेका बतासे आसा, निरर्थक अपेक्षा र फोस्रा घुर्कीहरु यस्ता छन् । मार्क्सवाद 'भने', 'यदि' र 'नत्र'को मगन्ते झोली बोकेर हिँड्ने लम्पट दर्शन होइन । यो त जीवन संघर्षमा प्रस्ट विचार, मूर्त नीति र ठोस कार्यको झण्डा बोकेर जीवनको असहज परिस्थितिलाई सहज परिस्थितिमा फेर्न र प्रतिकूल अवस्थालाई अनुकूल अवस्थामा ढाल्न सचेत उद्योग गर्ने कर्मशील दर्शन हो । जब सत्ताको भऱ्याङमा उक्लिन पाइने लालसाले अमेरिकी ख्वामितहरुलाई प्रसन्न तुल्याउन बल्खु दरबारका भित्ताबाट मार्क्सहरुलाई लखेटियो, एमाले पूरापूर पराश्रयी र भाग्यवादी बन्न पुग्यो । त्यसैले ऊ अहिले 'भने', 'यदि' र 'नत्र'का निरर्थक सूत्रहरु जप्दै दिग्भ्रमको साँगुरो वृत्तमा फन्फनी घुमिरहेछ ।

# एमालेका 'भने', 'यदि' र 'नत्र'हरूको लुतो

**एमालेमा बौद्धिक सामर्थ्य र नैतिक बलसहितका बुद्धिजीवीहरुको भयावह अनिकाल छ । त्यहाँ बुद्धिजीवी हैन, धाइजीवीहरुको बगाल छ**

**खगेन्द्र संग्रौला**

दरबारको हठ, तिरस्कार र ताडना अति भयो । र, वाक्क भएका काङ्ग्रेस-प्रमुख कोइरालाले आफ्ना भातृ सङ्गठनका तरुणहरुलाई भने – अब सडकमा आफ्ना चित्तको आवाज खुलेर पोखे हुन्छ । जब पार्टी अनुशासनको बन्देज फुकुवा भयो, निसासिएका तरुणहरु जोशले हौसिए । र, तिनले मुक्त आवेगको चुचुरो टेकेर सडकमा आक्रोशको आगो ओकले । त्यो आगो सुनिने र बुझिने गरी दरबारतिर लक्षित थियो । दरबारतिर हेरेर काङ्ग्रेसी तरुणहरुले गगनभेदी नारा लगाउँदा एमालेका तरुणहरुको झुण्ड तर्सियो र त्यो अलग्गै तर्कियो । त्यसले आफ्ना पार्टी-बोसहरुको सम्झना गर्दै शान्त, शालीन र भद्र रुप धारण गऱ्यो, र सुस्त स्वरमा लुते नारा लगायो । त्यो लुतेपना उही 'भने', 'यदि' र 'नत्र'को नोकरशाही कोर्राद्वारा निर्देशित थियो ।

काङ्ग्रेसी तरुणहरुलाई जब राजद्रोहको मुद्दा लगाइयो, एमाले बोसहरु अवाक् भए । र, तिनले हत्तपत्त बैठक बसेर हात मल्दै भने – एमालेले संवैधानिक राजतन्त्र मरिगए छाड्ने छैन । यसो भनेर शिखरबासी एमालेहरुले सडकमा नारा लगाएको हाम्रा केटाहरुले होइन भनी दरबारमा बिन्ती चढाउन खोजे । सङ्केतमा यसको अर्थ काङ्ग्रेस गणतन्त्रतिर गएछ नै भने पनि म दरबारको तबेला छाड्ने छैन भन्नु हो । सडकमा निरङ्कुश राजतन्त्रविरुद्ध नारा घन्किएको थियो । त्यस नाराले संवैधानिक राजतन्त्रलाई निषेध गरेको थिएन । तैपनि घिच्रो तन्काएर सत्ताका सुस्वादु कुर्सी हेर्दै उच्च एमाले गणले ताबेदारी जाहेर गऱ्यो- प्रभु, सडकमा उत्तेजनाको आगो बाल्ने म होइन, ऊ हो । जनी गरेर आफ्नो र बिरानो छुट्याइपाऊँ सरकार !

लोभीलाई सधैँ लाभको आसा हुन्छ । र, भाग्यवादीलाई सधैँ ताबेदारीको तिर्सनाले सताउँछ । मलाई लाग्छ, एमालेमा भएको यही हो । नत्र साँगुरो वृत्तमा टाक्सिएर हाँसउठ्दो नाटकमा परिणत भएको आन्दोलनमा तरुणहरुको आँटिलो आवेगले ऊर्जा थप्न लाग्दा दरबारतिर फर्केर धनुषटङ्कार मुद्रामा यसरी जुम्लाहात गर्नु जरुरी नै थिएन । प्रभो ! भक्तको पवित्र भक्तिभावनाप्रति कदापि सन्देह नरहोस् । मुखले जे भने पनि मनको अन्तरले भन्न चाहेको कुरा यही न हो ।

एमालेको विशाल जम्बोरीमा दुई प्रकृतिका पात्रहरु देखिन्छन् । अधबैंसे कुममाथि बुढा टाउका भएका नेताहरु, र बुढा टाउकाहरुको नोकरशाही भारमुनि किचिएर तरुण कुममाथि बूढै टाउका भएका कार्यकर्ताहरु । जहाँ कर्मवादको ठाउँ भाग्यवादले लिन्छ, र जहाँ मार्क्सवादको ठाउँमा बोसवादको जगजगी हुन्छ, त्यहाँ जर्जर बुढाहरुको जङ्गल हुन्छ । एमाले त्यस्तै एउटा जङ्गल हो ।

एमालेको धेरैजसो ऊर्जा आन्तरिक गुटबन्दी र कलहमै निखिन्छ । त्यहाँ साना काँटीका युद्ध सर्दारहरु सधैँ जुधिरहेका देखिन्छन् । यो पद र पावरको जुधाइ हो । यो द्वेष र अहंकारको जुधाइ हो । जब कुनै दल उदात्त उद्देश्यबाट च्युत हुन्छ, र जब त्यसले शक्तिको श्रोत जनतामा नभई दरबारमा देख्न थाल्छ, त्यो झगडियाहरुको भीडमा फेरिन्छ । अनि गन्दे गनगन, तुच्छ आरोप-प्रत्यारोप, खुट्टा तानातान र चाकरीको मोर्चामा तँछाडमछाड त्यसको सुतीखेती बन्छ । र, यसरी दल बौद्धिक दृष्टिले जर्जर, नैतिक दृष्टिले खोक्रो र आचारगत दृष्टिले क्षयीकृत भई इतिहासको बाटै छेकिने गरी लम्पसार पर्नपुग्छ । एमालेको अस्तित्वको सार झण्डैझण्डै यस्तै छ ।

बिडम्बना त के भने एमालेमा बौद्धिक सामर्थ्य र नैतिक बलसहितका बुद्धिजीवीहरुको भयावह अनिकाल छ । त्यहाँ बुद्धिजीवी हैन, 'धाइजीवीहरु'को बगाल छ । के डाक्टर, के प्राध्यापक, के लेखक, के कलाकार प्रायः सबै नै 'धाइजीवीहरु'का प्रतिमूर्त्ति भएका छन् । तिनीहरु खूब धाउँछन् । पार्टी कार्यालयमा धाउँछन् । गुट केन्द्रहरुमा धाउँछन् । अधबैंसे कुममाथि बुढा टाउका भएका बोसहरुका निवास-निवासमा धाउँछन् । कोही चुक्ली लगाउन धाउँदा हुन् । कोही पार्टी पद हत्याउन धाउँदा हुन् । कोही भोलिको सरकारमा लाभदायक पद पाउने लोभले बोसहरुका चरणमा चिल्लो घस्न धाउँदा हुन् । यसरी त्यहाँ धाउनेहरुको लाम छ । बुद्धिजीवी बौद्धिक अनुसन्धान र मन्थन गर्दैन, खूब धाउँछ । चिन्तक जीवनका ज्वलन्त समस्याहरुबारे चिन्तन र लेखन गर्दैन, खूब धाउँछ । कवि समयको धड्कनबाट अनुभूति र अनुभव सञ्चय गरी कविताको रचना गर्दैन, खूब धाउँछ । डा.प्रा. नामको अगाडि जोडिएको डाप्राको जुरो सुहाउँदो काम गर्दैन, खूब धाउँछ । यसरी धाउँदा धाउनेहरुका बुद्धिमा धमिरा लाग्छन्, तिनको कल्पनाशीलता शुष्क हुन्छ, तिनको रचनाशीलतामा खिया लाग्छ र तिनको नैतिक निष्ठा चुरचुर हुन्छ । नतिजास्वरुप, अधबैंसे कुममाथि बुढा टाउका हुनेहरु र तरुण कुममाथि बुढा टाउका हुनेहरुलाई संघर्षको बाटो समातेर जनजनका घरदैलातिर जाने यात्रा लामो र कहालीलाग्दो लाग्छ, र दरबारतिरको यात्रा छोटो र सहज लाग्छ । एमालेमा दरबारपथतर्फको मरिमेटाइको कारण मेरो विचारमा यही नै हो । 'भने,' 'यदि' र 'नत्र'को भाग्यवादी पथको पथिक भई पुगिने ठाउँ आखिर दरबारै हो ।

एमालेमा लुतो सल्किएको छ । यो भाग्यवादको लुतो हो, गुटबन्दी र कलहको लुतो हो । यो भोगवाद र चाटुकारिताको लुतो हो । यो बौद्धिक ह्रास र नैतिक क्षयीकरणको लुतो हो । लुतो सल्किएको छ, र लुतो कन्याउन भ्याई नभ्याई भएको छ । र नै ऊ विचारमा मन्द, गतिमा सुस्त र आचारमा धूमिल देखिन्छ ।

*बस् एउटै कुरामा आनन्द छ*
*लुतो कन्याइरहनुमा ।*

एमालेको लुतोलाई लक्षित गरी लेखिएको यो कविताको रचनाकार को हो एमाले नेतृत्वलाई थाहा छैन । ऊ कविता पढ्दैन । पढ्दो हो त लुतो कन्याएर लुते आनन्दमा ऊ यसरी लिप्त हुने नै थिएन ।

❑❑

८ पेजको बाँकी

परिस्थितिको स्वविवेकीय प्रेरणाबाट परिवर्तनका निम्ति कहिल्यै अगाडि बढेको छैन । सामन्ती अभिजात वर्गको मनोविज्ञान नै यो होइन । आन्दोलनको बलियो प्रहारले मात्र राजतन्त्र सम्वाद र परिवर्तनका निम्ति तयार हुने गरेको इतिहास हो हाम्रो । राजतन्त्र त अहिले 'नाटक गर र भ्रम छर'को रणनीतिअन्तर्गत चलिरहेछ, जसबाट ऊ दलहरूलाई दिग्भ्रमित बनाउँदै आफूलाई बलियो बनाउन चाहन्छ । सत्य स्पष्ट छ- सहजै अधिकार दिनका निम्ति अधिकार कसैले खोसेर लिदैन । आँटेर खोसी लिएको अधिकार ठूलै संकट खडा नभई कसैले फिर्ता दिंदा पनि दिंदैन । उपलब्धिमूलक आन्दोलनबाट मात्र दरवारलाई परिणाममुखी सम्वादका निम्ति तयार गर्न सकिने छ । त्यस्तो संवादबाट मात्र परिवर्तन संभव हुनेछ ।

आन्दोलनलाई ठोस र उपलब्धिमूलक बनाउने सम्बन्धमा विदेशी दातृसंस्थाहरूको भूमिकाबारे पनि स्पष्टता आवश्यक छ । उनीहरूको विशेष जोड माओवादीविरूद्ध राजतन्त्रसँगको सहकार्यमा रहेको छ । त्यसैले प्रतिगमनविरोधी आन्दोलनलाई सशक्त बन्न नदिने रणनीति उनीहरूको शुरूदेखि नै रहँदै आएको छ । उनीहरू आन्दोलन त्यो विन्दुसम्म मात्र बढोस् भन्ने चाहन्छन्, जसले राजालाई दलहरूसँग सहकार्यका निम्ति तयार गरोस् । यसले संकट समाधान गर्ने छैन बरू यसलाई बल्झाउने छ । संकटको अन्त्यहीन श्रृंखला र डरलाग्दो अस्थिरता अमेरिका, भारतजस्ता मुलुकहरूको रणनीति देखिन्छ । नेपालको भूराजनैतिक सम्वेदशीलताका सन्दर्भमा अमेरिका, बेलायत र भारतजस्ता मुलुकहरूको रणनीतिलाई हेरिनुपर्दछ । आन्दोलनलाई सफल बनाउने हो भने आन्दोलनरत




*प्रदर्शनको क्रममा एकजना राजनीतिक कार्यकर्ता*

दलहरूले विदेशीहरूको प्रभाव र निर्णयका आधारमा निर्णायक र सशक्त आन्दोलनलाई मत्थर बनाउने प्रवृत्तिलाई परित्याग गर्नुपर्दछ ।

आन्दोलनलाई सफल बनाउन दलहरूले विगत बाह्र वर्षमा गरेका गम्भीर त्रुटिहरूको सार्वजनिक आत्मालोचना गर्नु पनि आवश्यक छ । यसले दलहरूप्रतिको जनविश्वासलाई बढाउने छ र आन्दोलनको गुरूत्व बढाउन धेरै ठूलो भूमिका निर्वाह गर्नेछ ।

आन्दोलनलाई सशक्त बनाउन देखिएको अर्को बाधक एमाले र कांग्रेसजस्ता ठूला दलहरूमा विद्यमान आन्तरिक खिचलो पनि हो । यसले पार्टीको शक्तिलाई एकीकृत गर्दै आन्दोलनलाई बलियो बनाउन समस्या खडा गरिरहेछ । त्यसैले आन्तरिक द्वन्दको व्यवस्थापन आन्दोलनको प्रभावकारिताको अर्को शर्त हो ।

माओवादीहरूको व्यवहार र गतिविधिले पनि आन्दोलनको विस्तारमा नकारात्मक असर पारिरहेको छ । अन्य दलहरूको गतिविधिलाई आफ्ना क्षेत्रहरूमा निषेध गर्ने व्यवहारले कतिपय ठाउँमा भण्डै भण्डै राजनैतिक शून्यताको स्थिति जन्मिएको छ र प्रतिगमनविरोधी आन्दोलनलाई गम्भीर असर पुऱ्याइरहेछ । माओवादीहरूले यतिबेला प्रतिगमनविरोधी आन्दोलनलाई केन्द्रीय महत्व दिनु जरूरी छ र त्यसैअनुरूप व्यवहार प्रदर्शन गर्नु आवश्यक छ । माओवादीहरूले हालै उठाइरहेका प्रमुख राजनैतिक मागहरू प्रतिगमनविरोधी राजनैतिक दलहरूसँग सहकार्य नगरी हासिल हुन संभव छैन भने प्रतिगमनविरोधी राजनैतिक दलहरूका प्रमुख मागहरू पनि माओवादीहरूसँग सहकार्य नगरी हासिल हुन संभव देखिंदैन ।

प्रतिगामी शक्तिले यस सत्यलाई बोध गर्दै दुवै शक्तिहरूका बीच सहकार्य हुन नदिनमा आफ्नो सम्पूर्ण बुद्धि-बर्कत खर्च गरिरहेछ, तर आन्दोलनकारी र माओवादी दुवैले त्यही अनुपातमा यस सत्यलाई बोध गरेको पाइएको छैन । अहिलेको आन्दोलन बृहत् र प्रभावकारी हुन नसक्नुको एउटा महत्वपूर्ण कारण हो यो ।

प्रतिगमनविरोधी आन्दोलनको सफलता यिनै त्रुटीहरूलाई सच्याउनुमा रहेको छ । दलहरूले जति चाँडो यस रूपमा आफूलाई प्रस्तुत गरेर अघि बढाउने छन् आन्दोलन ठोस उपलब्धि प्राप्त गर्ने दिशामा अघि बढ्ने छ । आजसम्म भएको आन्दोलनको कुनै उपलब्धि नै छैन, यस्तो निष्कर्ष निकाल्नु गलत हुनेछ तर कमजोरीहरूको मूल्यांकन गरेर मुलुकलाई सुस्पष्ट गन्तव्य प्रदान गर्नु पनि मुलुकप्रति जिम्मेवार दलहरूकै दायित्व हो, यसलाई पनि दलहरूले हृदयङ्गम गर्नु आवश्यक छ । अहिलेको आन्दोलनमा विद्यार्थी युवाहरू अघि अघि छन्, दलहरू र राजनीतिक नेतृत्व पछि पछि । वस्तुतः यो स्थिति उल्टिनुपर्छ, यो प्रतिगमनविरोधी आन्दोलन तब सफल हुनेछ, जब दलहरू सबै हिसाबले अघि अघि हुने छन् र अरू पछि पछि । ❑

## पाठकको कुरो ■

म 'मूल्यांकन' मासिकको नियमित पाठक हुँ । यस पत्रिकाको पूर्णाङ्क ११४ को पृष्ठ २७ को शब्दपरिचय शीर्षकमा Blue colour र White colour भन्ने उल्लेख भएको रहेछ, सो सही होइन । blue-collar / white-collar चाहिं सही हो भन्ने निवेदन गर्दछु ।

**- जे.वी. लुगेली मगर**
*उप-प्राध्यापक म. र. ब. क्याम्पस, इलाम*


*(त्रुटि औंल्याई दिनुभएकोमा धन्यवाद । कलर colour नभइकन collar नै हो, जसबाट घाँटीको पेटी वा कठालो भन्ने बुझिन्छ । -लेखक)*

म 'मूल्यांकन' मासिकको नियमित पाठक हुँ । यस मासिकमा छापिने वैचारिक, सैद्धान्तिक तथा ज्ञानबर्द्धक सामग्रीहरू पठनीय हुन्छन् । त्यसकारण यो पत्रिका मैले खोजी खोजी पढ्ने गरेको छु । सोही क्रममा २०६० मंसिर-पुसको अंक पनि पढ्न पाएं । यस अंकमा कृष्ण खनालको 'किन चाहियो संविधानसभा नै यति बेला ?' भन्ने शीर्षकको लेख समय सान्दर्भिक तथा उत्तम लाग्यो । वास्तवमा ०५९ असोज १८ गतेदेखि नेपाल अधिराज्यको संविधान २०४७ मृतप्रायः छ, जसले गर्दा मुलुक संविधानविहीन भएको छ । र, अहिले नयाँ संविधानको आवश्यकता टड्कारो खड्किएको छ । तर विडम्वना, यस्तो परिस्थितिमा पनि नेपाली कांग्रेस, एमालेलगायतका पार्टीहरूले संविधान संशोधन गर्नेजस्तो असान्दर्भिक प्रस्ताव अगाडि सार्दै आएका छन् । यसको बारेमा लेखक कृष्ण खनाल ज्यूले 'डेट एक्सपायर' भएको औषधिले रोग निदान गर्न खोजेकोजस्तो भइसकेको छ भनेर लेख्नुभएको छ, जुन पच्चीसै आना ठीक छ । त्यसैले मुलुकसामु उत्पन्न संकटको एकमात्र निकास दिन अहिले नै संविधानसभाको चुनाव गराएर नयाँ संविधान निर्माण गर्नु हो । यस लेखमा लेखकले पेश गरेका विचारहरू तर्कसंगत छन् ।

अनि यसै अंकमा खगेन्द्र संग्रौलाज्यूले लेख्नुभएको 'माओवादी यौनसंहिता एक प्रयास, एक ठट्टा' शीर्षकको लेख पनि पढें । उक्त लेख भने वास्तविकतालाई नबुझेर अरूले लेखेको लेखको आधारमा लेखिएको देखिन्छ । त्यसैले खगेन्द्र संग्रौलाजस्ता विद्वान व्यक्तिले वास्तविकतालाई बुझेर आफ्ना विचारहरू प्रस्तुत गर्दा राम्रो हुन्थ्यो कि ?

अन्त्यमा 'मूल्यांकन' मासिकले वैचारिक तथा बौद्धिक खुराकहरू पाठकहरूलाई पस्किराखोस् भन्दै यस मासिकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**- शिवप्रसाद चौधरी**
*बढालपुर- १ बर्दिया, हाल : कंचनपुर, कारागार ।*




तपाईं जहाँ भए पनि ... टुबोर्ग


मायोज़ ले ल्याउँछ
तपाईको जीवनमा नयाँ रंग
4 1 3 =10,00,000/-
(दश लाख)
5 3 7
2,50,000/-
6 7 8
1,00,000/-
8 1 0
10,000/-
8 7 9
1,000/-
mayos
Millionaire
OFFER
अब धेरै जना बन्नेछन् मायोज़ Millionaire
मायोज़को प्याकेटभित्र राखिएका छन्, 0 देखि ९ सम्मका नम्बर अंकित कुपनहरू । कुपनहरू मिलाई जित्नुहोस् - रू. १0,00,000/-(दश लाख) सम्मका नगद पुरस्कारहरू ।
साथै
Your Lucky Number 1
Your Lucky Number 2
Your Lucky Number 3 Noodles
Wonderful [1], Mayos [2] र Noodles [3]
लिखित कुपनहरू मिलाई नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ
सितैमा
Quality Product from
An ISO 9001:2000 Certified Co.
Avenues MMO/003
mayos
Instant Noodles
Wonderful Mayos Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ । पुरस्कार रकमको लागि नजिकको डिलरमा सम्पर्क गर्नुहोस् ।
पुरस्कार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहित हुने छ । कर सम्बन्धी दायित्व विजेताहरूमा निहित रहने छ ।